# वन तथा वातावरण तर्फको कार्यक्रम
# कार्यान्वयन कार्यविधि, २०७८

*मिति २०७८/०५/२३ को माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत*

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## पृष्ठभूमि

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न विनियोजन भएको बजेटको परिधि भित्र रहेर स्वीकृत वार्षिक कार्यक्रमहरु उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र डिभिजन वन कार्यालयहरुबाट सञ्चालन गरिने गरी तय भएका छन् । ती मध्ये राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम प्रभावकारी ढंगले सम्पादन भएमा त्यसबाट प्राप्त हुने प्रतिफल समेत गुणस्तरीय भई आशातीत उपलब्धि हासिल गर्न सकिन्छ ।कार्यक्रम प्रभावकारी ढंगले तोकिएको गुणस्तरमा सम्पादन गर्न कार्यक्रम सम्पादन गर्ने निकायहरु बिच एकै खालको कार्यक्रम सञ्चालन प्रक्रियामा साझा बुझाई रही सम्पादन हुनु पर्दछ ।अतः स्वीकृत कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन गरी अधिकतम उपलब्धि हाँसिल गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गर्ने निकाय/सेवा प्रदायकहरुलाई कार्यक्रम कार्यान्वयनमा सहजता र एकरुपताको लागि यो कार्यक्रम कार्यविधि तयार गरी जारी गरिएको छ ।

## कार्यविधिको तयारी मार्गदर्शन

यो कार्यविधि प्रचलित सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली, र बजेट कार्यान्वयन सँग सम्बन्धित संघीय सरकार र बागमती प्रदेश सरकारले जारी गरेका अन्य निर्देशिकाको हकमा सोही बमोजिम हुने अन्यथा यस कार्यविधि अनुसार गर्ने गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले वन तथा वातावरण तर्फको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ जारी गरेको छ ।

- कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्स, जिल्ला दररेट, आर्थिक ऐन, नियम बमोजिम कार्यान्वयन गर्नु पर्दछ ।
- अध्ययन, अनुसन्धान गरिने क्रियाकलापहरुका लागि सम्बन्धित विषय विशेषज्ञहरुको सहयोगमा कार्य क्षेत्रगत शर्त (Terms of Reference, TOR) र लागत अनुमान तयार गरी स्वीकृत गरी संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्नुपर्दछ ।
- यो कार्यविधिले नसमेटेको तर वन तथा भू संरक्षण विभागको स्वीकृत कार्यविधिमा उल्लेख भएका क्रियाकलापहरु सोही बमोजिम सञ्चालन गर्न सकिने छ ।
- क्रियाकलाप सञ्चालन गर्नु पर्दा प्रदेश र संघबाट जारी भएको कार्यविधिमा समेत उल्लेख नभएका क्रियाकलाप सञ्चालन गर्नु पर्दा कार्यविधि तयार पारी सम्बन्धित निकायबाट एक तह माथिको निकायबाट स्वीकृत गराई सञ्चालन गर्न सकिने छ ।

प्रदेश सचिव

विषय-सूची


१. सामुदायिक वन अध्ययन केन्द्र (भवन निर्माण) 11.1.2.87 ....................1

२. वहुमुल्य प्रजातीको साविकको विउ स्टयाण्डको व्यवस्थापन गरी बीउ संकलन र भण्डारण (कम्तीमा ०.५ हे.) ११.४.१७.२२५ ....................1

३. कबुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन (जीविकोपार्जन सुधार योजना समेत- मध्यवर्ती क्षेत्रमा समेत- एउटै क्लष्टरमा) ११.४.१७.२५४ ....................2

४. कबुलियती वन क्षेत्रभित्र फलफूल विरुवा खरिद तथा रोपण मध्यपहाडमा कलमी कागती/जुनार, हाइव्रिड अमला र भित्री मधेसमा-मध्यवर्ती क्षेत्रमा समेत कलमी लिचि/इमीली (एउटै क्लष्टरमा-५ प्रतिशत भन्दा कम छत्र घनत्व भएको क्षेत्रमा) ११.४.१७.५४२ ....................2

५. गत आ.व.मा सिन्धुली हरिहरपुर गढीको कबुलियती वनमा भएको वृक्षारोपण क्षेत्रको लागि हेरालु २.५.७.२५ ....................2

६. कबुलियती वनको लागि प्राविधिक सहयोग सेवा (वन प्राविधिक सहायक बाट) २.५.७.२६.......2

७. कबुलियती वनको लागि सामाजिक परिचालन सुपरिवेक्षण (डिभिजन सुपर्भाइजरबाट) २.५.७.२७3

८. कबुलियती वनको लागि कोष परिचालन सुपरिवेक्षण (वित्त सहायकबाट) २.५.७.४२ ....................4

९. कबुलियती वनको नियमित बैठक तथा पोष्ट फरमेसन लागि सामाजिक परिचालन सेवा ( समूह परिचालनको अनुदान सहयोग-प्रति जिल्ला ८ जना, कार्य सम्पादनको आधारमा मासिक प्रगति प्रतिवेदन अनुसार) २.५.७.२८ ....................4

१०. सम्वन्धित सवडिभिजन मार्फत कवुलियती वनमा बिउ उत्पादनका लागि घाँस/डालेघास संरक्षण तथा व्यवस्थापन ११.४.१७.५३७ ....................5

११. कवुलियती वन सदस्यहरुको करेसाबारीमा तरकारिको विउविजन वितरण कार्यक्रम (200 घरधुरीलाई) ११.४.१७.५३८ ....................5

१२. कबुलियती वनको उपभोक्ता किसानको निजी जग्गामा कम्तिमा २ बर्षे फलफूल बिरुवा खरिद तथा वितरण-मध्यवर्ती क्षेत्रमा समेत(प्रति घरधुरी ५ वटा वितरण गर्ने) ११.४.१७.५४१ ....................5

१३. कवुलियती वनमा फलफुल(कागती वा जुनार मध्ये कुनै एक)वृक्षारोपण कार्यक्रम दुईवटा क्लष्टरका २० समुह ११.४.१७.५३५ ....................5

१४. उत्कृष्ट नीजि वन पुरस्कार १ जनालाइ प्रदेशस्तरीय २.७.२५.१२२ ....................6

१५. शहरी पार्क, पिकनिक स्पट, बसपार्क तथा राजमार्गका किनारमा फोहोर संकलन गर्ने बाँसको डोको राख्न फलामको गार्ड निर्माण र स्थापना २.७.२५.१२४ ....................6


प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश मकवानपुर, नेपाल

प्रदेश सचिव

१६.  शहरी पार्क, पिकनिक  स्पट, वसपार्क तथा  राजमार्गका  किनारको फोहर संकलन गर्न बाँसको  डोको  वितरण २.७.२५.१२५ ....6

१७.  प्रदुषण नियन्त्रण, वातावरण संरक्षण तथा वातावरणीय प्रतिवेदन कार्यान्वयन स्थलगत अनुगमन तथा नियमन....6

१८.  प्रदेश मन्त्रालय र स्थानीय तहद्वारा स्वीकृत गरिएका वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन अवस्थाको अनुगमन तथा मन्त्रालयमा प्रतिवेदन पेश २.७.२५.१९६....7

१९.  नदि जन्य पदार्थमा  आधारित उद्योगको  वातावरणीय अध्ययन  प्रतिवेदनको  अनुगमन तथा प्रतिवेदन तयारी २.७.२५.२४७....7

२०.  भोटे कोशी, सुन  कोशी, तामा कोशी, त्रिशुली, रासि र  इन्द्रावति नदि  जलासयहरुमा जलचर संरक्षणका लागि  नदि सरसफाइ तथा  जनचेतना मूलक  प्रचार प्रसार २.७.२५.२५७....7

२१.  स्थानिय तह र  प्रदेश सरकारको  सहकार्यमा सडक  आसपासका  क्षेत्रमा  प्लास्टिक लगायतका फोहर  सरसफाइ तथा  व्यवस्थापन  क्याम्पियन(पूर्व  पश्चिम राजमार्ग,  अरनिको राजमार्ग, पृथ्वी राजमार्ग, हुमाने भैसे सडक  खण्ड) २.७.२५.२५८....7

२२.  कबुलियती वन उत्कृष्ठ समूह पुरस्कार (उत्कृष्ट १ समूहलाई मात्र) २.७.२५.१०५....8

२३.  गत आ.व. मा खरिद भएका तथा पुराना वन्यजन्तु उद्धारका लागि सामाग्री मर्मत (नेट, portable केज, आदी ) २.७.२५.२४६....8

२४.  मकवानपुरको सुन्दर सा.व. हेटौडा-1 देखि बागमति गा.पा. सम्म सालकको बासस्थान अध्ययन तथा कार्ययोजना तयार ११.५.४०.१५५....8

२५.  विश्वकै दुर्लभ नेपालको वागमति प्रदेशको मकवानपुर जिल्लामा मात्र पाइने Lizard को अवस्था बारे अध्ययन ११.५.४०.१४३....8

२६.  चितवनको राजमार्गमा वन्यजन्तुको लागि ओभर पासका लागि  डि.पी.आर. तयारी ११.५.४०.१५४....9

२७.  मानव वन्यजन्तु द्वन्द न्युनिकरणका लागि खगेरी नहर र कपरखोरी मा.वि. बिचमा मेस जाली सहितको घेरबार निर्माण ११.४.२२.८२६....9

२८.  सामुदायिक वन क्षेत्र भित्र स्थानीयतहको समन्वयमा हानीकारक वन्यजन्तु पहिचान गरी आहार व्यवस्थापनको लागि वृक्षारोपण  (धादिङ,रसुवा,नुवाकोट,सिंधुपाल्चोक,दोलखा,रामेछाप) ११.४.१७.५५८....9

२९.  वन्यजन्तु उद्दारको लागि ऱ्यापिड रेस्पोन्स टिम परिचालन २.७.२५.१०७....9

३०.  Wall Stone Street Site मा वन वन्यजन्तुको जनचेतनामुलक पेन्टिङ (सब-डिभिजन मार्फत) २.७.२५.१११....10

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश, नेपाल

प्रदेश सचिव

३१.  टयाक्टर/ट्रक/वसड्राइभरहरुलाइ वन अपराध सम्बन्धी सचेतना कार्यक्रम (ट्राफिक प्रहरी र व्यावसायी संघको सहकार्यमा डिभिजन वन कार्यालय मार्फत) २.६.६.४२ ........................................10

३२.  WCCB ब्यूरो बैठक सञ्चालन २.७.२५.११२........................................................................10

३३.  ब्रम्हस्थानी मध्यवर्ती सामुदायिक रासी १ चितवनमा रहेको डुम्री घोल क्षेत्रमा मचानघर निर्माण ११.४.२२.२२१ ........................................................................................................11

३४.  घाईते जनावर (वन्यजन्तु) उद्धारको लागि प्राकृति वन क्षेत्रमा वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा व्यवस्थापन सुरदेवी सामुदायिक वन, रासी १ चितवन ११.४.२२.५५० ................................11

३५.  भिमफेदी स्थित हात्तीसार संग्रालय व्यवस्थापन कार्यक्रम.......................................................11

क) भिमफेदी स्थित हात्तीसार संग्राहालयमा गार्डेनिङ्ग ११.४.१७.२२६ .........................................11

ख) भिमफेदीस्थित हात्तीसार संग्राहालय भवनको मर्मत सम्भार ११.१.३.४ ...............................11

ग) भिमफेदी स्थित हात्तीसार संग्राहालयको मुख्य प्रवेशद्वार निर्माण टिकट घर सहित ११.१.२.३६ ........................................................................................................12

घ) भिमफेदी स्थित हात्तीसार संग्राहालय सञ्चालन खर्च २.७.२५.७७..............................................12

ङ) भिमफेदी स्थित हात्तीसार संग्राहालयको लागि चौकिदार र माली २.५.७.२३........................12

३६.  विशेषज्ञ भेटेनरी डाक्टरको पारिश्रमिक मकवानपुर र काठमाडौ २.५.२.२१(अधिकृतस्तर)...12

३७.  मानव वन्यजन्तु द्धन्द्ध न्यूनीकरणको लागि पहाडी क्षेत्रको व्यावसायिक फलफूल खेती निजी जग्गामा तारबार/घेरवार ११.४.१७.३१५..........................................................................12

३८.  रेडपाण्डा संरक्षण कार्यक्रम (कार्ययोजनामा उल्लेख भए बमोजिमको क्रियाकलाप सञ्चालन गर्ने) २.७.२५.१०६ ........................................................................................................13

३९.  वन्यजन्तुको औषधी तथा आहार खर्च २.७.२५.११०........................................................13

४०.  बरामदी वन पैदावार तथा मालबस्तुको ढुवानी खर्च (डिभिजनस्तर) २.७.२५.७९ ...............13

४१.  हरेक सब डिभिजनमा वन वन्यजन्तु संरक्षणका लागि  अधिकृत सहितको कर्मचारी टोलीको गस्ती परिचालन खर्च (सब-डिभिजन मार्फत) १२ महिना  २.७.२५.२२४ ...................................13

४२.  वन्यजन्तु तथा वनस्पतिको राष्ट्रिय प्रकृती संरक्षण कोष मार्फत DNA Test मेसिन खरिद तथा installtion ११.३.११.६...........................................................................................14

४३.  गैरकाष्ठ वन पैदावार तथा जडिबुटी व्यापार प्रवर्धन तथा मूल्य अभिवृद्धिका लागि संकलक/उत्पादक र व्यवसायी बिच अन्तरक्रिया कार्यक्रम  २.६.६.४४ ........................................14

४४.  सब– डिभिजनको सहजिकरणमा स्थानिय तह र समुदायद्धारा व्यवस्थित वन समुहहरुको सहभागितामा सबडिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी (पुष मसान्त भित्र) २.६.६.५४....................15

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ... प्रदेश ... नेपाल

प्रदेश सचिव

४५. सम्बन्धित सब-डिभिजनका लागि वन व्यवस्थापन तथा काठ दाउरा सङ्कलन क्षेत्रमा नियमित अनुगमन निरीक्षण खर्च (छपान, घाटगद्धी, लगत तयारी आदि-वनरक्षक देखी अधिकृतस्तर सम्म) २.८.१.२८ ....15

४६. वन तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस तथा समारोह २.७.२७.४२ 15

४७. अनुसन्धान अधिकृतका लागि मुद्धा/तहकिकात तथा दायरी खर्च (प्रतिमुद्धा बढिमा रु ६ हजार) २.७.५.४८ ....16

४८. रेडियो मार्फत वन तथा वन्यजन्तु संरक्षण/व्यवस्थापन सूचना प्रवाह ( डिभिजनस्तर ) २.७.२५.८१ ....16

४९. वन तथा वन्यजन्तु संरक्षण र अतिक्रमण नियन्त्रणको लागि डिवकाबाट गस्ती परिचालन (गौडा गस्ती/Jungle Camping समेत) २.७.२५.८४ ....16

५०. सामुदायिक वनमा फलफुल विरुवा खरिद रतथा तारबार सहित रोपण (उपसमुह बनाई कबुलियतनामा गरी कम्तिमा ५ हेक्टर) ११.४.१७.२४३ ....17

५१. पार्क, उद्यान, पर्यापर्यटन तथा स्थानीय पर्यटन पुर्वाधार विकास/निर्माण ....17

५२. तालिम/गोष्ठी/बैठक/जनचेतनामुलक कार्यक्रम ....19

५३. सम्बन्धित सब-डिभिजन वन कार्यालयले वैज्ञानिक वनको कार्ययोजना कार्यान्वयनमा स्थानीय तह, पत्रकार, नागरिक समाजका लागि सचेतना सहजिकरण कार्यक्रम (वैज्ञानिक वन व्यवस्थापन लागू भएका सबै समूहमा) २.६.६.४१ ....19

५४. चौमासिक वन सुरक्षा बैठक तथा समन्वय बैठक १.२.४.६ ....19

५५. जिल्ला वन क्षेत्र समन्वय समिति र सरोकारवालाको सहभागितामा डिभिजन स्तरिय वार्षिक प्रगति समिक्षा गोष्ठी २.६.६.३४ ....20

५६. डिभिजन स्तरिय योजना तर्जुमा गोष्ठी (माघ महिना भित्र ) २.६.६.५५ ....20

५७. लोपोन्मुख वन्यजन्तु तथा दुर्लभ वनस्पतीहरुको संरक्षणका लागि कानूनी व्यवस्था सहितको संरक्षण मुलक leaflet,pumplet,brochure तयारी र प्रकाशन २.७.२५.२११ ....21

५८. सब-डिभिजनस्तरमा अपराध नियन्त्रण कार्यक्रम सञ्चालनको लागि सचेतना गोष्ठी (सम्बन्धित सब- डिभिजन मार्फत, पुष- माघ र बैशाख-जेठमा) २.६.६.३१ ....21

५९. जिल्ला वन क्षेत्र समन्वय समिति र सरोकारवालाको सहभागितामा डिभिजनस्तरिय कार्यक्रम समन्वय बैठक २.६.६.३२ ....21

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश हेटौंडा मकवानपुर, नेपाल

प्रदेश सचिव

६०. बागमती प्रदेश अन्तर्गत जँगल भन्दा वाहिरको वनको अवस्था (Tree outside forest) अध्ययन (बागमती प्रदेश भरी) ११.५.४०.१४६ ....22

६१. नेपाल वन प्राविधिक संघ को सहकार्यमा वागमती प्रदेशमा वनको किसिम, भुगोल, वन व्यवस्थापनको उद्देश्य, श्रोतको अवस्था अध्ययन, प्रदेश स्तरिय वन संवर्द्धन प्रणालि छनौट र पहिचान ११.५.३०.३० ....22

६२. तालिम आवश्यकता पहिचान २.७.२५.२३९....22

६३. वन पैदावार विक्रिवितरण संरचना निर्माण तथा संचालन २.७.२५.२४०....22

६४. वन पैदावार विक्रिवितरण सम्वन्धि विद्युतिय वोलपत्र प्रणालिको software निर्माण तथा स्थापना 11.6.3.8 ....23

६५. प्रविधियुक्त प्रदेशस्तरीय नर्सरी मर्मत संभार ११.४.१७.५४७....23

६६. सल्लाको वनलाई चौडापाते वनमा रुपान्तरण गर्ने सम्बन्धी अनुसन्धन प्लट स्थापना र अध्ययन (Experimental Design सहित) ११.४.१७.५५३....23

६७. तालिम तथा अनुसन्धान कार्यको लागि मेसिन/उपकरण खरिद....24

६८. अनुगमन तथा मूल्याङ्कन तथा प्रतिवेदन तयारी खर्च....24

६९. सामुदायिक वनमा फलफुल विरुवा रोपण क्षेत्रमा हेरालु (असार महिनाको लागि- उपसमूह बनाई कबुलियतनामा गरी- कम्तिमा ५ हेक्टर एकै स्थानमा वा २००० वटा विरुवा वृक्षारोपणको लागि) २.५.७.४३....25

७०. तालिम मार्गदर्शन (manual) निर्माण २.७.२५.२३८....25

७१. आ.व. २०७७/०७८ मा खरिद सम्झौता भएको वि.पी. कोईरालासंग सम्बन्धित २००७ साल देखि काठमाण्डौं, बनारस, पटना, विराटनगर लगायत स्थानहरुको डकुमेन्ट्री तयारी कार्य सम्पन्न गर्ने २.७.२५.२४८....26

७२. वार्षिक रुपमा गरिने सवै कार्यक्रमको स्टाफ वैटकवाट वाँडफाँट कार्यदिश र क्यालेण्डर निर्माण गरी निर्देशनालय मार्फत मन्त्रालयमा पेश गर्ने (२०७8 साउन १५ गते भित्र) २.७.२५.२१२ 26

७३. वन तथा वातावरण तर्फको वार्षिक तथा चौमासिक प्रगति समिक्षा गोष्ठी (वन निर्देशनालयस्तर) २.६.६.३५ ....26

७४. अघिल्लो आ.व. को प्रदेश वन क्षेत्रको वार्षिक प्रगती तथा वस्तुस्थिति सहितको "बागमती वन दर्पण" पुस्तिका प्रकाशन (दोस्रो चौमासिकभित्र) २.७.२५.२३७....27

७५. वन तथा वातावरण तर्फ को वार्षिक योजना तर्जूमा गोष्ठी (निर्देशनालयस्तर) २.६.६.३६ ....28


उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश सरकार बागमती प्रदेश नेपाल

प्रदेश सचिव

७६. डिभिजन वन कार्यालयबाट अनुगमन तथा मूल्याङ्कन तथा प्रतिवेदन तयारी खर्च २.८.१.२५ .28

७७. नदी उकास जग्गामा खनजोत गरी बिऊ छर्ने (मरिण, भिमान, दुधौली, कमलामाई, रासी, ईन्द्रावती, तामाकोशी, सुनकोशी, बागमती) ११.४.१७.२२७ ........28

७८. सब-डिभिजनमा विद्यार्थी ईको क्लब सञ्चालन (पुरानो ईको क्लब सञ्चालन समेत प्रति मा.वि. रु १० हजारको दरले) २.७.२५.८० ........29

७९. डिभिजन वन कार्यालयको अघिल्लो आ.व.को वार्षिक प्रगती पुस्तिका प्रकाशन (समग्र वन क्षेत्रको वस्तुस्थिती झल्कने गरी) २.७.२५.२३५ ........29

८०. बराण्डाभार संरक्षित वन व्यवस्थापन कार्यक्रम........30

क) बरण्डाभार क्षेत्रभित्र ढलापढा, सुख्खडखडा काठ दाउरा सङ्कलन (जिल्ला दर रेट अनुसार - संकलन खर्च प्रदेश सरकारलाई सोध भर्ना हुने गरी) २.७.२५.२१७........30

८१. सबै डिवकाबाट गत आ.व.मा भएको र यस आ.व. मा हुने प्लट वृक्षारोपणको चौमासिक अनुगमन, प्रतिवेदन तयारी र प्रकाशन, राय सहित मन्त्रालयमा पेश गर्ने २.७.२५.२३६........31

८२. प्रविधियुक्त प्रदेशस्तरीय नर्सरीमा विरुवा उत्पादन (३० हजार विरुवा, सांस्कृतिक तथा आयूर्वेदिक बिरुवा अश्वगन्धा, गुर्जो, बेल, रुद्राक्ष, श्रीखण्ड आदी) ११.४.१७.५५४........31

८३. प्रविधियुक्त प्रदेशस्तरीय नर्सरीमा नर्सरी नाईकेको पारिश्रमिक (वार्षिक रुपमा) २.५.७.२४....31

८४. चुरे तथा मध्य पहाडमा हैसियत बिग्रेको जमिन पुनर्उत्थानको लागि अध्ययन तथा अनुसन्धान प्लट स्थापना (प्लटमा तारबार, बिरुवा खरिद तथा रोपण आदि) ११.४.१७.२३८........31

८५. गत आ.व.मा निजि तथा सा.व.मा मोसो बाँसको अध्ययन तथा अनुसन्धानको लागि स्थापना भएको प्लट ११.४.१७.५४८........32

८६. अतिक्रमण हुनसक्ने संवेदनशील वन क्षेत्रमा वनक्षेत्रको जग्गा छुटयाई फलफूल वृक्षारोपण हेज निर्माण प्रति कि.मि. कम्तिमा ५०० बिरुवा (ईमिली, हाईब्रिड अमला/बयर/जामुन/ओखर/ पिकानट/मेकाडानिया) ११.४.१७.२४७........32

८७. चितवन र मनहरी क्षेत्रमा माइकेनिया झार व्यवस्थापन गरी वायो ब्रिकेट उत्पादनमा सहयोग कार्यक्रम ११.३.२२.१८........33

८८. केन्द्रिय नर्सरी स्थापना/ मर्मत (उत्पादन क्षमता कम्तिमा २५ हजार, तोकिएको मापदण्ड अनुसार) ११.४.१७.२७४........33

८९. केन्द्रिय तथा हाईटेक नर्सरीमा गत आ.व.मा उत्पादन भएका बहुवर्षीय बिरुवाहरुको संरक्षण ११.४.१७.२७७........34

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सचिव

९०. केन्द्रिय तथा हाईटेक नर्सरी संचालनका लागि वार्षिक रुपमा तालिम प्राप्त नर्सरी नाईकेको पारिश्रमिक २.५.७.३३ ....................34

९१. नदि जलासयहरुमा जलचर संरक्षणका लागि पानीको गुणस्तर चेकचाँज २.७.२५.२०२ 34

९२. चित्तल संरक्षणका लागि वन विज्ञान अध्ययन संस्थान हेटौडामा प्लाष्टिकजन्य फोहोर सरसफाई कार्यक्रम २.७.२५.२०३ ....................34

९३. आगलागि नियन्त्रणको लागि वन दस्ता टोलि छनौट र नियुक्ति २.७.२५.२०५ ....................34

९४. वन दस्ता टोलिको लागि फिल्ड गियर (ज्याकेट, हेल्मेट, जुत्ता ज्याकेटमा प्रस्टसंग डि.ब.का.को नाम प्रिन्ट गर्ने) २.७.२५.२०६ ....................35

९५. वन दस्ता टोलिलाई आगलागी नियन्त्रण गर्न जाँदा खाजा र पानी खर्च १४५ जनालाई ३० दिन सम्मको २.७.२५.२०७....................35

९६. आगलागि नियन्त्रणका लागि कार्यबिधिमा लेखिएको सामाग्री सेट खरिद तथा डि.व.का.हरुलाई हस्तान्तरण(भक्तपुर रसुवा रामेछापलाई एक सेट र बाकी डि.व.का.हरुलाई तिन सेट) २.७.२५.२०८ ....................35

९७. वातावरण संरक्षण तथा सरसफाईका लागि यूवा विद्यार्थि, महिला समूह, आमा समूह, वन समूह लगायतलाई समावेश गरी स्वयम् सेवक परिचालन २.७.२५.२०९ ....................35

९८. जैविक विविधता सुचना केन्द्र टिकौलीको हेरचाह तथा सुरक्षाको लागि चौकिदार (व्यक्ति परामर्श) २.५.७.३७ ....................36

९९. विद्यालयको जग्गामा वृक्षारोपणको लागि फलफूल बिरुवा खरिद गरी वृक्षारोपण प्रति विद्यालय कम्तीमा १०० गोटा हुने गरी ११.४.१७.२८३ ....................36

१००. हेटौंडा उपमहानगरपालीका ८ र १५ को क्षतिग्रस्त भुमी पुनरोत्थान कार्यक्रम वन तथा वतावरण संरक्षण निर्माण ११.४.१७.५९३....................36

१०१. ८४. २.७.२५.२०२ नदि जलाशयहरुमा जलचर संरक्षणको लागि पानीको गुणस्तर चेकजाँच (अन्य) 37

१०२. आगलागी नियन्त्रणका लागि कार्यविधिमा लेखिएको सामग्री सेट खरिद तथा डि.व.का.हरुलाई हस्तान्तरण (भक्तपुर रसुवा रामेछापलाई एक सेट र बाँकी डि.व.का.हरु लाई ३ सेट) २.७.२५.२०८ 37

१०३. निर्देशनालयबाट तारवार सहितको वृक्षारोपण मोडल (एकै स्थान वा एक भन्दा बढि स्थान) (वन तथा वातावरण संरक्षण निर्माण) ११.४.१७.५९४ ....................37

१०४. जलवायू परिवर्तन सम्बन्धी विधार्थी सचेतना कार्यक्रम ११.४.१७.५९५....................37

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश हेटौडा, मकवानपुर, नेपाल

प्रदेश सचिव

१०५. विद्यार्थीहरुको सहकार्यमा आर्बोरेटम व्यवस्थापन ११.४.१७.५९६ ....................................37
१०६. खहरेखोला नियन्त्रण बुढानिलकण्ठ-९ सिरडी कोलोनी ११.४.२२.२९८ ............................38
१०७. पानी अभाव क्षेत्रमा rain water harvesting का लागि संरचना निर्माण ११.४.२२.५५३/११.४.२२.२९९ ....................................38
१०८. काठमाणंडौ उपत्यकाको धुवा चेकजाँचका लागि मेशिन खरिद ११.३.२२.४१ ............38
१०९. नेपाल वन प्राविधिक संघको सहकार्यमा Fire vulnarable area Identification र Map preparation ११.५.४०.१३७........................................38
११०. महाभारत र सो भन्दा उत्तरी क्षेत्र/उपल्लो चुरेको खहरे तथा खोला किनारमा एकै स्थानमा) वास बिरुवा खरिद गरी रोपण(२ वर्षे कटिङ्ग)....................................39
१११. सडक किनारा हरीयाली कार्यक्रम (सडक स्वामित्व भएको निकायको सहकार्यमा ) (५ फीट भन्दा अग्लो बहुवर्षीय बिरुवा खरिद, ढुवानी र रोपण सहित) ११.४.१७.५२१ .............39
११२. स्थानीय तहको सहकार्यमा नदी उकास जग्गामा वृक्षारोपण ११.४.१७.५२७..............40
११३. स्थानीय तह र प्रदेश सरकारको ५० / ५० प्रतिशत लागत साझेदारी तथा सम्बन्धित सब डिभिजनको प्राबिधिक सहयोगमा एक स्थानिय तह एक नर्सरी संचालन तथा विरुवा उत्पादन(नयाँ नर्सरी निर्माण, नर्सरी नाइके, विरुवा उत्पादनका लागि चाहिने सामाग्री)(स्थानिय तहको ईच्छाएको र वन प्राविधिको सिफारिस बमोजिमको प्रजाति मात्र)(२०००० गोटा) ११.४.१७.५२८..........................................40
११४. पानी मुहान संरक्षण ११.४.१७.५२९ ...............................................41
११५. केन्द्रिय तथा हाईटेक नर्सरीमा बहुवर्षीय विरुवा उत्पादन,(२०० गेजको कम्तिमा ४*७ इन्ज साइजको पोली थैलामा अर्नामेन्टल र फलफूल प्रजाति )११.४.१७.५२२.......................41
११६. हाईटेक नर्सरी निर्माण/स्थापना (मकवानपुर र काठमाडौं) ११.४.१७.५२३...................42
११७. हाईटेक नर्सरी सञ्चालनको लागि विगत आ.व.मा मन्त्रालयबाट छनौट गरिएको वन प्राविधिक (निरन्तर) २.५.७.४५ .............................................42
११८. गत आ.व.मा तयार भएको महत्वपूर्ण प्रजाति(अर्नामेन्टल र फलफूल) का बहुबर्षिय विरुवा ६ ईन्च *८ ईन्च देखि ८ ईन्च *१० ईन्च साईज तथा १०० गेजको थैलामा सार्ने र हुर्काउने कार्य (पोलि थिन थैला वा बोरामा ठूलो विरुवाका लागि चाहिने आवश्यक माटो मिश्रण/मेडिया अनिवार्य रुपमा तयार गरी ) ११.४.१७.५१९ ...............................42
११९. जलवायू परिवर्तनको असर न्यूनीकरण र अनुकुलनको लागि रामेछाप जिल्लाको सुख्खा क्षेत्रमा तारबार सहितको वृक्षारोपण ११.४.१७.२६७ ..........................................43

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश ... नेपाल

प्रदेश सचिव

१२०. जलवायू परिवर्तनको असर न्यूनीकरण र अनुकुलनको लागि रामेछाप जिल्लाको सुख्खा क्षेत्रमा तारबार सहितको वृक्षारोपण क्षेत्रमा हेरालु २.५.७.३१ ........ 43

१२१. शहरी वृक्षारोपण संरक्षणको लागि हेरालु २.५.७.३२ ........ 43

१२२. जलवायू परिवर्तन अनुकुलनको लागि क्षतिग्रस्त भूमि पूर्नउत्थान कार्यक्रम ११.४.१७.२७३43

१२३. ग्रामिण सडक किनारा हरीयाली कार्यक्रम (स्थानीय तहको सहकार्यमा)११.४.१७.२६९ 44

१२४. आगलागि नियन्त्रणका लागि वाटर पम्प र ट्याङ्की सहितको Pyro gun खरिद तथा काठमाण्डौ मकवानपुर सिन्धुली चितवन काभ्रेपलान्चोक डि.व.का.हरुलाइ हस्तान्तरण ११.३.२२.४२ ........ 45

१२५. बि.पि. संग्रहालयको गार्डेनिङ्ग तथा हरियाली प्रवर्द्धन ११.४.१७.५३३ ........ 45

१२६. संवेदनशील जलाधार क्षेत्रको निजी जग्गाको भू उत्पादकत्व बढाउन फलफूल बिरुवा खरिद र वितरण (कार्यविधिमा तोकिएको प्रजाति मात्र) ११.४.१७.२७२ ........ 45

१२७. सवारी साधनको आक्समिक चेक जाँचका लागि मेशिन खरिद ११.३.२२.४० ........ 46

१२८. सवारी साधनको आकस्मिक चेकजाँच २.७.२१.२४ ........ 46

१२९. स्थानीय तहको सहकार्यमा वनको पत्कर लगायतका फोहोर प्रशोधन प्लाण्ट स्थापना र सञ्चालन ११.३.२२.१४ ........ 46

१३०. वन क्षेत्रभित्र पर्ने विद्युतिय हाईटेन्सन लाईन मुनीको खाली जग्गामा फलफूल रोपण कार्यक्रम निर्माण प्रति कि.मि. कम्तिमा ५०० बिरुवा (ईमिली, हाईब्रिड अमला /बयर / कागती /ओखर /पिकानट /मेकाडानिया) ११.४.१७.२४८ ........ 46

१३१. डिभिजन वन कार्यालयको कार्यक्षेत्रको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना तयारी तथा स्वीकृति (वातावरणीय अध्ययन समेत) ११.५.४०.८५ ........ 47

१३२. स्थानीय तहको सहकार्यमा चेपाङ्ग समूदायबाट उत्पादित चिउरीको बियाँ प्रशोधन गर्ने मेसिन सहयोग ११.३.२२.१० ........ 47

१३३. तालिम Data Base सम्बन्धी Software अपडेट ११.६.३.४ ........ 48

१३४. सब-डिभिजन वन कार्यालयको सहकार्यमा विगतमा TISC बाट सञ्चालित seed stand र BSO को व्यवस्थापनगरी बिऊ सङ्कलन (माने डाँडा सा.व. काभ्रेओखर, कुमरोज १ र ९ चितवन सिमल, रासी हेटौंडा मकवानपुर सिसौ, स्याउले ९ सिन्धुपाल्चोक लप्सी, चतुर्मुखी सा.व. खयर, ठिंगन मकवानपुर चिउरी, चित्लाङ्ग ८-मार्खु ७ ओखर, जुटपानी ९ चितवन सतिसाल, कुम्पुर ३ मझिमटार टाँकी) ११.४.१७.२३९ ........ 48

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश सरकार बागमती प्रदेश हेटौंडा मकवानपुर नेपाल

प्रदेश सचिव

१३५. नियमावली, निर्देशिका तथा कार्यविधि तयारी........49
१३६. क्यालेन्डर छपाई २.७.२५.९८........49
१३७. फिल्डमा कार्य सञ्चालनको क्रममा हुन सक्ने तत्काल उद्धार र प्राथमिक उपचार कार्यक्रम २.९.७.५........50
१३८. सामुदायिक वन उपभोक्ता महासंघ र नेपाल वन प्राविधिक संघ को सहकार्यमा सामुदायिक वन दिवस को अवसरमा प्रदेशस्तरिय प्रथम कार्यशाला गोष्ठि २.६.६.५७........50
१३९. FECOFUN Nepal को सहकार्यमा वागमति प्रदेशमा सामुदायिक वन उपभोक्ता समुहमा सुशासन अभिवृद्धिको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम (आर्थिक कारोवार, काठदाउरा विक्रि वितरण तथा लाभांस बाँडफाँड र सामाजिक समावेशिकरणमा केन्द्रित रहि) २.६.६.५८........50
१४०. प्रदेशस्तरी उत्कृष्ट सामुदायिक वन पुरस्कार वितरण (उत्कृष्ट १ समूहलाई मात्र) २.७.२५.२१६........50
१४१. उद्योग तथा अस्पताल वरीपरी फोहोर जलाउने बारे सुचना दिनेलाई पुरस्कार २.७.२१.२५51
१४२. सव डिभिजन स्तरमा थिनिङ गर्नुपर्ने सामुदायिक वन पहिचान,mapping Inventory तथा थिनिङ scheme तयारी ११.४.१७.५३४........51
१४३. थिनिङ scheme तयार भएको सामुदायिक वनमा कार्ययोजना संशोधन सहित थिनिङ प्रवर्द्धन कार्यक्रम ११.४.१७.५३९........51
१४४. सम्बन्धित सडक आयोजनाको साझेदारीमा हुमाने देखि दक्षिणका लिसम्मको सडकको किनाराको आसपासमा रहेको वनक्षेत्रमा फूल,नासपाती र ग्राफ्टेड लप्सी रोपण ११.४.१७.५५५....51
१४५. विगतमा वृक्षारोपण भएको सामुदायिक तथा अन्य वनमा थिनीङ्ग तथा सुधार कटान/ रोटेसनल फेलिङ्ग कार्यक्रम (समुह तथा सरकारको संयुक्त योगदान) TSI बनाएर सा.व.मा Thinning Guideline अनुसार कार्ययोजना बनाएर (संकलन खर्च काठदाउरा बिक्री पछि सोधभर्ना हुने) ११.४.१७.५५६........52
१४६. वन भित्रको कमसल झाडी, बुट्यान लाई उत्पादनमुखी वनमा रुपान्तर गर्न तथा मानव वन्यजन्तु द्धन्द न्यूनीकरणको लागि सामुदायिक वनमा वनजन्य फलफुल विरुवा खरिद तथा तारवार सहित रोपण (उपसमूह बनाई कबुलियतनामा गरी-कम्तिमा ५ हेक्टर एउटै सा.व. मा) ११.४.१७.५५६........52
१४७. अतिक्रमण हुन सक्ने संवेदनशील वन क्षेत्रमा वन क्षेत्रको जग्गा छुट्याई फलफूल वृक्षारोपण हेज निर्माण (प्रति कि.मि. कम्तिमा ५०० विरुवा ईमिली, हाईब्रिड अमला/बयर/जामुन/ओखर/पिकानट/मेकाडानिया)........53

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश नेपाल

प्रदेश सचिव

१४८. वन क्षेत्रभित्र पर्ने विद्युतिय हाईटेन्सन लाईन मुनीको खाली जग्गामा फलफूल रोपण कार्यक्रम निर्माण प्रति कि.मि. कम्तिमा ५०० विरुवा (ईमिली, हाईब्रिड अमला /बयर /कागती /ओखर /पिकानट /मेकाडानिया-प्रजातीको विरुवा उपलब्ध हुने जिल्लाको दर रेट अनुसार, उल्लिखित प्रजाती मध्ये एकल जातको विरुवा/कटिङ्ग खुलाउने) ....53

१४९. सामुदायिक वनमा फलफुल विरुवा खरिद र रोपण (२ हेक्टर एकै स्थानमा फलफुलको विरुवा वृक्षारोपण तारबार सहित ) ११.४.१७.५६४ ....54

१५०. सामुदायिक वनमा फलफुल विरुवा खरिद र रोपण/बितरण ११.४.१७.५६५ ....54

१५१. पुराना वैज्ञानिक वन लागू भएका सामुदायिक वनमा समूहद्धारा गरिने थिनिङ्ग/इम्प्रुभमेन्ट फेलिङ्ग योजना कार्यान्वयनको सब-डिभजन मार्फत अनुगमन तथा प्राविधिक सहयोग (समूहको संयुक्त योगदान) ....55

१५२. निजी, कबुलियती वन, खोरिया फडानी र भू-संरक्षणका दृष्टिले संवेदनशील क्षेत्रलाई कृषि वनमा रुपान्तरणको लागि अमृसो रोपण (एकै स्थानमा) ११.४.१७.२५० ....55

१५३. जिल्ला स्तरीय उत्कृष्ट सामुदायिक वन पुरस्कार वितरण (उत्कृष्ट १ समूहलाई मात्र) 2.7.25.215 ....55

१५४. चेपाङ्ग समुदायका लागि चिउरीको बीँया संकलन गरी कम्तिमा ३ हेक्टर क्षेत्रफलमा तारबार सहित रोपण कार्यक्रम ११.४.१७.५५७ ....56

१५५. कृषि वन व्यवस्थापन पद्धतीको कार्ययोजनाले सिफारिस गरेको स्थान र मोडलमा आधारित भई कार्यक्रम कार्यान्वयन ११.४.१७.५५९ ....56

१५६. कृषि वन व्यवस्थापन पद्धतीको कार्ययोजना कार्यान्वयन को लागि वन प्राविधिक ११.४.१७.५६० ....56

१५७. विरुवा उत्पादन/जडिबुटी खेती विकासको लागि वन प्राविधिक २.५.२.२२ ....57

१५८. जडिबुटी संरक्षणको लागि विद्यालय शिक्षा पुस्तिका प्रकाशन २.७.२५.१४७ ....57

१५९. संभाब्यता अध्ययन /अनुसन्धान ....57

क. दोलखा जिल्लाको सिंगटी, कालिंचोक क्षेत्रमा पाईने जडिवुडीको pharmaceutical र microbial अध्ययन ११.५.३०.३१ ....58

१६०. वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत बैठक भत्ता ....58

१६१. वन दस्ता टोलीलाई आगलागि नियन्त्रण गर्न जाँदा ईन्धन खर्च २.२.२७ ....58

१६२. वन दस्ता टोलीलाई पारिश्रमिक(फागुन १५ देखी जेष्ठ १५ सम्म) २.५.३.५ ....58

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सचिव

१६३. वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतका लागि प्राप्त EIA अध्ययन गरी राय सुझाव लिन (विज्ञको पारिश्रमिक र यातायात खर्च समेत) २.५.२.५ ....58

१६४. समृद्धिका लागि जडिबुटी खेती सञ्चालन कार्यक्रम....59

१६५. सामुदायिक वनको क्षेत्रमा कबुलियतनामा गरी जडिबुटी खेती संचलन गर्ने कार्यक्रम कार्यान्वयन कार्यविधि....62

१६६. समुह, नीजी क्षेत्र तथा सरकारको सहकार्यमा जडिवुटी विकास फार्म संचालन गरी जडीवुटी खेती (दोलाखा, रामेछाप,सिन्धुपाल्चोक क्लष्टर-नुवाकोट, धादिङ्ग क्लष्टर )११.४.१७.२५२....65

१६७. प्राकृतिकरुपमा पाइने चिउरी को संरक्षण तथा प्राकृतिक पुनरुत्पादन व्यवस्थापन ११.४.१७.५६१....68

१६८. वनक्षेत्रभित्रको खहरे खोल्सामा वाँस राइजोम वृक्षारोपण (खरिद तथा रोपण, एउटा खहरेमा कम्तीमा २०० विरुवा) ११.४.१७.२४६....68

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल

१. सामुदायिक वन अध्ययन केन्द्र (भवन निर्माण) ११.१.२.८७

सामुदायिक वनको उत्पति भएको स्थानमा सामुदायिक वन संग सम्बन्धित विभिन्न तथ्याङ्क, विवरण, यसका व्यवस्थापन का Model हरुको विषयमा जानकारी गराउने उद्देश्यले यस कार्यक्रमको व्यवस्था गरिएको हो । यो कार्यक्रम संचालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीको प्रयोग गरी गर्नुपर्नेछ ।

२. वहुमुल्य प्रजातीको साविकको विउ स्टयाण्डको व्यवस्थापन गरी बीउ संकलन र भण्डारण (कम्तीमा ०.५ हे.) ११.४.१७.२२५

विगतमा विभिन्न जिल्लाहरुमा स्थापना भएका Seed Stand/Seed Orchard हरुबाट वनजन्य रुख एवं बहुउपयोगी प्रजातिको गुणस्तरयुक्त बिऊ उत्पादन गर्न र त्यस्ता बिऊको स्रोतको संरक्षण गर्न स्थापना गरिएका Seed Stand/Seed Orchard हरुको संरक्षण एवं सुधार गर्न तथा Seed Stand नभएका जिल्लामा स्थापना समेतको लागि यो कार्यक्रम राखिएको छ ।

यस शीर्षक अन्तर्गत विनियोजित रकम उक्त Seed Stand को व्यवस्थापन/स्थापनाको लागि वन गणना गरी माउ रुख छनौट, नक्साङ्कन, बिऊ सङ्कलन गर्नुपर्ने, फेमिली अनुसार अलग अलग बिऊ उत्पादन, Seed Stand को लागि क्षेत्र छनौट, झाडी सफाई, डिजाइन, ले-आउट, फेन्सिङ, ट्यागिङ, वृक्षारोपण, हेरचाह, अनुगमन, होर्डिङ्ग बोर्ड निर्माण र स्थापना एवं त्यस्तो कार्यमा खटिने कर्मचारीको लागि तोकिए वमोजिम दैनिक भ्रमण भत्ता लगायतका क्रियाकलापमा खर्च गरिनेछ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा सञ्चालन भएको कार्यक्रमहरुको फोटो, लागत अनुमान र खर्चको बिल भर्पाई, GIS नक्शा सहितको Seed Stand व्यवस्थापन/स्थापनाको विस्तृत प्रतिवेदन पेश गर्नुपर्नेछ । यो कार्य डिभिजन वन कार्यालय वा अन्तर्गतका प्राविधिक कर्मचारीको सहयोग र सहजीकरणमा सम्पन्न गरिनेछ। कार्यक्रम सञ्चालन भएको स्थानमा सो सम्बन्धी सम्पूर्ण विवरण सहितको होर्डिङ्ग बोर्ड निर्माण गरी राख्नु पर्नेछ । Seed Stand बाट सङ्कलन गरिएको बिऊको viability कायम हुने गरी सुरक्षित भण्डारण गर्नुपर्नेछ । उत्पादित बिऊको विवरण वन निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ । यो कार्यको अनुगमन कार्यालय प्रमुख वा निजले खटाएको अधिकृत स्तरको प्राविधिक कर्मचारीवाट गर्नुपर्नेछ ।

**Seed Stand को रिपोर्टिङ्ग Format**

| सि.न | जिल्ला | नाम / ठेगाना / GPS Location | क्षेत्रफल | माउ रुख संख्या | प्रजाति | सङ्कलित बिऊको परिमाण | संकलन गर्दा लागेको श्रमदिन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश हेटौंडा, नेपाल

प्रदेश सचिव

**३. कबुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन (जीविकोपार्जन सुधार योजना समेत- मध्यवर्ती क्षेत्रमा समेत- एउटै क्लष्टरमा) ११.४.१७.२५४**

अवधि पुगिसकेका र कबुलियती वन समूहले पुनरावलोकनको लागि माग गरेका विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना पुनरावलोकन गर्न यस शीर्षकको रकम खर्च गर्न सकिने छ । यस शीर्षकको रकम सर्भे तथा नक्साङ्कन, विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना तयारी, प्रिन्टीङ तथा वाईन्डिङ्गमा खर्च गर्न सकिनेछ । समूहमा आवद्ध भएका घरधुरीका महिला तथा पुरुषको सहभागितामा कार्ययोजना तयार गर्नु पर्नेछ । जीविकोपार्जन सुधार योजना समावेश भएको कार्ययोजनाको ३ प्रती तयार गर्ने रकम समेत यसै शीर्षकमा समावेश गरिएको छ ।जीविकोपार्जन सुधार योजना तयार गर्दा डिभिजन/सब-डिभिजन वन कार्यालयका प्राविधिक, सूपरभाईजर, समूह सहयोगी र वित्त सहायकले आ-आफ्नो क्षेत्रवाट सहयोग गर्नुपर्नेछ ।

**४. कबुलियती वन क्षेत्रभित्र फलफूल बिरुवा खरिद तथा रोपण मध्यपहाडमा कलमी कागती/जुनार, हाइव्रिड अमला र भित्री मधेसमा-मध्यवर्ती क्षेत्रमा समेत कलमी लिचि/इमीली (एउटै क्लष्टरमा-५ प्रतिशत भन्दा कम छत्र घनत्व भएको क्षेत्रमा) ११.४.१७.५४२**

रोपण गरिने क्षेत्र निरीक्षण गरी प्राविधिकको सिफारिसमा सम्बन्धित समूहसँग सम्झौता गरी बिरुवा खरिद/रोपणको कार्य गरिने छ । बिरुवा खरिद, ढुवानी र रोपणको कार्य प्रचलित जिल्ला दररेट एवं स्वीकृत नर्मस् अनुसार लागत अनुमान तयार गरी खर्च गर्नु पर्नेछ । बिरुवा खरिद गर्दा कार्यालयवाट तोकिएको गुणस्तरको विरुवा खरिद गर्नु पर्ने छ । विरुवा रोपणको लागि आवश्यकता र औचित्यको आधारमा १०-२५% सम्म पुनरोपणको व्यवस्थापन गर्नुपर्नेछ । कार्यसम्पन्न प्रतिवेदनको आधारमा सिधै आपूर्तीकर्ताको बैंक खातामा रकम जम्मा गरिने छ । बिरुवा रोपण गरेको Survival प्रतिशतको सब-डिभिजन वन कार्यालयवाट अनुगमन गरी सो को विवरण डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ ।

**५. गत आ.व.मा सिन्धुली हरिहरपुर गढीको कबुलियती वनमा भएको वृक्षारोपण क्षेत्रको लागि हेरालु २.५.७.२५**

डिभिजन वन कार्यालय मरिण अन्तरगत हरिहरपुरगढीको कबुलियती वनमा भएको वृक्षारोपण क्षेत्रको लागि रेखदेख, गोडमेल, सिंचाई तथा मरेका बिरुवा प्रतिस्थापन गर्नका लागि वन हेरालुको व्यवस्था गर्न यस शीर्षकमा विनियोजित रकम खर्च गरिनेछ । नेपाल सरकार/प्रदेश सरकारको आर्थिक ऐन/नियम बमोजिम राखुपर्ने मासिक प्रतिवेदन, डोर हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नुपर्नेछ ।

**६. कबुलियती वनको लागि प्राविधिक सहयोग सेवा (वन प्राविधिक सहायक बाट) २.५.७.२६**

डिभिजन वन कार्यालयमा नयाँ कबुलियती वन समूह गठन, कार्ययोजना र जीविकोपार्जन योजना तयारी तथा नविकरण, स्थापित समूहलाई प्राविधिक सहयोग लगायत डिभिजन वन कार्यालयको



प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश ... नेपाल

प्रदेश सचिव

कार्यक्रम सञ्चालनमा योग्यता पुगेको प्राबिधिक सहायक (रेञ्जर) सेवा करारमा लिन यस शीर्षकमा विनियोजित रकम खर्च गरिनेछ । नेपाल सरकार/प्रदेश सरकारको प्रचलित आर्थिक ऐन/नियम बमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतिवेदन, हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नुपर्नेछ । साथै मासिक प्रतिवेदनको आधारमा मात्र मासिक पारिश्रमिकको निकासा गरिनेछ ।

## ७. कबुलियती वनको लागि सामाजिक परिचालन सुपरिवेक्षण (डिभिजन सुपर्भाइजरबाट)२.५.७.२७

कबुलियती वन समूहको समूह गठन, सञ्चालन, वचत, ऋण परिचालन, बैठक सञ्चालन, माइनुट लेखन, रिपोर्टङ, समन्वय लगायतका कार्यमा सहजीकरणको लागि नियुक्त गरिएका सामाजिक परिचालकहरुको प्रगतिको अनुगमन, समन्वय तथा सुपरिवेक्षण गरी फिल्ड स्तरमा भएका कामकार्वाहीहरुको रेकर्ड राखि डिभिजनल वन अधिकृत समक्ष रिपोर्टङ गर्ने कार्यको लागि डिभिजन सुपरभाइजर नियुक्त गरिन्छ । डिभिजन सुपरभाइजरले सब-डिभिजन वन कार्यालयहरु सँगको समन्वयमा सामाजिक परिचालकको कार्यको अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्नेछ । सुपरभाइजरको पारिश्रमिक भुक्तानी गर्दा प्रचलित आर्थिक ऐन नियम बमोजिम राख्नुपर्ने मासिक रुपमा गरेका कार्यहरुको प्रतिवेदन, हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नुपर्नेछ । डिभिजन सुपरभाइजरको योग्यता कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह पास भएको हुनु पर्नेछ तर दश वर्ष भन्दा बढी कबुलियति वनमा सामाजिक परिचालक वा जिल्ला/डिभिजन सुपरभाईजर भई काम गरेको हकमा SLC वा सो सरहको परिक्षा उतिर्ण गरेको हुन पर्नेछ । सम्भव भए सम्म कबुलियती वन समूहका उपभोक्ताहरुवाटै डिभिजन सुपरभाईजर करारमा नियुक्त गर्नुपर्नेछ । डिभिजन सुपरभाइजर नियुक्त गर्दा सम्भव भए सम्म पहिले देखिनै कामकाज गर्दै आएका र राम्रो कार्यसम्पादन स्तर रहेकालाई प्राथमिकता दिइनेछ । डिभिजन सुपरभाइजरको कार्य विवरण निम्न बमोजिम हुनेछ।

- कबुलियती वन समूह, डिभिजन वन कार्यालय तथा स्थानीय तहको पशु सेवा शाखा लगायत अन्य निकायको विचमा सम्बन्ध कायम गर्ने,
- समूह सहयोगीको कार्यको अनुगमन तथा निरीक्षण गर्ने,
- समूह सहयोगीलाई परिचालन, उत्प्रेरणा र सहयोग गर्ने,
- डिभिजन वन कार्यालय र जिल्ला स्थित अन्य कार्यालयबाट समूहको लागि सञ्चालन हुने फिल्डस्तरका कार्यहरु र तालिम तथा प्रचारप्रसार कार्यमा सहयोग गर्ने,
- समूह सहयोगी मार्फत कबुलियती वन समूहको अनुगमन गर्नमा डिभिजन वन कार्यालय लाई सहयोग गर्ने,
- समूहमा आबद्ध विशेष गरी महिला र दलितहरुलाई आवश्यक सरकारी कागजात, प्रमाणपत्रहरु दिलाउन सहयोग गर्ने,
- सामाजिक परिचालनको कार्यमा मार्गदर्शक बनेर आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने ।

प्रदेश सचिव

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश, हेटौंडा, नेपाल

८. कबुलियती वनको लागि कोष परिचालन सुपरिवेक्षण (वित्त सहायकबाट) २.५.७.४२

कबुलियती वन समूहको सञ्चालन, वचत, ऋण परिचालन, बैठक सञ्चालन, माइनुट लेखन, रिपोर्टङ, समन्वय लगायतका कार्यमा सहजीकरणको लागि नियुक्त गरिन्छ । वित्त सहायकको पारिश्रमिक भुक्तानी गर्दा प्रचलित आर्थिक ऐन नियम बमोजिम राख्नुपर्ने मासिक रुपमा गरेका कार्यहरुको प्रतिवेदन, हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नुपर्नेछ । वित्त सहायकको योग्यता वाणिज्य/लेखा वा अन्य विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह पास भएको हुनु पर्नेछ । सम्भव भए सम्म कबुलियती वन समूहका उपभोक्ताहरुबाटै वित्त सहायक करारमा नियुक्त गर्नुपर्नेछ । वित्त सहायक नियुक्त गर्दा सम्भव भए सम्म पहिले देखिनै कामकाज गर्दै आएका र राम्रो कार्यसम्पादन स्तर रहेकालाई प्राथमिकता दिइ नियुक्त गर्नुपर्नेछ ।

**९. कबुलियती वनको नियमित बैठक तथा पोष्ट फरमेसन लागि सामाजिक परिचालन सेवा ( समूह परिचालनको अनुदान सहयोग-प्रति जिल्ला ८ जना, कार्य सम्पादनको आधारमा मासिक प्रगति प्रतिवेदन अनुसार) २.५.७.२८**

लक्षित समूहहरु मध्येबाट उनीहरुले नै संस्थागत रुपमा छानेका महिला समूह परिचालिकाहरु नै सामाजिक परिचालनका संवाहक हुनेछन् । यस्ता परिचालक संलग्न समूह वा पायक पर्ने समूहसँग डिभिजन वन कार्यालयले नियमानुसार अग्रिम सम्झौता गरी सामाजिक परिचालकको पारिश्रमिक अनुदान स्वरुप उपलब्ध गराउनु पर्नेछ । सामाजिक परिचालकको कार्य विवरण निम्न बमोजिम हुनेछ ।

- कबुलियती वन समूह, डिभिजन वन कार्यालय/सब-डिभिजन वन कार्यालय स्थानीय निकाय लगायतका कार्यालय/निकायको बिचमा सम्बन्ध गाँस्ने,
- समूह गठनका लागि परिचालन, उत्प्रेरणा र सहयोग गर्ने,
- बैठक व्यवस्थापन गर्न कबुलियती वन समूहलाई निरन्तर सहयोग गर्ने, नेतृत्व विकास, रेकर्ड राख्ने, वचत गर्ने र वातावरण संरक्षण तथा सरसफाई बारे समूह सदस्यलाई ज्ञान दिने,
- डिभिजन वन कार्यालय/सब-डिभिजन वन कार्यालयसँग समन्वय गरी समूहको लागि सञ्चालन हुने फिल्डस्तरका कार्यहरु र तालिम तथा प्रचार प्रसार कार्यमा सहयोग गर्ने,
- आफ्नो कार्यक्षेत्रका सबै कबुलियती वन समूहको बैठकमा भाग लिने,
- कबुलियती वन समूहको अनुगमन कार्यमा सब-डिभिजन वन कार्यालयलाई सहयोग गर्ने,
- विशेष गरी महिला र दलितहरुलाई सरकारी कागजात, प्रमाणपत्रहरु दिलाउन गर्न आवश्यक सहयोग गर्ने,
- साधारण लेखपढ गर्न नजान्ने सदस्यलाई प्रौढ शिक्षामा सहभागी गराउने र नेतृत्व विकासका लागि समूहको जनशक्ति विकास गराउने,
- डिभिजन वन कार्यालयको नियमित मासिक बैठकमा सम्भव भएसम्म सहभागी हुने,

प्रदेश सचिव

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नेपाल

• समूहले पाउने सहयोगको बारेमा डिभिजन वन कार्यालयबाट जानकारी लिई सोही बमोजिम समूहलाई जानकारी गराउने,
• अन्यको हकमा मार्गदर्शनमा उल्लेख भए बमोजिम हुनेछ ।

**१०. सम्वन्धित सवडिभिजन मार्फत कवुलियती वनमा बिउ उत्पादनका लागि घाँस/डालेघास संरक्षण तथा ब्यवस्थापन ११.४.१७.५३७**

यो कार्यक्रम सम्बन्धित कबुलियती वनमा रहेको घाँस/डालेघाँस संरक्षण तथा व्यवस्थापन गर्ने हेतुले राखिएको हो । यसमा सम्बन्धित सव-डिभिजन वन कार्यालय अन्तरगतको कबुलियति वन समुहलाई उक्त क्षेत्रमा रहेको घाँस/डालेघाँस को विउ उत्पादन र संरक्षणको गर्नका लागि हुने खर्च भुक्तानीका लागि यस शिर्षकमा रहेको रकम खर्च गर्न सकिनेछ । समुहबाट उत्पादित विउ सम्भव भएसम्म सम्बन्धित डिभिजन वन कार्यालयले खरीद गर्ने व्यवस्था मिलाउन पर्नेछ ।

**११. कवुलियती वन सदस्यहरुको करेसाबारीमा तरकारिको विउविजन वितरण कार्यक्रम (२०० घरधुरीलाई) ११.४.१७.५३८**

यो कार्यक्रम कवुलियती वन समुहका सदस्यहरुलाई वनको संरक्षण, सम्बर्द्धन र व्यवस्थापनमा प्रोत्साहन गर्ने उद्धेश्यले राखिएको हो ।सम यस कार्यक्रम अन्तरगत सम्बन्धित डिभिजन वन कार्यालयले कवुलियती वन समुहका उभोक्ताहरुलाई सम्बन्धित उपभोक्ता समुहसंग सहकार्यमा तरकारीको विउविजन खरीद गरी वितरण गर्नु पर्नेछ ।

**१२. कवुलियती वनको उपभोक्ता किसानको निजी जग्गामा कम्तिमा २ बर्षे फलफूल बिरुवा खरिद तथा वितरण-मध्यवर्ती क्षेत्रमा समेत(प्रति घरधुरी ५ वटा वितरण गर्ने) ११.४.१७.५४१**

यो कार्यक्रम कवुलियती वन समुहका सदस्यहरुलाई वनको संरक्षण, सम्बर्द्धन र व्यवस्थापनमा प्रोत्साहन गर्ने उद्देश्यले राखिएको हो । यस कार्यक्रम अन्तरगत सम्बन्धित डिभिजन वन कार्यालयले कवुलियती वन समुहका उपभोक्ताहरुलाई सम्बन्धित उपभोक्ता समुहसंग सहकार्यमा निजी (मध्यवर्ती क्षेत्र समेत) जग्गा भएको उपभोक्तालाई फलफुलका कम्तिमा २ वर्षे विरुवा खरीद गरी प्रति घरधुरी ५ वटा वितरण गर्न पर्नेछ ।

**१३. कवुलियती वनमा फलफुल(कागती वा जुनार मध्ये कुनै एक)वृक्षारोपण कार्यक्रम दुईवटा क्लष्टरका २० समुह ११.४.१७.५३५**

यस कार्यक्रम सम्बन्धित डिभिजनको कबुलियती वन क्षेत्रभित्र कम्तिमा दश वटा कबुलियती वन क्षेत्रलाई एक वटा क्लस्टर बनाई कार्यक्रम संचालन गर्नु पर्नेछ । यस कार्यक्रम संचालन गर्दा सम्बन्धित डिभिजन वन कार्यालयले कम्तिमा २ वर्षको उच्च गुणस्तरको विरुवा खरीद गरी कबुलियती वन समुहको सहकार्यमा वृक्षारोपण गर्न पर्नेछ । कागती खरीद गर्दा संभव भए सम्म स्थानीय प्रजाति खरीद गरी वृक्षारोपण गर्नुपर्नेछ ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल



प्रदेश सचिव

१४. उत्कृष्ट नीजि वन पुरस्कार १ जनालाइ प्रदेशस्तरीय २.७.२५.१२२

दर्ता भएका निजी वनहरुमध्ये क्षेत्रफल, व्यवस्थापन, व्यवसायिकता र प्राविधिक उपयुक्तताको आधारमा प्रदेशस्तरीय उत्कृष्ट निजी वनधनीलाई पुरस्कार र प्रमाणपत्र दिईने छ । यस शीर्षकमा विनीयोजन भएको रकमबाट मूल्याङ्कन,प्रमाणपत्र छपाई, तथा नगद पुरस्कारमा खर्च गर्न सकिनेछ ।पुरस्कारको लागि निजी वन छनौट गर्दा डिभिजनल वन अधिकृतले मूल्याङ्कन समिती गठन गरी उपरोक्त मुख्य चार आधारका अतीरिक्त अन्य थप आधारहरु र तीनको अंकभार अग्रिम रुपमा तोकी सोही अनुरुप मूल्याङ्कन गरी छनौट गरी मन्त्रालयमा पेश गर्नुपर्दछ र सम्पूर्ण डिभिजन वाट प्राप्त भएपछि एकमुष्ठ रुपमा तिनको मूल्याङ्कन गर्नु पर्नेछ ।

१५. शहरी पार्क, पिकनिक स्पट, बसपार्क तथा राजमार्गका किनारमा फोहोर संकलन गर्ने बाँसको डोको राख्न फलामको गार्ड निर्माण र स्थापना २.७.२५.१२४

शहरी तथा ग्रामिण क्षेत्रमा स्थापना भएका विभिन्न पार्क, पिकनिक स्पट, वस पार्क तथा राजमार्गको आसपास तथा किनारमा मानिसहरुको आवत जावत वढी भई फोहोर हुन सक्ने हुँदा त्यस्ता स्थानहरुमा फोहर संकलन गर्नको लागि बाँसको डोको राख्ने गार्ड निर्माण गरी स्थापना गर्ने उद्धेश्यले यो कार्यक्रम राखिएको हो । प्रचलित नर्म्स र खरीद नियमावलीको अधिनमा रही डिभिजन वन कार्यालयले फलामको गार्ड निर्माण/खरीद गरी उपयुक्त स्थानमा स्थापना गर्नु पर्दछ । यस शीर्षकमा उपलव्ध वजेट फोहर हाल्ने वास्केट राख्ने फलामको गार्ड निर्माण/खरीद, ढुवानी, स्थापना गर्नका लागि लागत अनुमान स्वीकृत गराई खर्च गर्नु पर्दछ । कार्यक्रम सम्पन्न पश्चात निर्माण/खरीद भएको फलामे गार्डको विवरण, संख्या, स्थापना गरीएको स्थानको विवरण, फोटो एवं विल भर्पाई सहितको प्रतीवेदन पेश गर्नु पर्दछ ।

१६. शहरी पार्क, पिकनिक स्पट, वसपार्क तथा राजमार्गका किनारको फोहर संकलन गर्न बाँसको डोको वितरण २.७.२५.१२५

प्रचलित नर्म्स र खरीद नियमावलीको अधिनमा रही वाँसको डोको निर्माण/खरीद गरी वितरण गर्नुपर्छ । यस शीर्षकमा उपलव्ध वजेट वाँसको डोको निर्माण/खरीद तथा ढुवानी लागि लागत अनुमान स्वीकृत गराई खर्च गर्नु पर्दछ । कार्यक्रम सम्पन्न पश्चात निर्माण/खरीद भएको डोकोको विवरण, संख्या, स्थापना गरीएको स्थानको विवरण, फोटो एवं विल भर्पाई सहितको प्रतीवेदन पेश गर्नु पर्दछ ।

१७. प्रदुषण नियन्त्रण, वातावरण संरक्षण तथा वातावरणीय प्रतिवेदन कार्यान्वयन स्थलगत अनुगमन तथा नियमन

यस शिर्षकको रकम IEE तथा EIA प्रतिवेदन कार्यान्वयन अनुगमन,प्रदुषण नियन्त्रणको अवस्था तथा वातावरण संरक्षण कार्यान्वयनको स्थलगत अनुगमन तथा नियमन कार्यको गर्नको लागी खर्च गर्नु पर्नेछ ।

प्रदेश सचिव

१८. प्रदेश मन्त्रालय र स्थानीय तहद्धारा स्वीकृत गरिएका वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन अवस्थाको अनुगमन तथा मन्त्रालयमा प्रतिवेदन पेश २.७.२५.१९६

यस शिर्षकको रकम IEE तथा EIA प्रतिवेदन कार्यान्वयन अनुगमन,प्रदुषण नियन्त्रणको अवस्था तथा वातावरण संरक्षण कार्यान्वयनको स्थलगत अनुगमन तथा नियमन कार्यको गर्नको लागी खर्च गर्नु पर्नेछ । वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरिएबमोजिमको कार्य स्थलमा भए नभएको जानकारी खुलाई फोटो समेत मन्त्रालयमा पेस गर्नु पर्नेछ । यस शिर्षकको रकम उक्त कार्यमा खटिने कर्मचारीलाई भ्रमण भत्ता लगायतका कार्यमा नियमानुसार खर्च गर्न सकिनेछ ।

१९. नदि जन्य पदार्थमा आधारित उद्योगको वातावरणीय अध्ययन प्रतिवेदनको अनुगमन तथा प्रतिवेदन तयारी २.७.२५.२४७

यो कार्यक्रम नदिजन्य पदार्थमा आधारित उद्योगले प्रतिवेदनमा भएको व्यवस्थापन योजना अनुरुप कार्य भए नभएको जानकारी प्राप्त गरी वातावरणमा प्रतिकुल प्रभाव पार्न नदिने हेतुले तयार गरिएको हो ।यस शिर्षकको रकम IEE तथा EIA प्रतिवेदन कार्यान्वयन अनुगमन,प्रदुषण नियन्त्रणको अवस्था तथा वातावरण संरक्षण कार्यान्वयनको स्थलगत अनुगमन तथा नियमन कार्यको गर्नको लागी खर्च गर्नु पर्नेछ ।

२०. भोटे कोशी, सुन कोशी, तामा कोशी, त्रिशुली, राप्ति र इन्द्रावति नदि जलासयहरुमा जलचर संरक्षणका लागि नदि सरसफाइ तथा जनचेतना मूलक प्रचार प्रसार २.७.२५.२५७

यस प्रदेशमा रहेका प्रमुख नदी क्षेत्रमा रहेका जलचरको संरक्षण र पारिस्थितिकीय प्रणाली संरक्षण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।यो शिर्षकको रकम उक्त सरसफाईको कार्य हुदाँ खर्च हुने खाजा/ पानी को लागि खर्च गर्न सकिनेछ । कार्य सम्पन्न भए पश्चात विल भरपाई, प्रतिवेदनको साथ भुक्तानीको लागि पेश गर्नु पर्नेछ ।

२१. स्थानिय तह र प्रदेश सरकारको सहकार्यमा सडक आसपासका क्षेत्रमा प्लास्टिक लगायतका फोहर सरसफाइ तथा ब्यवस्थापन क्याम्पियन(पूर्व पश्चिम राजमार्ग, अरनिको राजमार्ग, पृथ्वी राजमार्ग, हुमाने भैसे सडक खण्ड) २.७.२५.२५८

वातावरण सरसफाईको सम्वन्धमा जनचेतना जगाउँदै वातावरण संरक्षण र सरसफाईमा अग्रसर वनाउने उद्धेश्यले यो कार्यक्रम राखिएको हो । कार्य संचालन गर्दा स्थानीय तह र प्रदेश सरकारको सहकार्यमा सम्वन्धित सरोकारवालाहरुलाई समावेश गराई संचालन गरीनेछ । यो शीर्षकको रकम वातावरण संरक्षण तथा सरसफाई सम्वन्धमा जनचेतनामुलक कार्यक्रम संचालन, सरसफाई कार्यक्रम संचालन गर्दा कार्यक्रममा खटिने स्वयंसेवकको भत्ता, खाजा, पानी, व्यानर लगायतमा लागत अनुमान स्वीकृत गराई खर्च गरीनेछ । कार्यसम्पन्न भएपछि भए गरेको कार्यक्रमको विवरण संलग्न व्यक्तिहरुको नामावली, फोटो र आवश्यक विल भर्पाई सहितको प्रतीवेदन पेश गर्नुपर्ने छ ।

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश हेटौंडा, नेपाल

सचिव

२२. कबुलियती वन उत्कृष्ठ समूह पुरस्कार (उत्कृष्ट १ समूहलाई मात्र) २.७.२५.१०५

डिभिजन वन कार्यालयको क्षेत्रमा रहेका कबुलियती वन समूह एवं कबुलियती वनको अनुगमन मूल्याङ्कन गरी उत्कृष्ट समूहलाई पुरस्कृत गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । पुर्व निर्धारित मूल्याङ्कन र सूचकको आधारमा डिभिजनल वन अधिकृतको संयोजकत्वमा ५ सदस्यीय (पशु सेवासंग सम्बन्धित कार्यालय/शाखा को प्रतिनिधि -१, योजना शाखाको प्राविधिक-१, , कबुलियती वन सञ्जाल प्रतिनिधि -१) मूल्याङ्कन समित गठन गरी मूल्याङ्कन गरिने छ । न्यूनतम ५ वटा समूहको प्रारम्भिक छनौट गरी टोलीबाट प्रारम्भिक रुपमा छनौट भएका समूहको स्थलगत अध्ययन गरी प्रारम्भिक मूल्याङ्कनबाट छानिएका उत्कृष्ट समूहहरु मध्ये एउटालाइ प्रथम पुरस्कार र प्रमाणपत्र प्रदान गरिने छ । यस शीर्षकको बजेट नगद पुरस्कार लगायत व्यवस्थापनमा खर्च गर्न सकिनेछ।पुरस्कार रकम बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ ।

२३. गत आ.व. मा खरिद भएका तथा पुराना वन्यजन्तु उद्धारका लागि सामाग्री मर्मत (नेट, portable केज, आदी ) २.७.२५.२४६

वनमा रहेको विभिन्न वन्यजन्तुको संरक्षण अत्यावश्यक रहन्छ । कुनै वेला चोरी सिकारीको कारण वा अन्य कारणले गर्दा वन्यजन्तुलाई हानी नोक्सानी हुनुका साथै वन्यजन्तु आफ्नो बासस्थान भन्दा बाहिर आईपुग्ने हुनाले त्यस्ता वन्यजन्तुको उपचार तथा उद्दारको निमित्त खरीद गरिएको नेट, पोर्टेवल केज आदि सामाग्रीको मर्मत/व्यवस्थापन गर्ने प्रयोजनको लागि यस शिर्षकको रकम खर्च गर्न सकिनेछ ।

२४. मकवानपुरको सुन्दर सा.व. हेटौडा-१ देखि बागमति गा.पा. सम्म सालकको बासस्थान अध्ययन तथा कार्ययोजना तयार ११.५.४०.१५५

यो कार्यक्रम सालकको वासस्थान पहिचान तथा सालकको बासस्थान संरक्षण तथा उचित व्यवस्थापनको लागि राखिएको हो । यो कार्यक्रम संचालन गर्दा सुन्दर सामुदायिक वन देखि बागमती गाउपालीका सम्मको क्षेत्रमा रहेको सालकको बासस्थानको Mapping, सालकको Food उपलब्धताको विषयमा उल्लेख गरी तयार गर्नु पर्नेछ । यस कार्यक्रम संचालन गर्दा संघ तथा प्रदेशको प्रचलित खरीद ऐन, नियमावलीको प्रयोग गरी संचालन गर्नु पर्नेछ ।

२५. विश्वकै दुर्लभ नेपालको वागमति प्रदेशको मकवानपुर जिल्लामा मात्र पाइने Lizard को अवस्था बारे अध्ययन ११.५.४०.१४३

यो कार्यक्रम Lizard को वासस्थान पहिचान तथा सालकको उचित व्यवस्थापनको लागि राखिएको हो । यो कार्यक्रम संचालन गर्दा मकवानपुर क्षेत्रमा मात्र पाईने Lizard बासस्थानको Mapping, Food उपलब्धताको विषयमा उल्लेख गरी तयार गर्नु पर्नेछ । यस कार्यक्रम संचालन गर्दा संघ तथा प्रदेशको प्रचलित खरीद ऐन, नियमावलीको प्रयोग गरी संचालन गर्नु पर्नेछ ।

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश हेटौडा, मकवानपुर, नेपाल

...खा सचिव

२६. चितवनको राजमार्गमा वन्यजन्तुको लागि ओभर पासका लागि डि.पी.आर. तयारी
११.५.४०.१५४

चितवन एक सिंगे गैडा, पाटे बाघ जस्ता वन्यजन्तुको लागि विश्वमा नै प्रख्यात रहेको छ । प्रकृतिमा आधारीत पर्यटन गन्तव्यको रुपमा परिचित चितवनको राजमार्ग क्षेत्रमा वन्यजन्तु सुरक्षाको विषय एक प्रमुख चुनौतिको रुपमा रहेको छ । सडकमा वन्यजन्तु संग सम्बन्धित दुर्घटना न्युनीकरण र वन्यजन्तुको बासस्थान व्यवस्थापन तथा विकासलाई पर्यावरणमैत्री वनाउनको लागि राजमार्ग क्षेत्रमा ओभर पास निर्माणको लागि यो कार्यक्रम व्यवस्था गरिएको हो। यस कार्यक्रम संचालन गर्दा संघ तथा प्रदेशको प्रचलित खरीद ऐन, नियमावलीको प्रयोग गरी संचालन गर्नु पर्नेछ ।

**२७. मानव वन्यजन्तु द्वन्द न्युनिकरणका लागि खगेरी नहर र कपरखोरी मा.वि. बिचमा मेस जाली सहितको घेरबार निर्माण ११.४.२२.८२६**

वन्यजन्तु संग सम्बन्धित दुर्घटना न्युनीकरण र वन्यजन्तुको बासस्थान व्यवस्थापनका लागि लागि यो कार्यक्रम व्यवस्था गरिएको हो। यस कार्यक्रम संचालन गर्दा संघ तथा प्रदेशको प्रचलित खरीद ऐन, नियमावलीको प्रयोग गरी संचालन गर्नु पर्नेछ ।

**२८. सामुदायिक वन क्षेत्र भित्र स्थानीयतहको समन्वयमा हानीकारक वन्यजन्तु पहिचान गरी आहार व्यवस्थापनको लागि वृक्षारोपण (धादिङ,रसुवा,नुवाकोट,सिंधुपाल्चोक,दोलखा,रामेछाप)**
११.४.१७.५५८

यो कार्यक्रम वन क्षेत्र संग जोडिएको वस्ती तथा खेती गरीएको स्थानमा वन्यजन्तुका कारणले सृजना हुने मानव वन्यजन्तु द्वन्द न्यूनिकरण गर्ने अभिप्रायले संचालन गरीएको हो । यो कार्यक्रम संचालन गर्दा सम्बन्धित डिभिजन वन कार्यालयले बाँदर र बदैंल जस्ता कृषि हानिकारक वन्यजन्तुलाई वन क्षेत्र भित्रै आहारा व्यवस्थापनका लागि यो कार्यक्रम राखिएको हो । समस्याग्रस्त क्षेत्रको पहिचान गरी स्थानीय तहसंगको सहकार्य/समन्वयमा कार्यक्रम संचालन गर्नु पर्नेछ । सामुदायिक वन क्षेत्र भित्र स्थानीयतहको समन्वयमा कृषि हानीकारक वन्यजन्तु बाँदर जस्ता वन्यजन्तुका लागि केरा, अम्बा, अमला, फडिल/जामुन, Hybrid बयर, बडहर र छ महिनाभत्र मर्ने स्कुस, फर्सी, लौका, घिरौला, काक्रो समेत १५ मिटर को दुरीमा रोपण गर्न सकिनेछ । बदेल जस्ता जनावरको हकमा सिमलतरुल, वन तरुल, गिठ्ठा भ्याकुर जस्ता वन्यजन्तुले रुचाउने प्रजाति छनौट गरी वृक्षारोपण गर्न पर्नेछ । वृक्षारोपण गर्दा निजि आवादीको सिमानाबाट ५० मिटर क्षेत्रको आसपास र खाली क्षेत्रमा सम्वृद्धि वृक्षारोपण (Enrichment Plantation) गर्नुपर्नेछ ।

**२९. वन्यजन्तु उद्दारको लागि ऱ्यापिड रेस्पोन्स टिम परिचालन २.७.२५.१०७**

टुहुरा, घाईते, अशक्त र आक्रमणको चपेटामा परेका वन्यजन्तुको उद्धार गरी सुरक्षित तवरले प्राकृतिक बासस्थान वा अन्य कुनै पर-स्थानीय (Ex-Situ) संरक्षण गर्ने गरी डिभिजन वन कार्यालयमा एक Rapid Response Team गठन गरिने छ । यो टिमलाइ आवश्यक तालिमको व्यवस्थापन गरिनेछ । उक्त टिममा वन प्राविधिक, सुरक्षा निकाय, जिल्ला/ इलाका प्रशासन कार्यालय, पशु सेवा

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश मकवानपुर, नेपाल

प्रदेश सचिव

केन्द्र/शाखा र नजिकका समूहका प्रतिनिधिहरु समेत रहने गरी गठन गरिने छ । उक्त टिमलाई फिल्डस्तरमा उद्धार कार्य गर्नका लागि आवश्यक पर्ने फिल्ड गियर, इन्धन, मर्मत, सञ्चार, खाजा/खाना/दैनिक भ्रमण भत्ता, गाडी भाडा, आदि क्रियाकलापको लागि यो शीर्षकमा विनियोजित बजेटबाट खर्च गर्नुपर्नेछ । आवश्यकता अनुसार अन्य निकायको समेत सहयोग लिन सकिने छ ।

## ३०. Wall Stone Street Site मा वन वन्यजन्तुको जनचेतनामुलक पेन्टिङ (सब-डिभिजन मार्फत) २.७.२५.१११

बाटोको दायाँ वायाँ, सेवा ग्राहीहरुको बढी आवतजावत हुने ठाउँ, कार्यालयको कम्पाउण्ड भित्र र पर्खाल को वाहिरी भाग आदिमा वन, वन्यजन्तु तथा चराचुरुङ्गि र पारस्थितीकिय प्रणालीको बारेमा जनचेतनामुलक सन्देश दिने खालको भनाई, स्लोगन, आर्ट आदिको भित्ते लेखन/पेन्टिङ गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो । सन्देश कम्तिमा पाँच शब्दको हुनुपर्दछ ।कार्यक्रम सम्पन्न भएपछि सम्झौता, पेन्टिङ भएको विषय वस्तुको सूची, कुन ठाउँमा गरिएको हो ? सो को विवरण, फोटोहरु र विलभर्पाई पेश गर्नुपर्ने छ ।

## ३१. ट्याक्टर/ट्रक/वसड्राइभरहरुलाइ वन अपराध सम्बन्धी सचेतना कार्यक्रम (ट्राफिक प्रहरी र व्यावसायी संघको सहकार्यमा डिभिजन वन कार्यालय मार्फत) २.६.६.४२

वन पैदावार/वनजन्य वस्तु तथा वन्यजन्तु सम्बन्धी अपराधमा सवारी साधनको प्रयोगको मुख्य भूमिका रहन्छ । कतिपय अवस्थामा ती साधन/चालक जानाजान त्यस्ता अपराधमा संलग्न रहेका हुन्छन भने कतिपयमा राज्यको नीति/नियम र प्रक्रियाको बारेमा अनविज्ञ रहेको कारण अपराधमा संलग्न हुन पुग्दछन । कानूनको अनभिज्ञता छम्य हुँदैन तर कानून र प्रक्रियाको बारेमा जानकारी गराउने राज्यको कर्तव्य पनि हो । सोही कुरालाई मध्यनजर गरेर यो कार्यक्रम राखिएको हो । यो कार्यक्रम सम्बन्धित व्यवसायी संघहरुको सहकार्यमा ट्याक्टर/ट्रक/वस धनी/चालकहरुलाई संलग्न गराई वन/वनपैदावर/वन्यजन्तु/अखेटोपहार लगायतको ओसारपसार सम्बन्धी कानुनी प्रावधानहरुको वारेमा जानकारी गराउन यो कार्यक्रम सञ्चालन गरिने छ । यो शीर्षकको रकम सहभागि भत्ता, खाजा, स्टेसनरी एवं प्रचार प्रसार लगायतमा लागत अनुमान स्वीकृत गराई स्वीकृत नर्म्सको परिधी भित्र रही खर्च गर्न सकिनेछ ।

## ३२. WCCB ब्यूरो बैठक सञ्चालन २.७.२५.११२

वन्यजन्तु संरक्षणका लागि नियमित रुपमा सुरक्षा संयन्त्र परिचालन तथा समन्वयको लागि WCCB ब्यूरो बैठक वस्दछ । सोही प्रयोजनको लागि सहभागीहरुको लागि भत्ता, खाजा तथा यातायात खर्चमा रकम खर्च गरिनेछ । भुक्तानी वा पेश्की फछ्र्यौटको लागि बैठकमा उपस्थित पदाधिकारीहरुको उपस्थिती, माईनुट, फोटो लगायतको विवरण पेश गर्नुपर्नेछ ।

प्रदेश सचिव
प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

३३. ब्रम्हस्थानी मध्यवर्ती सामुदायिक रासी १ चितवनमा रहेको डुम्री घोल क्षेत्रमा मचानघर निर्माण ११.४.२२.२२१

मन्त्रालयमा आ. व. २०७६।७७ मा तयार भएको ब्रम्हस्थानी मध्यवर्ती सामुदायिक रासी १ चितवनमा रहेको डुम्री घोल क्षेत्रमा मचानघर निर्माणको विस्तृत परियोजना प्रतिवेदनको अधिनमा रहेर मचानघर निर्माण गरिने छ । मचान निर्माणको कार्य संचालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४, प्रदेश सार्वजनिक खरिद नियामावली,२०७६ अनुसार गरिनेछ ।

३४. घाईते जनावर (वन्यजन्तु) उद्धारको लागि प्राकृति वन क्षेत्रमा वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा व्यवस्थापन सुरदेवी सामुदायिक वन, रासी १ चितवन ११.४.२२.५५०

मन्त्रालयमा आ.व. २०७६।७७ मा तयार भएको विस्तृत परियोजना प्रतिवेदनको अधिनमा रहि घाईते वन्यजन्तु पूनर्स्थापना केन्द्रको निर्माण कार्य गरिने छ । निर्माण कार्य संचालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गरिने छ ।

३५. भिमफेदी स्थित हात्तीसार संग्रालय व्यवस्थापन कार्यक्रम

राणाकालिन समयमा स्थापना भई १०० वर्ष पुरानो हात्तीसार संग्राहलयलाई पर्यापर्यटन कार्यक्रम सँग जोडी पर्यटन उपजको रुपमा विकास गर्न यो कार्यक्रम अन्तर्गत देहायका कार्य सम्पन्न गरिनेछ ।

क) भिमफेदी स्थित हात्तीसार संग्राहालयमा गार्डेनिङ्ग ११.४.१७.२२६

मकवानपुरको भिमफेदी स्थित हात्तीसार संग्राहालयमा गत वर्षको निरन्तरताको लागि गार्डेनिङ गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । संग्राहालय परिसरमा आर्किटेक्चरल ईन्जिनियर समेतको सहयोग लिई गार्डेनिङको डिजाईन, लागत अनुमान र सोको कार्यान्वयन समेत गर्न यो शीर्षकमा बजेट विनियोजन गरिएको हो ।सो कार्य सजावट तथा गार्डेनिङको कार्य गर्न सक्ने क्षमता र अनुभव भएको कर्मचारी खटाएर प्रचलित ऐन नियमको परिधि भित्र रही उपयुक्त सेवा प्रदायक छनौट गरी सञ्चालन गरिने छ । कार्य सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुभन्दा पहिले र पछिको फोटो र बिल भर्पाईहरु सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

ख) भिमफेदीस्थित हात्तीसार संग्राहालय भवनको मर्मत सम्भार ११.१.३.४

यो कार्यक्रम सञ्चालनका लागि पुरातत्व विभागसँग आवश्यक समन्वय गरिनेछ । प्राविधिकबाट डिजाईन तथा लागत ईष्टिमेट तयार गरी स्विकृत गराइ प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को परिधि भित्र ठेक्का प्रक्रियाबाट भवनको मर्मत सम्भार गर्न सकिनेछ । कार्य सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुभन्दा पहिले र पछिको फोटो र बिल भर्पाईहरु सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

प्रदेश सचिव

ग) भिमफेदी स्थित हात्तीसार संग्राहालयको मुख्य प्रवेशद्वार निर्माण टिकट घर सहित ११.१.२.३६

यो कार्यक्रम सञ्चालनका लागि पुरातत्व विभागसँग आवश्यक समन्वय गरिनेछ । प्राविधिकबाट डिजाईन तथा लागत ईष्टिमेट तयार गरी स्विकृत गराइ प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ सार्वजनिक खरिद नियमावली,२०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को परिधि भित्र ठेक्का प्रक्रियाबाट टिकट घर सहित मुख्य प्रवेशद्वार निर्माण गर्न सकिनेछ । कार्य सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुभन्दा पहिले र पछिको फोटो र बिल भर्पाईहरु सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

घ) भिमफेदी स्थित हात्तीसार संग्राहालय सञ्चालन खर्च २.७.२५.७७

यस कार्यक्रम अन्तरगत उक्त संग्राहलयको विजुलि, पानी गत आ.व. गरिएको ट्यागिङ्गहरुको व्यवस्थापन लगायतको काममा खर्च गर्नुपर्नेछ ।

ङ) भिमफेदी स्थित हात्तीसार संग्राहालयको लागि चौकिदार र माली २.५.७.२३

हात्तीसार संग्राहालयमा हेरचाह तथा सुरक्षाको लागि चौकिदार मालिको काम गर्न अनुभव प्राप्त व्यक्तिलाई सार्वजानिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४, प्रदेश सार्वजनिक खरिद नियमावली,२०७६ तथा प्रचलित नर्मस्‌को पालना गरी सेवा करारमा नियुक्त गरी कामकाज गर्न खटाईनेछ । यसरी नियुक्त गरिएको व्यक्तिले बर्षभरी नै काम गर्नुपर्नेछ ।

३६. विशेषज्ञ भेटेनरी डाक्टरको पारिश्रमिक मकवानपुर र काठमाडौ २.५.२.२१(अधिकृतस्तर)

टुहुरा, घाईते, अशक्त र आक्रमणको चपेटामा परेका वन्यजन्तुको हेरचाह, उपचार तथा उद्धारको लागि आवश्यकता अनुसार विशेषज्ञ भेटेनरी डाक्टरको परामर्श तथा विशेषज्ञ सेवाको लागि यो शीर्षकमा विनियोजित बजेटबाट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गर्नुपर्नेछ । आवश्यकता अनुसार अन्य निकायको समेत सहयोग लिन सकिने छ ।

३७. मानव वन्यजन्तु द्धन्द्ध न्यूनीकरणको लागि पहाडी क्षेत्रको व्यावसायिक फलफूल खेती निजी जग्गामा तारबार/घेरबार ११.४.१७.३१५

मानव वन्यजन्तु बिचको द्धन्द्ध विभिन्न भौगोलिक क्षेत्रहरुमा परिरहेको छ। पहाडी क्षेत्रमा निजी जग्गामा लगाईएका विभिन्न वन, जडिबुटी, फलफूलका प्रजातिका खेती/वृक्षारोपण गरिएको क्षेत्रमा वन्यजन्तुले हानि-नोक्सानी पु-याईरहेको छ ।अत उक्त क्षेत्रमा वन्यजन्तुबाट हानि-नोक्सानी हुन नदिन कृषकहरुलाई राहत स्वरुप निजी जग्गामा तारबार/घेरबार कार्यक्रम सञ्चालन गरिएको हो ।यो कार्यक्रम सञ्चालन गर्दा सार्वजानिक रुपमा सूचना मार्फत प्रस्ताव आह्वान, कृषकहरु छनौट र प्रकाशन गरी सम्बन्धित निकायले सार्वजनिक खरिद ऐन, नियमावलीको परिधिमा रहि सञ्चालन गर्नु पर्नेछ ।

*कृषक छनौटका आधारहरु*

प्रदेश सचिव

क. एकल कृषकको हकमा २०-८० रोपनी सम्मको क्षेत्रफलमा खेती भए क्षेत्र ।

ख. सामुहिक (cluster गर्न सकिने) कृषकहरुको हकमा २०० रोपनी भन्दा बढी क्षेत्रफलमा खेती हुने क्षेत्र।

ग. वन्यजन्तुबाट हानि नोक्सानि हुने क्षेत्र ।

### ३८. रेडपाण्डा संरक्षण कार्यक्रम (कार्ययोजनामा उल्लेख भए बमोजिमको क्रियाकलाप सञ्चालन गर्ने) २.७.२५.१०६

मन्त्रालयले गत आ.व. मा तयार गरेको रेडपाण्डा पाइने क्षेत्रको Habitat Mapping, Status पहिचान गरी संरक्षण क्षेत्र बाहिर रेड पाण्डा संरक्षण योजना मन्त्रालयबाट स्वीकृत भईसकेको हुनाले उक्त कार्ययोजनाम उल्लेखित योजना बमोजिमको कार्यक्रम कार्यान्वयन गर्न यो कार्यक्रमको उद्धेश्य हो । यस अन्तरगत सचेतना गोष्ठी, तालिम र रेडपान्डा सम्बन्धी प्रचार प्रसार सामाग्री प्रकाशन, सूचना बोर्ड निर्माण र स्थापना लगायतका कृयाकलापहरु संचालन गर्न सकिने छ । कार्यक्रम सम्पन्न भएपश्चात कार्यक्रम सम्पन्न प्रतिवेदन, बिल भर्पाई, फोटो सहितका कागजात पेश गर्नुपर्नेछ ।

### ३९. वन्यजन्तुको औषधी तथा आहार खर्च २.७.२५.११०

उद्धार गरी ल्याईएका वन्यजन्तुहरुको उपयुक्त उपचार र आहाराको व्यवस्थापन गर्नुपर्ने हुन्छ । सोहि प्रयोजनको लागि यो कार्यक्रम राखिएको हो । विभिन्न वन्यजन्तुको उपचार र तिनको लागि आवश्यक पर्ने आहाराको आँकलन गरी खरिद गर्नु पर्दछ । तसर्थ यस शीर्षकको रकम खर्च गर्दा उद्धार गरिने वन्यजन्तुको लागि मुलत: आवश्यक पर्ने औषधि र आहारा खरिद गरिने छ । आहारा र औषधि खरिद गर्दा त्यस संग सम्वन्धित जानकार/विषेषज्ञ सँग सल्लाह तथा सुझाव लिई के, कुन, कति आहार र औषधि आवश्यक पर्ने हो सो निक्यौंल गरी खरिद गर्नु पर्दछ । खरिद गर्दा सार्वजनिक खरिद ऐनतथा नियमावली को परिधिमा रहि खरिद गर्नुपर्नेछ ।

### ४०. बरामदी वन पैदावार तथा मालबस्तुको ढुवानी खर्च (डिभिजनस्तर) २.७.२५.७९

वन अपराधबाट बरामद बिगो सङ्कलन तथा व्यवस्थापनका लागि गाडी भाडा, टयाक्टर खर्च, सङ्कलन तथा ओसारपसार खर्च र आखेटोपहार विधि विज्ञान प्रयोगशाला पठाउदाको खर्च लगातका काममा यो रकम खर्च गरिनेछ ।

### ४१. हरेक सब डिभिजनमा वन वन्यजन्तु संरक्षणका लागि अधिकृत सहितको कर्मचारी टोलीको गस्ती परिचालन खर्च (सब-डिभिजन मार्फत) १२ महिना २.७.२५.२२४

वन र वन्यजन्तु संरक्षणको लागि नियमित गस्ती अपरिहार्य हुन्छ । सब-डिभिजन वन कार्यालयहरुले आफ्नो कार्यक्षेत्र भित्रका वनक्षेत्र, नाका, वाटो आदिमा संभाव्य अवैधानिक गतिविधिहरुको निगरानी गर्नु पर्ने हुन्छ । सव डिभिजन वन कार्यालयले आफ्नो क्षेत्र भित्र रहेका त्यस्ता क्षेत्रहरुको तथ्याङ्क राखी त्यसलाई नियमित अपडेट गरी डिभिजन वन कार्यालयमा जानकारी गराउनु पर्दछ र ति क्षेत्रहरुमा

प्रदेश सचिव

नियमित गस्ती र निगरानी राख्नु पर्दछ । यो कार्यमा सब-डिभिजन वन कार्यालयका फिल्ड कर्मचारी एवं आवश्यकता अनुसार सशस्त्र वन सुरक्षा शाखाका सशस्त्र वन रक्षक तथा सम्बन्धित सा.व.का पदाधिकारी तथा उपभोक्ताहरु समेत परिचालन गर्न सकिने छ । यस कार्यक्रममा विनियोजित बजेट गस्तीटोलीका लागि पानी/खाजा, सञ्चार, इन्धन तथा गस्ती परिचालन र सुचनाको लागि अत्यावश्यक सामाग्री संचारसेट खरिद लगायतमा खर्च गर्न सकिनेछ । सब-डिभिजन प्रमुखले गस्तीमा संलग्न कर्मचारीहरुको विवरण एवं भए गरेको गतीविधी एवं उपलब्धि र खर्च बिल भर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

**४२. वन्यजन्तु तथा वनस्पतिको राष्ट्रिय प्रकृती संरक्षण कोष मार्फत DNA Test मेसिन खरिद तथा installtion ११.३.११.६**

वन्यजन्तु तथा वनस्पतिसंग सम्बन्धित अपराधमा अनुसन्धान गरी अपराधमा संलग्न उपर अभियोजनको लागि वरामद वन्यजन्तु/ वनस्पति/ आखेटोपाहार पहिचान हुन अपरिहार्य हुन्छ । वरामद वन्यजन्तु/ वनस्पति/ आखेटोपाहार पहिचान गर्न आवश्यक मेशिन खरिद गरी संचालनमा ल्याउने अभिप्रायले यो कार्यक्रम राखिएको हो ।यस कार्यक्रम अन्तरगत DNA Test गर्ने मेशिन खरिद गरि जडान गरिने छ । DNA Test गर्ने मेसिन खरिद तथा installtion गर्दा राष्ट्रिय प्रकृती संरक्षण कोष संग सहकार्य गरिने छ ।खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्थाको अधिनमा रही खरीद गर्नु पर्नेछ । खरिद गरिएको मेसिन राष्ट्रिय प्रकृती संरक्षण कोष संग समझदारी पत्र तयार गरी हस्तान्तरण गरीनेछ । साथै बागमती प्रदेश अन्तरगतको वन्यजन्तु तथा वनस्पतिको उक्त DNA Test मेशिनवाट DNA Test गर्दा निशुल्क गराउन पर्ने वारेमा समझदारी पत्रैमै उल्लेख गरी हस्तान्तरण गर्नु पर्ने छ ।

**४३. गैरकाष्ठ वन पैदावार तथा जडिबुटी व्यापार प्रबर्धन तथा मूल्य अभिवृद्धिका लागि संकलक/उत्पादक र व्यवसायी बिच अन्तरक्रिया कार्यक्रम २.६.६.४४**

जडिबुटी संकलक/उत्पादक व्यवसायी बिच गैरकाष्ठ वन पैदावार तथा जडिबुटी व्यापार प्रबर्धन तथा मूल्य अभिवृद्धिका लागि अवसर, चुनौतीका बारेमा अन्तरक्रिया गर्न यो कार्यक्रम राखिएको हो ।अन्तरक्रियामा मुलतः सम्वन्धित जिल्लावाट विगतमा संकलन तथा उत्पादन भएका/संभावना रहेका/डिभिजन वन कार्यालयवाट प्राथमिकतामा राखिएका मुख्य मुख्य जडिवुटी एवं गैरकाष्ठ वनपैदावरहरु लाईनै विचार गरि सोहि प्रजातीको प्रवर्द्धन र खेति विस्तारको वारेमा छलफल हुनेछ ।यस शिर्षकको रकम अन्तरक्रिया कार्यक्रममा सहभागिको सहभागी भत्ता, खाजा/खाना, पानी, यातायात खर्च, व्यानर, संचार लगायतमा खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भई फछ्र्यौटका लागि अन्तरक्रियाका सहभागिहरुको नामावली, छलफलका विषय, माईनुट, खर्च विल भर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

प्रदेश सचिव

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

## ४४. सब– डिभिजनको सहजिकरणमा स्थानिय तह र समुदायद्धारा व्यवस्थित वन समुहहरुको सहभागितामा सबडिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी (पुष मसान्त भित्र) २.६.६.५४

सब-डिभिजन स्तरमा रहेका विभिन्न वन समूहहरु (सामुदायिक वन, कबुलियती वन, धार्मीक वन, संरक्षित वन, निजी वन) सँग छलफल तथा सिकाई आदान प्रदान गर्न, गत आ.व.को प्रगति समीक्षा एवं आगामि आ.व.को योजना तर्जुमा गर्न, विषयगत समस्या र चुनौतीको समाधानका उपायहरुको बारेमा छलफल गर्न एकदिने गोष्ठी आयोजना गरिनेछ ।यसमा वन कर्मचारी, स्थानीय तहका प्रतिनिधी, विभिन्न वन समूहका प्रतिनिधि, वन उपभोक्ता महासंघका प्रतिनिधि, वन उद्यमी लगायत सहभागि रहने छन् । सब-डिभिजन स्तरमा तयार भएको योजनालाई डिभिजन वन कार्यालयको वार्षिक योजना तर्जुमा गोष्ठीमा पेश गर्नु पर्दछ । यो शीर्षकको रकम गोष्ठीका सहभागीहरुको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा/खाना, हल भाडा, स्टेशनरी, व्यानर, पानी, संचार लगायतमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत ईस्टिमेट स्वीकृत गराई खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा गोष्ठीमा उपस्थिती विवरण तथा माइनुट, फोटो, छलफलको विषय तथा निर्णय र खर्च बिलभर्पाई सहितको प्रतिवेदन पेश गर्नु पर्दछ ।

## ४५. सम्बन्धित सब-डिभिजनका लागि वन व्यवस्थापन तथा काठ दाउरा सङ्कलन क्षेत्रमा नियमित अनुगमन निरीक्षण खर्च (छपान, घाटगद्धी, लगत तयारी आदि-वनरक्षक देखी अधिकृतस्तर सम्म) २.८.१.२८

यस कार्यक्रममा विनियोजित बजेट सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना लगायतमा कटान हुने रुखहरुको सव-डिभिजनबाट क्षेत्र निरिक्षण, नम्वरिङ, छपान, कटान, गोलिया मापन, घाटगद्दी व्यवस्थापन तथा निरिक्षण, ग्रेडिङ, अनुगमन निरीक्षण लगायतका कार्यमा सरिक भए वापत वन रक्षक देखि अधिकृतस्तर सम्मलाइ खाजा/भत्ता वापत यस शिर्षकको रकम खर्च गरिने छ ।खर्च रकम माग गर्दा वा फछ्र्यौट गर्दा भए गरेको कामको विवरण सहितको प्रतिवेदन, विल भर्पाई र फोटो पेश गर्नु पर्ने छ ।

## ४६. वन तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस तथा समारोह २.७.२७.४२

तोकिएको मितिमा वन तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस तथा समारोह सञ्चालन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।यो शीर्षकको रकम डिभिजन वन कार्यालयहरुले वन तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस/समारोहहरु सञ्चालनको लागि आवश्यकता अनुसार ल.ई. स्वीकृत गरी खर्च गरिने छ । खर्च गर्दा मुलत: हलभाडा, व्यानर, खाजा/खाना, पानी, ईन्धन, संचार, स्टेशनरी, पुरस्कार तथा प्रमाण-पत्र (हाजिरी जवाफ प्रतीयोगिता, निवन्ध प्रतीयोगिता, वक्तित्वकला प्रतीयोगिता, पेन्टिङ्ग प्रतीयोगिता आदिमा) लगायतमा खर्च गर्न सकिनेछ ।कार्यक्रम सम्पन्न पछि प्रतिवेदनमा समारोहमा भए गरेका क्रियाकलापहरु, उपलव्धि, उपस्थिती विवरण, कार्यक्रम सञ्चालन गरिएको स्थान, फोटो र खर्च बिल भर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ ।यस अन्तरगन निम्न कार्यहरु संचालन गर्न सकिनेछ ।



प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ... प्रदेश सचिव

१. अन्तराष्ट्रिय जैविकविविधता दिवस २.७.२७.४२
२. सामुदायिक वन दिवस २.७.२७.५६
३. वृक्षारोपण दिवस २.७.२७.५७
४. वातावरण तथा जलबायू सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस तथा समारोह २.७.२७.३७

**४७. अनुसन्धान अधिकृतका लागि मुद्धा/तहकिकात तथा दायरी खर्च (प्रतिमुद्धा बढिमा रु ६ हजार) २.७.५.४८**

वन र वन्यजन्तु अपराध संलग्न हुने व्यक्तिहरुलाई पक्राउ गरी कारवाही प्रक्रिया अगाडि वढाउने सिलसिलामा आवश्यक रकम यस शीर्षकबाट खर्च गरिने छ । सामान्यतया मुद्दा दायर गर्नका लागि आवश्यक पर्ने मसलन्द, यातायात भाडा, ईन्धन, पानी, अनुसन्धान अधिकृतको भ्रमण/खाजा/खाना खर्च, सञ्चार खर्च लगायतमा खर्च गर्न सकिने छ । खर्च रकम फछ्र्यौट गर्दा खर्च भएको बिल भर्पाई एवं मुद्धा निकासाको/अभियोग पत्र दायर गरेको सम्बन्धी कागजात पेश गर्नु पर्दछ ।मुद्धाको सिलसिलामा विदेशी नागरीक पक्राउ परी दोभासे/अनुवादक राख्नुपर्दा निजलाई दिनुपर्ने पारिश्रमिक/भत्ता नियमानुसार उपलब्ध गराउन सकिनेछ ।

**४८. रेडियो मार्फत वन तथा वन्यजन्तु संरक्षण/व्यवस्थापन सूचना प्रवाह ( डिभिजनस्तर ) २.७.२५.८१**

यो कार्यक्रममा विनियोजित रकम वन तथा वन्यजन्तु संरक्षण र व्यवस्थापनमा गर्नु पर्ने कुराहरु, गर्न नहुने कार्यहरु, वन-वन्यजन्तु अपराध नगर्न सूचना एवं अपराध गरेमा हुने दण्ड सजाय लगायत उपयोगी जनचेतनामूलक सुचना/कार्यक्रमहरु प्रसारण गर्न खर्च गरिनेछ । जिल्ला स्थित रेडयो/एफ. एम.हरु संग सम्झौता गरी समय सापेक्ष मिल्दो सन्देशमुलक सामाग्रि निर्माण गरी प्रसारण गर्नु पर्ने छ । कार्यक्रम सम्पन्न पछि फछ्र्यौट गर्दा वा भुक्तानी माग्दा सोको विल भर्पाई सहित के कुन सामाग्री कुन मिति देखि कुन मिति सम्म दैनिक कति पटक कुन कुन समयमा प्रसारण भएको हो सो को विवरण, प्रसारण भएको सामाग्रीको छोटकरी विवरण र प्रसारण सामाग्रीको ईलेक्ट्रोनिक कपि समेत संलग्न गर्नु पर्ने छ ।

**४९. वन तथा वन्यजन्तु संरक्षण र अतिक्रमण नियन्त्रणको लागि डिवकाबाट गस्ती परिचालन (गौडा गस्ती/Jungle Camping समेत) २.७.२५.८४**

अवैध कटानी एवं वन वन्यजन्तुको अवैध चोरी निकासी तथा चोरी शिकारी नियन्त्रण गर्ने अभिप्रायले वनक्षेत्र भित्रै अस्थायी क्याम्प खडा गरी गस्ती गर्ने सोचका साथ यो कार्यक्रम राखिएको हो । यस कार्यक्रममा विनियोजित बजेटबाट गस्तीटोलीका लागि संचारसेट, पानी/ खाजा, सञ्चार, इन्धन, सवारी साधन मर्मतका/टेन्ट/Sleeping Bag/matress जस्ता समाग्री खरीद गर्न सकिनेछ । गस्ती/जंगल क्याम्पिङ वसेको मिति, स्थान, संलग्न कर्मचारीहरु, भएगरेको गतिविधि, उपलब्धि सहितको प्रतिवेदन गस्ती/क्याम्पिङमा खटिने इन्चार्जले अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । सो प्रतिवेदन प्राप्त भए पछि सो

सम्बन्धी बिल भर्पाई समेतको प्रतिवेदन संलग्न हुनु पर्नेछ । यो कार्यमा डिभिजन/सब-डिभिजन वन कार्यालयका फिल्ड कर्मचारी एवं सशस्त्र वन सुरक्षा शाखाका सशस्त्र वन रक्षक तथा सम्बन्धित सा.व.का पदाधिकारी तथा उपभोक्ताहरु परिचालन हुने छन ।

## ५०. सामुदायिक वनमा फलफुल विरुवा खरिद रतथा तारबार सहित रोपण (उपसमुह बनाई कबुलियतनामा गरी कम्तिमा ५ हेक्टर) ११.४.१७.२४३

सामुदायिक वन क्षेत्र भित्र कम्तिमा ५ हेक्टर क्षेत्रफल भएको एकै स्थानमा वृक्षारोपण/ सम्वृद्धी वृक्षारोपणको रुपमा विभिन्न प्राजातिका फलफुलको बिरुवा वृक्षारोपण गरी तारबार सहित खाली क्षेत्रलाई सदुपयोग गरी हरीयाली प्रवर्द्धन तथा आयआर्जनका लागि यो क्रियाकलाप सञ्चालन गरिनेछ । सम्वृद्धी वृक्षारोपणको हकमा प्रचलित नर्मस बमोजिम प्रति हेक्टरमा कायम गर्नुपर्ने विरुवा संख्या रोपण भएको हुन पर्नेछ । कार्यक्रम सञ्चालन भएको ठाऊँमा यी विवरणहरु सहितको एउटा होर्डिङ्ग बोर्ड समेत राख्नुपर्नेछ ।कार्यक्रम सम्पन्न पछि प्रतिवेदनमा क्रियाकलाप सञ्चालन भएको नाम, ठेगाना, क्षेत्रफल, फलफुलको प्रजाति, संख्या, लागत उल्लेख गर्नुपर्नेछ । वृक्षारोपण गरिएको क्षेत्रको संरक्षण तथा व्यवस्थापनको जिम्मेवारी सम्बन्धित समुहको हुनेछ । वृक्षारोपण पश्चात मर्न गएको विरुवाको स्थानमा नयाँ विरुवा रोपण गरी हरेक वर्ष वृक्षारोपणको प्रतिवेदन सम्बन्धित डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । यो शिर्षकको रकम विरुवा खरीद तथा ढुवानी, वृक्षारोपण, तारबार, खाजामा खर्च गर्न सकिनेछ ।

## ५१. पार्क, उद्यान, पर्यापर्यटन तथा स्थानीय पर्यटन पुर्वाधार विकास/निर्माण

बढ्दो शहरीकरण सँगै नगर क्षेत्रमा वायु र ध्वनि प्रदूषणको मात्रा बढ्दै गइरहेको छ । नगर क्षेत्रमा बस्ने मानिसलाई सौन्दर्य एवं प्रदूषणमुक्त वातावरणमा केही समय बिताउन समेत त्यस्ता ठाउँको अभाव खट्केको छ । त्यसैले नगरपालिका/गा.पा.भित्र रहेका सार्वजनिक/खेर गईरहेका बाँझो जग्गा/कुनै संस्थाको स्वामित्वमा रहेको जग्गा आदिलाई आवश्यक परेमा स्थानीय तह सँगको समन्वयमा पार्कको पूर्वाधार निर्माणगर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो ।प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम स्थानीय पार्क पर्यटकीय पूर्वाधार निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न गराउन सकिनेछ । कुनै योजनाको कार्यान्वयन गर्न उपभोक्ता समिति इच्छुक नदेखिएको तथा उपभोक्ता समिति मार्फत कार्य सञ्चालन गर्न उपयुक्त नदेखिएको अवस्थामा बोलपत्र वा दरभाउपत्रको माध्यमबाट योजना कार्यान्वयन गर्न सकिनेछ। उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने कार्यविधि देहाय बमोजिम हुनेछ ।

क. उपभोक्ता समिति गठनः सम्बन्धित स्थानीय तहको निर्वाचित जनप्रतिनिधिको अध्यक्षतामा र कार्यक्रम कार्यान्वयन गर्ने निकायका प्रतिनिधिको रोहवरमा लाभग्राही समुदायको भेलाबाट उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

ख. उपभोक्ता समितिमा अध्यक्ष, सचिव तथा कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला सहित सामान्यतयः समावेशी प्रकृतिको हुनु पर्नेछ ।



प्रदेश सचिव

ग. सम्बन्धित विषयको विशेषज्ञ तथा प्राविधिकहरुको सहयोगमा स्थलगत अवलोकन गरी सर्भे, डिजाइन तथा लागत अनुमान तयार गर्नुपर्नेछ।

घ. डिजाइन तथा लागत अनुमान तयार गर्दा सम्बन्धित स्थानीय तह तथा उपभोक्ता समूहको माग, सल्लाह, सुझाव र आवश्यकतालाई पनि आधारमा लिन सकिनेछ ।

ङ. वन क्षेत्र बाहेकको स्थानमा उपभोक्ता समिति मार्फत निर्माण हुने पर्यटकीय पूर्वाधारहरुको निर्माणको लागि स्थानीय तहको सिफारिस पेश गर्नु पर्नेछ । स्थानीय तहले यस्तो सिफारिस गर्दा सम्भव भएसम्म निर्माण पश्चात त्यसको स्याहार संभार र सञ्चालन गर्ने प्रतिबद्धता समेत पेश गर्नु पर्नेछ।

च. सम्बन्धित उपभोक्ता समितिबाट डिजाइन तथा लागत अनुमान सहितको प्रस्ताव/माग निवेदन प्राप्त भै डिजाइन तथा लागत अनुमान स्वीकृत भए पश्चात उपभोक्ता समितिसँग नियमानुसार सम्झौता गरी कार्य आदेश दिनु पर्नेछ ।

छ. कार्यक्रमहरुको सम्झौता गर्दा कामको परिमाण, लागत, समय सिमा, गुणस्तर जस्ता सूचकहरु समावेस गरी गर्नु पर्नेछ ।

ज. उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमहरु सम्बन्धित कार्यालय तथा मन्त्रालयबाट आवश्यकता अनुसार अनुगमन गरी सम्बन्धित उपभोक्ता समितिलाई पृष्ठपोषण उपलब्ध गराउनु पर्नेछ ।

झ. यो शीर्षकको रकम आवश्यक बिरुवा खरिद, बिरुवा ढुवानी, वृक्षारोपण, गोडमेल, वृक्षारोपण क्षेत्रको संरक्षण (बारबेर, हेरालु, सिँचाई आदि), डस्टविन खरिद, फुलको क्यारी, विश्राम स्थल, चौतारी, शौचालय, बाल मनोरन्जन जस्ता अन्य संरचनाहरु निर्माण, होर्डङ्ग बोर्ड निर्माण, लगायतका क्रियाकलापहरुमा खर्च गर्न सकिने छ । रोपिने बिरुवा बहुवर्षिय, गुणस्तरीय र सौन्दर्य प्रदायक हुनु पर्नेछ ।कार्यसञ्चालन भएको स्थानमा सम्पूर्ण विवरण सहितको होर्डिङ्ग बोर्ड निर्माण गरी राख्नुपर्ने छ ।

ञ. स्थान छनौट गर्दा सकेसम्म वन क्षेत्र बाहिर गरर्नुपर्नेछ।

ट. समूहद्वारा व्यवस्थित वनमा कार्यक्रम सञ्चालन गर्नु परेमा सम्वन्धित समूहको कार्य योजनामा उल्लेख भएको हुनु पर्ने, सो नभएमा संशोधन गरी सम्बन्धित अख्तियारवालाबाट स्वीकृत गराउने र प्रदेश सरकारबाट स्वीकृत पर्यटन सम्बन्धी कार्यक्रमहरु कार्यान्वियन गर्ने क्रममा वन क्षेत्रको जग्गा प्रयोग गरी रुख बिरुवा हटाउन र वन क्षेत्रमा भौतिक संरचना निर्माण गर्नु पर्ने भएमा २० प्रतिशत भन्दा कम छत्र घनत्व (Crown Density) भएको वन क्षेत्रको जग्गा प्रयोग गर्न सकिने छ ।तर यस्तो जग्गा प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा ३९ को उपदफा (२) मा उल्लेख भए बमोजिम बढीमा ५ हेक्टरसम्म मात्र हुनु पर्नेछ ।

ठ. पार्क निर्माण कार्यका लागि आवश्यक पर्ने डिजाईन, ल.ई, सुपरिवेक्षणको लगायतका कार्यको लागि डिभिजन वन कार्यालयले आवस्यकताअनुसार contingency बाट करार/सेवा परामर्समा विशेषज्ञ सेवा लिन सक्नेछ ।

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## ५२. तालिम/गोष्ठी/बैठक/जनचेतनामुलक कार्यक्रम

वार्षिक स्वीकृत कार्यक्रम अनुसार तालिम सञ्चालन गर्दा प्रचलित कानून र स्वीकृत नर्म्सको अधिनमा रही लागत अनुमान स्वीकृत गराइ सञ्चालन गरिनेछ । यस शीर्षकको बजेट रकम सहभागी भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालिम सामग्री, सेसन फि, हेन्डआउट वापत, खाना तथा खाजा, यातायात खर्च, इन्धन, हलभाडा, प्रतिवेदन लेखन लगायतमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपछि हरेक तालिमको सञ्चालन मिति स्थान, पाठयक्रम तथा छलफलका विषय, सहभागीको नामावली, भएको निर्णय, उपलब्धी तथा पृष्ठपोषण र भए गरेको खर्च बिल भर्पाईहरु समेतको प्रतिवेदन संलग्न गर्नु पर्नेछ । कार्यक्रम सञ्चालनमा सम्बन्धित कार्यालयका कर्मचारी वा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा वोलाइ सञ्चालन गर्न सकिने छ । यस शिर्षक अन्तरगत बजेटमा विनियोजित सम्पुर्ण तालिम/गोष्ठि/बैठक कार्यक्रम हरु संचालन गर्न सकिनेछ ।

## ५३. सम्बन्धित सब-डिभिजन वन कार्यालयले वैज्ञानिक वनको कार्ययोजना कार्यान्वयनमा स्थानीय तह, पत्रकार, नागरिक समाजका लागि सचेतना सहजिकरण कार्यक्रम (वैज्ञानिक वन व्यवस्थापन लागू भएका सबै समूहमा) २.६.६.४१

सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना निर्माण भई कार्यान्वयनमा आईरहेका छन् । वैज्ञानिक वन व्यवस्थापनको अवधारणा केहि वर्षदेखि मात्रै कार्यान्वयनमा रहेकोले यसको सम्बन्धमा सम्बद्ध पक्षहरु मुख्यगरी वन उपभोक्ता, वन प्राविधिक, स्थानीय तह, पत्रकार, नागरिक समाजका अगुवाहरु बिच साझा बुझाई र अवधारणा बनाउनुजरुरी छ । जसबाट वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम निरन्तर रुपमा प्रभावकारी ढंगले कार्यान्वयनमा जान सक्दछ । सोहि कुरालाई मध्यनजर गर्दै स्थानीय तह, पत्रकार, नागरिक समाज लगायतमा वैज्ञानिक वन व्यवस्थापनको अवधारणा, यसको कार्यान्वयन, यसबाट हुने फाईदा र आवश्यकताको बारेमा जानकारी दिने उद्देश्यले यो कार्यक्रम राखिएको हो । कार्यक्रम सञ्चालन गर्दा प्रचलित नर्म्सको आधारमा लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्नुपर्ने छ । यस शीर्षकको बजेट रकम सहभागी भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, स्टेशनरी, तालिम सामग्री, सेसन फि, हेन्ड्सआउट, खाजा, हलभाडामा खर्च गर्न सकिनेछ । यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन, तथा नियमावली, र प्रदेश सार्वजनिक खरिद नियमावली, बमोजिम सेवा प्रदायक संघ संस्था मार्फत पनि सञ्चालन गर्न सकिनेछ ।कार्यक्रम सम्पन्न भएपछि कार्यक्रम सञ्चालन मिति, स्थान, छलफलका विषय, सहभागीको नामावली, फोटो र भए गरको खर्च बिल भर्पाईहरु समेतको प्रतिवेदन संलग्न गर्नु पर्नेछ ।

## ५४. चौमासिक वन सुरक्षा बैठक तथा समन्वय बैठक १.२.४.६

जिल्लाको वन-वन्यजन्तु संरक्षणको कार्यलाई प्रभावकारी वनाउन जिल्लाका सुरक्षा निकाय र सरोकारवालाहरु विच निरन्तर समन्वयले ठुलो भूमिका खेल्दछ । सोही कुरालाई मध्येनजर गर्दै चौमासिक रुपमा वन सुरक्षा वैठक तथा समन्वय वैठकको कार्यक्रम राखिएको हो । वन सुरक्षा तथा



प्रदेश सचिव

समन्वय बैठक सञ्चालन गर्दा डिभिजनल वन अधिकृत, प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र राष्ट्रिय अनुसन्धानका प्रमुखहरु, सरकारी वकिल, राष्ट्रिय निकुञ्ज/संरक्षण क्षेत्र जोडिएको जिल्लाहरुको हकमा तत् राष्ट्रिय निकुञ्ज/संरक्षण क्षेत्रको प्रमुख तथा प्रतिनिधि र वन्यजन्तु चोरी शिकारी नियन्त्रण समिति भएको भए सोको प्रतिनिधिहरुको सहाभागीतामा सञ्चालन गर्नुपर्ने छ ।यो शीर्षकको रकम बैठक भत्ता, खाजा, खाना, सञ्चार, स्टेशनरी लगायतमा खर्च गर्न सकिने छ ।कार्यक्रम सम्पन्न पछि प्रतिवेदनमा बैठकमा उपस्थिती विवरण, माइनुट/निर्णय, फोटो एवं खर्च बिल भर्पाई सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ ।

## ५५. जिल्ला वन क्षेत्र समन्वय समिति र सरोकारवालाको सहभागितामा डिभिजन स्तरिय वार्षिक प्रगति समिक्षा गोष्ठी २.६.६.३४

डिभिजन वन कार्यालयवाट सञ्चालन भएका कार्यक्रमहरु र त्यसमा भएको प्रगतीको बारेमा छलफल गर्ने, असल अभ्यासको पहिचान गरी विस्तार गर्ने र कार्यक्रम कार्यान्वयन गर्दा आईपरेका समस्या/चुनौतीहरुको वारेमा छलफल गरी समाधानको उपाय खोज्ने लगायतका उद्देश्यले सरोकारवालाहरुको उपस्थितिमा वार्षिक प्रगति समीक्षा गोष्ठी सञ्चालन गर्ने उद्धेश्यले यो कार्यक्रम राखिएको हो । प्रगती समिक्षा गोष्ठीमा जिल्ला वन क्षेत्र समन्वय समितिका सम्पूर्ण पदाधिकारी, डिभिजन तथा सब-डिभिजन वन कार्यालयका प्रमूखहरुको अनिवार्य सहभागिता गराउनु पर्दछ । कार्यक्रमको सान्दर्भिकता हेरी डिभिजन वन कार्यालयको क्षेत्रभित्र रहेका अन्य सरोकारवाला निकाय र विषयसँग सम्बन्धित प्रतिनिधिहरुलाई समेत समावेश गर्न सकिनेछ । यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, समन्वय भत्ता, खाजा/खाना, हल भाडा, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भए पछि प्रतिवेदनमा गोष्ठीमा उपस्थिती विवरण, माइनुट, फोटो, खर्च बिलभर्पाई सहितको प्रतिवेदन पेश गर्नु पर्दछ ।

## ५६. डिभिजन स्तरिय योजना तर्जुमा गोष्ठी (माघ महिना भित्र ) २.६.६.५५

सब-डिभिजन स्तरमा तयार भएको योजनाहरुमा विस्तृत छलफल गरी प्राथिमकता तोकी प्राप्त बजेट सिलिंग भित्र रही डिभिजन वन कार्यालयको वार्षिक योजना निर्माण गर्नुपर्ने भएकोले यो कार्यक्रम राखिएको हो ।गोष्ठीमा डिभिजन तथा सब-डिभिजन वन कार्यालयका प्रमूखहरुको अनिवार्य सहभागिता गराउनु पर्दछ । कार्यक्रमको सान्दर्भिकता हेरी डिभिजन वन कार्यालयको क्षेत्रभित्र रहेका अन्य सरोकारवाला निकाय र विषयसँग सम्बन्धित प्रतिनिधिहरुलाई समेत समावेश गर्न सकिनेछ । यस शीर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, खाजा, स्टेशनरी, व्यानर लगायतमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत ईस्टिमेट स्वीकृत गराई खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रतिवेदनमा गोष्ठीमा उपस्थिती विवरण, माइनुट, फोटो, खर्च बिल भर्पाई र प्रस्तावित योजना/कार्यक्रमको सूची सहितको प्रतिवेदन पेश गर्नु पर्दछ ।

प्रदेश सचिव

## ५७. लोपोन्मुख वन्यजन्तु तथा दुर्लभ वनस्पतीहरुको संरक्षणका लागि कानूनी व्यवस्था सहितको संरक्षण मुलक leaflet,pumplet,brochure तयारी र प्रकाशन २.७.२५.२११

आ-आफ्नो क्षेत्रभित्र रहेका लोपोन्मुख वन्यजन्तु तथा दुर्लभ वनस्पतीको संरक्षण सँग सम्बन्धित प्रचारप्रसार सामग्रीहरु उत्पादन गरी तिनको वितरण गरी वन्यजन्तु संरक्षणमा सचेतना अभिवृद्धि गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो ।यस कार्यक्रम अन्तरगत संरक्षणमुलक चित्र, नारा, सन्देशमूलक जानकारी सहितको leaflet, pumplet, brochure तयारी गरी प्रकाशन गर्नुपर्ने छ । यस कार्यक्रम संचालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावलीको अधिनमा रहि गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न भइसकेपछि सम्पादन गरिएका क्रियाकलापहरुको जानकारीमूलक फोटो/प्रकाशन भएको सामाग्री एकप्रति एवं आवश्यक बिल भर्पाईहरु संलग्न गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।

## ५८. सब-डिभिजनस्तरमा अपराध नियन्त्रण कार्यक्रम सञ्चालनको लागि सचेतना गोष्ठी (सम्बन्धित सब- डिभिजन मार्फत, पुष- माघ र बैशाख-जेठमा) २.६.६.३१

सब-डिभिजन स्तरमा वन्यजन्तु संरक्षणका लागि सुरक्षा निकाय, स्थानीय प्रतिनिधि, वन समूहहरु र सम्बद्ध सबै सरोकारवाला पक्षहरु सँग समन्वय र सहकार्य गरी सम्भावित वन र वन्यजन्तु सम्बन्धी अपराधहरुको न्यूनीकरण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यस शीर्षकको रकम गोष्ठीमा सहभागीहरुको भत्ता, खाजा/खाना, स्टेशनरी, व्यानर लगायतमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भएपछि गोष्ठीमा सहभागीहरुको विवरण, माइनुट, फोटो एवं खर्च बिल भर्पाई सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## ५९. जिल्ला वन क्षेत्र समन्वय समिति र सरोकारवालाको सहभागितामा डिभिजनस्तरिय कार्यक्रम समन्वय बैठक २.६.६.३२

डिभिजन वन कार्यालयवाट चालू आ.व.मा सञ्चालन गरिने वार्षिक कार्यक्रम र वजेटको वारेमा जिल्ला वनक्षेत्र समन्वय समिति एवं सम्वद्ध सवै सरोकारवालाहरुलाई जानकारी गराई वार्षिक कार्यक्रम संचालनमा आवश्यक समन्वय स्थापित गरी कार्यक्रम संचालनमा प्रभावकारीता थप्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो । गोष्ठीमा जिल्ला वन क्षेत्र समन्वय समितिका सम्पूर्ण पदाधिकारी, डिभिजन तथा सब-डिभिजन वन कार्यालयका प्रमूखहरु र सम्वन्धित सवै सरोकारवालाहरुको सहभागितामा संचालन गरिने छ । यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, समन्वय भत्ता, खाजा/खाना, हल भाडा, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भए पछि प्रतिवेदनमा गोष्ठीमा उपस्थिती विवरण, माइनुट, फोटो, खर्च बिलभर्पाई सहितको प्रतिवेदन पेश गर्नु पर्दछ ।

प्रदेश सचिव

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश हेटौडा, मकवानपुर, नेपाल

६०. बागमती प्रदेश अन्तर्गत जँगल भन्दा वाहिरको वनको अवस्था (Tree outside forest) अध्ययन (बागमती प्रदेश भरी) ११.५.४०.१४६

यो कार्यक्रम बागमती प्रदेशमा रहेको राष्ट्रिय वन, सामुदायिक वन, कबुलियती वन, धार्मिक वन र सरकारद्धवारा व्यवस्थित वन बाहेकको वन क्षेत्रको तथ्याङ्क तथा विवरण पहिचान गरी सो वनको व्यवस्थापन गरी हरीयाली प्रवर्द्धन गर्ने उद्देश्यले राखिएको हो । यस कार्यक्रम संचालन गर्दा संघ वा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली अनुरुप सेवा प्रदायक छनौट गरी सम्पन्न गरिने छ ।

६१. नेपाल वन प्राविधिक संघ को सहकार्यमा वागमती प्रदेशमा वनको किसिम, भुगोल, वन व्यवस्थापनको उद्देश्य, श्रोतको अवस्था अध्ययन, प्रदेश स्तरिय वन संवर्द्धन प्रणालि छनौट र पहिचान ११.५.३०.३०

यस प्रदेशमा रहेको वनको किसिम, भुगोल, वन व्यवस्थापनको उद्देश्य, श्रोतको अवस्था अध्ययन तथा प्रदेश स्तरिय वन संवर्द्धन प्रणालि छनौट र पहिचान गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, नियमावलीको अधिनमा रहि सम्झौता गरी गर्नु पर्नेछ ।

६२. तालिम आवश्यकता पहिचान २.७.२५.२३९

कर्मचारीहरुको क्षमता अभिबृद्धि तथा कार्यालयको दैनिक कामकाज प्रभावकारी ढंङ्गबाट कार्यान्वयन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट वन क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई के कस्ता किसिमका तालिमको आवश्यकता रहेको छ भनी पहिचान गर्न जिल्ला जिल्लामा गई सम्वन्धित कर्मचारीहरु संग प्रस्नावली, सामुहिक छलफल, अन्तरकृया, गोष्ठी/बैठक तालिम आवश्यकता पहिचान गरिने छ ।साथै वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट संचालन भई रहेका तालिम/गोष्ठिहरुका सहभागीहरु संग समेत छलफल गरेर वा प्रस्नावली दिई तालिम आवश्यकता पहिचान गरीने छ । यस शिर्षकमा विनियोजित वजेट सम्वन्धित जिल्लाहरुमा भ्रमण गर्दाको दैनिक भत्ता, ईन्धन एवं छलफल, अन्तरकृया, गोष्ठी/बैठक संचालन गर्नका लागि नियमानुसार गर्न सकिने खर्च स्विकृत नर्म्स अनुसार लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ ।

६३. वन पैदावार विक्रिवितरण संरचना निर्माण तथा संचालन २.७.२५.२४०

प्रदेश वन ऐन २०७६ व्यवस्था भए अनुसारको वन पैदावर विक्रि वितरणको संरचना निर्माण गर्ने भन्ने व्यवस्था भएकोमा वन पैदावर विक्रि वितरणका लागि मन्त्रालयले आवश्यक संरचना निर्माण गरी संचालनमा ल्याउनेछ । यो कार्यका लागि यस कार्यक्रममा अन्तर्क्रिया, गोष्ठी, छलफल, परामर्स, कार्यालय संचालन खर्च लगायतमा खर्च गर्न सकिनेछ ।

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## ६४. वन पैदावार विक्रिवितरण सम्वन्धि विद्युतिय वोलपत्र प्रणालिको software निर्माण तथा स्थापना ११.६.३.८

वन पैदावर विक्रि वितरणमा प्रतिस्पर्धि तथा पारदर्शि वनाउन तथा वन पैदावरको विक्रि वितरणको तथ्याङ्कलाई अभिलेखीकरण र भण्डारण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यस कार्यक्रम संचालन गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीको अधिनमा रही संचालन गर्नु पर्नेछ ।

## ६५. प्रविधियुक्त प्रदेशस्तरीय नर्सरी मर्मत संभार ११.४.१७.५४७

नर्सरी प्राविधिकरुपले उत्कृष्ट हुनुको साथै बारबेर, Drainage, हरेक बेडमा पाईप जडान गरी स्प्रिङ्कल सिचाईको , हरेक बेडमा ट्यागिङ्ग आदिको व्यवस्था भएको हुनाले यस नर्सरीको मर्मत तथा संभार हुन आवश्यक रहेको छ। यस शिर्षकको रकम नर्सरीमा ओभरहेड बाटर टैंक, कम्पोष्ट पीट, सेडहाउस, ग्रीन हाउस, बत्तीको, नर्सरीको बेड, सेड, सिंचाईको व्यवस्थाको लागि पाईप धारा पानी स्टोर ट्याङ्क लगायत अन्य संरचना र प्रविधि मैत्री मेशिन/उपकरण मर्मत संभारको कार्यमा खर्च गर्नुपर्नेछ ।

## ६६. सल्लाको वनलाई चौडापाते वनमा रुपान्तरण गर्ने सम्बन्धी अनुसन्धन प्लट स्थापना र अध्ययन (Experimental Design सहित) ११.४.१७.५५३

१. विगतमा नाङ्गो डाडालाई हरियालीमा रुपान्तरण गर्ने उद्देस्यका साथ विभिन्न जिल्लामा सल्लो प्रजातिको वृक्षारोपण गरिएकोमा हाल काट्न उत्पादन लिन योग्य भई सकेका छन् । यस्ता वनहरु हाल सामुदायिक वन उपभोक्ता समुहबाट व्यवस्थापन गर्ने कार्य भईरहेको छ ।उपभोक्ताको चाहाना र आवश्यकता समेतलाई दृष्टिगत गर्दै विभिन्न जिल्लाहरुमा सल्लाको वनलाई चौडापाते वनमा रुपान्तरण गर्ने कार्यहरु सिकाहाजन्य हिसाबले बढाईएको छ । यसै सिलसिलामा सल्लाको वनमा प्लट स्थापना गरी अनुसन्धान मुलक हिसाबबाट अध्ययन गर्दै निष्कर्षमा पुग्ने उद्देश्यका साथ यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

यो कार्यक्रम संचालन गर्दा सापेक्ष रुपमा सल्लाको वन भएको क्षेत्रमा सम्बन्धित डिभिजन वन कार्यालय उपभोक्ता समुहवाट परिचालन गरि उपभोक्ताबाट सल्लाको बनलाई चौडापाते वनमा रूपान्तरण गर्ने निर्णय भइ सम्बन्धित डिभिजन वन कार्यालयबाट प्रस्ताव अनुमोदन भएमा त्यस्तो बन क्षेत्रमा अनुसन्धान प्लट स्थापना गरिने छ । प्लट स्थापना गर्दा अनुसन्धानको स्वीकृत Protocal तयार गरि सरोकारवाला डिभिजन वन कार्यालय र समुहबाट समेत स्वीकृत लिइनेछ । प्लटमा गरिने वन सम्बन्धिका क्रियाकलापहरु (Silvicultural Treatment) त्यसवाट प्राप्त हुने सम्भावित उपज समेतको वृस्तित नापजाँच लागत समूह प्रतिनिधि र डिभिजन वन कार्यालयको सहयोग र समन्वयमा सम्पादन गरिनेछ । यो कार्यक्रम क्रमागत हिसावले संचालन गर्नु पर्ने हुँदा आवश्यक पर्ने बजेट नियमित रुपमा उपलब्ध गराउने हिसाबबाट कार्यक्रम तय गरिने छ ।

२. वन सम्वर्धन कार्यहरु (कटान, मुछान, ढुवानी, घाटगद्दी आदि) समुहसँग सम्झौता गरि समूह मार्फत गराइनेछ । प्लट स्थापना, रुखको नापजाँच, उत्पादित वन पैदावारको नाप्जंच, वनश्रोत सर्वेक्षण जस्ता प्राविधिक कार्यहरु कार्यालयबाट सोझै वा श्रोत व्यक्तिको सहयोगमा लिइनेछ । नेपाल सरकारको

प्रदेश सचिव

स्वीकृत नमर्सको आधारमा लगत इस्टिमेट तयार गरि कार्यालयबाट स्वीकृत लिई कार्य आरम्भ गरिने छ । यो कार्यक्रम सम्पान्न भए पश्यात देहायका विवरण सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

## ६७. तालिम तथा अनुसन्धान कार्यको लागि मेसिन/उपकरण खरिद

वनको व्यवस्थापन गर्न वन श्रोत सर्वेक्षण, नक्साङ्कन अपरिहार्य हुन्छ । तसर्थ यसलाई प्रविधिमैत्रि र प्रभावकारी बनाउन प्राविधिक दृष्टिकोणले आवश्यक महत्वपुर्ण उपकरण तथा समाग्रिहरुको खरीद गरी तालिम तथा अनुसन्धान कार्यलाई सहज र प्रभावकारी वनाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।यस शिर्षकको रकम वन नक्साङ्कन एवं वनश्रोत सर्वेक्षणको लागि उपयोगि र आवश्यक उपकरण/सामाग्री खरिद गर्नको लागि खर्च गरिने छ । खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्था अनुरुप खरिद गर्नु पर्दछ । खरिद गरेको सामाग्री गुणस्तरिय र आवश्यक Specification सहितको हुन पर्नेछ । यस शीर्षकमा विनियोजित रकम निम्म समाग्री खरिदको लागि प्रयोग गर्नु पर्नेछ ।यस अन्तरगत सम्पुर्ण खरिद कार्यहरु संचलन गर्न सकिनेछ ।

१ तालिम तथा अनुसन्धान कार्यको लागि laser range finder खरिद
२. तालिम तथा अनुसन्धान कार्यको लागि Differential GPS
३. तालिम तथा अनुसन्धान कार्यको लागि vertex खरिद,

## ६८. अनुगमन तथा मूल्याङ्कन तथा प्रतिवेदन तयारी खर्च

मन्त्रालय/निर्देशनालय/डिभिजन वन कार्यालयले सम्पादन गरेका विभिन्न कार्यक्रमहरु के कसरी सञ्चालन भएका छन ? के कति प्रगति भयो ? कुन कुन कार्यक्रमहरु सम्पादन हुन सकेनन? कार्य सम्पादनमा के कस्ता व्यवधानहरु आए ? के कुन कार्यक्रमहरुको सम्पादन राम्रो भयो? के कति वनपैदावर उत्पादन भइ के कति राजश्व प्राप्त भयो ? लगायतका विवरण सहितको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी रेकर्ड अभिलेखिकरण गर्ने र वार्षिक रुपमा एकमुष्ट सङ्कलन गरी पुस्तिका प्रकाशन गर्ने (सफल कार्यको कथा, निबन्ध, कविता, आलेख, मुक्तक, तस्बिर आदि समावेश भएको) उद्देश्यले यो कार्यक्रम राखिएको हो । यस शीर्षकको रकम अनुगमन तथा मूल्याङ्कन, तथ्याङ्क संग्रह र छपाईमा खर्च गर्न सकिनेछ । अनुगमन तथा मूल्याङ्कन को reporting को format देहाय बमोजिम हुनेछ र सो बमोजिम format प्राप्त भएपछि मात्र अनुगमन तथा मूल्याङ्कन भत्ता भुक्तानी गर्नुपर्नेछ ।

| अनुगमन तथा मूल्याङ्कन गर्ने कर्मचारीको नाम पद र कार्यालय | | | | |
|---|---|---|---|---|
| अनुगमन तथा मूल्याङ्कन गरेको मिति तथा समय | | | | |
| सि.नं. | कार्यक्रमको नाम | सञ्चालन गरेको कार्यको विवरण | सुझाव | सुधार गर्नुपर्ने कुराहरु |
| | | | | |
| | | | | |

प्रदेश सचिव

यस कार्यक्रम अन्तरग निम्न कार्यहरु रहेका छन्:

१. मन्त्रालय/निर्देशनालय/डिभिजन वन कार्यालयवाट अनुगमन तथा मूल्याङ्कन तथा प्रतिवेदन तयारी खर्च २.८.१.३४

२. स्थलगत जाँचबुझ, छानविन तथा अनुगमन गरी प्रतिवेदन तयारी २.७.२५.२४१

३. वन तथा वातावरण क्षेत्रको विकास कार्यक्रम वन निर्देशनालयबाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयारी र प्रकाशन खर्च (राष्ट्रिय वन, वातावरण तथा शहरी वन, भू तथा जलाधार कार्यक्रम) २.७.२५.२४२

४. वातावरण तथा शहरी वन तर्फको कार्यक्रम अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदन तयारी २.८.१.२९

५. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन तयारी खर्च २.८.१.३३

**६९. सामुदायिक वनमा फलफुल विरुवा रोपण क्षेत्रमा हेरालु (असार महिनाको लागि- उपसमूह बनाई कबुलियतनामा गरी- कम्तिमा ५ हेक्टर एकै स्थानमा वा २००० वटा विरुवा वृक्षारोपणको लागि) २.५.७.४३**

सामुदायिक वन क्षेत्रमा भएको वृक्षारोपण क्षेत्रको हेरचाह, संरक्षण, गोडमेल, पुनःरोपण गर्न अनुभव प्राप्त व्यक्तिलाई सार्वजानिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ , प्रदेश सार्वजनिक खरिद नियमावली २०७६ तथा प्रचलित नर्मसको पालना गरी असार महिनाको लागि करारमा नियुक्त गरी कामकाज गर्न खटाईनेछ । निजले गर्नुपर्ने कार्यविवरण, पारिश्रमिक सुविधा र खटिनु पर्ने न्युनतम कार्यदिन समेत खुलाई सम्झौता गर्नुपर्ने छ । भुक्तानीको लागि निजले गरेको कार्य प्रगति डिभिजन वन कार्यालयमा पेश गर्नु पर्ने छ । साथै मासिक प्रतिवेदनको आधारमा मात्र मासिक पारिश्रमिक उपलब्ध गराउनु पर्ने छ ।

**७०. तालिम मार्गदर्शन (manual) निर्माण २.७.२५.२३८**

तालिम चक्रका आधारमा तालिमको पहिचान, तालिम योजना निर्माण गर्दै तालिम संचालन र Follow Up गर्ने विधि र प्रक्रिया समेत समावेश गरि तालिम सर सम्बन्धि मार्गदर्शन तयार गर्ने अभिप्रायले यो कार्यक्रम प्रस्ताव गरिएको हो । यो मार्गदशनको अनुशरण गरि जिल्ला स्तर, प्रदेश स्तरमा संचालन हुने तालिमहरु प्रभावकारी ढंग बाट संचालन हुने छन भन्ने अपेक्षा गरिएको छ ।

यो कार्यक्रमका लागि प्रशिक्षण क्षेत्रमा कम्तिमा १० वर्ष अनुभव गरेको परामर्श दाता मार्फत कार्यसम्पन्न गरिनेछ । परामर्श दाताने कार्य सम्पन्न गरे पश्चयात निम्न उपलब्धि सहितको ५ प्रति तालिम मार्गदर्शन (Manual) Computer Printed उपलब्ध गराउनु पर्ने छ प्रस्ताव गरिएको बजेट जसमा कम्तिमा पनि तालिम का विधि प्रक्रिया व्याख्या सहित तालिमको आवश्यकता र पहिचान, तालिम संचालनको पुर्व तयारि तालिम संचालन विधिहरु, Follow Up विधि समेतका Content समावेश

प्रदेश सचिव

हुने छन । सेवा प्रदायकलाई आवश्यकता अनुसार ५०% सम्झौता पश्चयात र बाँकि रकम कर कट्टी गरि कार्य सम्पन्न पश्चयात भुक्तानी गरिने छ .

७१. **आ.व. २०७७/०७८ मा खरिद सम्झौता भएको वि.पी. कोईरालासंग सम्बन्धित २००७ साल देखि काठमाण्डौं, बनारस, पटना, विराटनगर लगायत स्थानहरुको डकुमेन्ट्री तयारी कार्य सम्पन्न गर्ने २.७.२५.२४८**

यस कार्यक्रम संचालन गर्दा संघ वा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन, नियमावलीको प्रयोग गरी गत आ.व. मा भएको सम्झौता बमोजिम कार्य सम्पन्न गर्नुपर्नेछ ।

७२. **वार्षिक रुपमा गरिने सवै कार्यक्रमको स्टाफ वैटकवाट वाँडफाँट कार्यदिश र क्यालेण्डर निर्माण गरी निर्देशनालय मार्फत मन्त्रालयमा पेश गर्ने (२०७८ साउन १५ गते भित्र) २.७.२५.२१२**

यस कार्यक्रम अन्तरगत आ.व. २०७८/७९ मा सञ्चालन हुने कार्यक्रमहरु के कुन स्थानमा, कुन महिना/समयमा, कस्ले, संचालन गर्ने हो ? कुन प्रकृया कहिले शुरु गरी कहिले सम्पन्न गर्नु पर्ने हो ? सो को विवरण सहितको वार्षिक कार्यक्रम कार्यान्वयन क्यालेण्डर निर्माण गरी सो वमोजिम तोकिएकै समयमा कार्य संचालन गरि कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता थप्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो । विस्तृत कार्यक्रम कार्यान्वयन क्यालेन्डर डिभिजन वन कार्यालयका र अन्तरगतका सव डिभिजन वन प्रमुख एवं कम्तिमा सहायकस्तर पाँचौ/रेञ्जर तह सम्मका कर्मचारीको सहभागीतामा तयार गर्नु पर्नेछ । यो शिर्षकको रकम कार्यक्रम कार्यान्वयन क्यालेन्डर बनाउन सहभागी हुने सहभागीहरुलाई खाजा, खाना, स्टेसनरी, यातायात खर्च, चिया-पानी लगायतमा खर्च गर्न सकिने छ ।

७३. **वन तथा वातावरण तर्फको वार्षिक तथा चौमासिक प्रगति समिक्षा गोष्ठी (वन निर्देशनालयस्तर) २.६.६.३५**

वन निर्देशनालय अन्तरगतका कार्यालय, योजना, परियोजनाहरुबाट सञ्चालन भएका कार्यक्रमहरुमा के कस्तो प्रगति भयो ? कार्यक्रम कार्यान्वयन गर्दा पाईएका सवल र दुर्वल पक्षहरु के थिए ? कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता समस्या/चुनौतीहरु आए ? तिनको निराकरणका उपायहरु के हुन सक्छन ? सो पहिल्याइ कार्यक्रमलाई सफलता पुर्वक सम्पन्न गर्न सहयोग पुग्ने अभिप्रायले प्रत्येक चौमासिक र वार्षीक रुपमा प्रगति समीक्षा गोष्ठी सञ्चालन गरिन्छ । गोष्ठीमा निर्देशनालय अन्तरगतका कार्यालय प्रमूख, परियोजना प्रमुख एवं प्रतिनिधिहरु, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका महाशाखा प्रमुखहरु एवं अन्य विषयगत मन्त्रालयका प्रतिनिधि, प्रदेश नीति तथा योजना आयोगका सदस्य एवं अन्य विज्ञ तथा सहजकर्ताहरुको सहभागीतामा सञ्चालन गरिने छ । आवश्यकता अनुसार संघीय विभाग र मन्त्रालयका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ । यस शीर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, समन्वय भत्ता, खाजा, हल भाडा, स्टेशनरी, व्यानर लगायतमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न

भइसकेपछि प्रगति गोष्ठीमा उपस्थिती विवरण तथा माइनुट, फोटो एवं खर्च बिल भर्पाई सहितको गोष्ठी सञ्चालन प्रतिवेदन पेश गर्नु पर्दछ ।

**७४. अघिल्लो आ.व. को प्रदेश वन क्षेत्रको वार्षिक प्रगती तथा वस्तुस्थिति सहितको "बागमती वन दर्पण" पुस्तिका प्रकाशन (दोस्रो चौमासिकभित्र) २.७.२५.२३७**

बागमती प्रदेशमा गत आ.व. मा उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय अन्तरगतका वन-वातावरण क्षेत्रमा कार्यरत कार्यालयहरु (वन निर्देशनालय, डिभिजन वन कार्यालयहरु, भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरु) बाट सम्पादन भएका कार्यक्रमहरुबाट भएको उपलब्धी/प्रगती सहितको समग्र प्रदेशको वन वातावरण तर्फको वस्तुस्तिथी समेटिएको वन दर्पण पुस्तिका प्रकाशन गर्ने हेतुले यो कार्यक्रम राखिएको हो ।यस शिर्षिकमा विनियोजन भएको रकम विभिन्न जिल्ला स्थित कार्यालयहरुबाट तथ्याङ्क संकलन, तथ्याङ्क कम्पाईलेशन, तथ्याङ्क प्रविष्ठी, प्रकाशन हुने पुस्तिकाको भाषा करेक्सन, पुस्तिकाको डिजाईन र प्रकाशन लगायतका कार्यहरुमा लाग्ने खर्च र खटिने कर्मचारीको दैनिक भत्ता, यातायात तथा ईन्धन आदिमा खर्च गर्न सकिने छ ।

पुस्तिकामा निम्न विवरणहरु समावेश भएको हुनुपर्नेछ

क) सामुदायिक वनको नाम,ठेगाना, दर्ता मिति, क्षेत्रफल,घरधुरी,जनसंख्या
ख) बैज्ञानीक वन व्यवस्थापन लागु भएको सामुदायिक वनको नाम, ठेगाना, दर्ता मिति, क्षेत्रफल घरधुरी,जनसंख्या
ग) निजी वनको नाम, ठेगाना, दर्ता मिति, क्षेत्रफल, घरधुरी, जनसंख्या
घ) कबुलियती वनको नाम, ठेगाना, दर्ता मिति, क्षेत्रफल, घरधुरी, जनसंख्या
ङ) धार्मिक वनको नाम, ठेगाना, दर्ता मिति, क्षेत्रफल, घरधुरी, जनसंख्या
च) वन क्षेत्रमा भएको अतिक्रमणको तथ्याङ्क (क्षेत्रफल र स्थान सहित)
छ) वन डढेलो सम्बन्धी विवरण वन क्षेत्रमा रहेको मुद्दाहरुको विवरण
ज) वन वातावरण सम्बन्धी विभिन्न अनुसन्धानका लेख
झ) विभिन्न लेख रचनाहरु

**यस कार्यक्रम अन्तरगत तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।**

१. आ.व.. २०७७/०७८ को प्रदेश वन क्षेत्रको वस्तुस्थितिको तथ्याङ्क सङ्कलन (पहिलो चौमासिक भित्र

२. आ.व. २०७७/०७८ को प्रदेश वन क्षेत्रको वस्तुस्थिति पुस्तिका प्रकाशन (पहिलो चौमासिक भित्र)

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

### ७५. वन तथा वातावरण तर्फ को वार्षिक योजना तर्जूमा गोष्ठी (निर्देशनालयस्तर) २.६.६.३६

निर्देशनालय अन्तरगतका कार्यालय, आयोजना, परियोजनाले आगामि आ.व.को लागि तयार पारेका योजनाहरुमा विस्तृत छलफल गरी प्राथिमकता तोकी प्राप्त बजेट सिलिंग भित्र रही वार्षिक योजना निर्माण गर्न यो कार्यक्रम राखिएको हो । गोष्ठीमा निर्देशनालय अन्तरगतका कार्यालयहरुका प्रमूखहरु, परियोजना प्रमुख एवं प्रतिनिधिहरु, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका महाशाखा प्रमुखहरु एवं अन्य विषयगत मन्त्रालयका प्रतिनिधि, प्रदेश नीति तथा योजना आयोगका सदश्य एवं अन्य विज्ञ तथा सहजकर्ताहरुको सहभागीतामा सञ्चालन गरिने छ । आवश्यकता अनुसार संघीय विभाग र मन्त्रालयका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।यस शर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, समन्वय भत्ता, खाजा, हल भाडा, स्टेशनरी, व्यानर लगायतमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भइसकेपछि प्रतिवेदनमा गोष्ठीमा उपस्थिती विवरण, माइनुट, प्रस्तुतीकरणको विवरण, फोटो, खर्च बिलभर्पाई, कार्यक्रमको सूची तथा गोष्ठीको प्रतिवेदन पेश गर्नु पर्दछ ।

### ७६. डिभिजन वन कार्यालयबाट अनुगमन तथा मूल्याङ्कन तथा प्रतिवेदन तयारी खर्च २.८.१.२५

डिभिजन वन कार्यालयहरुले सम्पादन गरेका विभिन्न कार्यक्रमहरु के कसरी सञ्चालन भएका छन ? के कति प्रगति भयो ? कुन कुन कार्यक्रमहरु सम्पादन हुन सकेनन? कार्य सम्पादनमा के कस्ता व्यवधानहरु आए ? के कुन कार्यक्रमहरुको सम्पादन राम्रो भयो? के कति वनपैदावर उत्पादन भइ के कति राजश्व प्राप्त भयो ? लगायतका विवरण सहितको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी रेकर्ड अभिलेखिकरण गर्ने र वार्षिक रुपमा एकमुष्ट सङ्कलन गरी पुस्तिका प्रकाशन गर्ने (सफल कार्यको कथा, निबन्ध, कविता, आलेख, मुक्तक, तस्बिर आदि समावेश भएको) उद्देश्यले यो कार्यक्रम राखिएको हो । यस शीर्षकको रकम अनुगमन तथा मूल्याङ्कन, तथ्याङ्क संग्रह र छपाईमा खर्च गर्न सकिनेछ । अनुगमन तथा मूल्याङ्कन को reporting को format देहाय बमोजिम हुनेछ र सो बमोजिम format प्राप्त भएपछि मात्र अनुगमन तथा मूल्याङ्कन भत्ता भुक्तानी गर्नुपर्नेछ ।

<table>
<tr><td colspan="5">अनुगमन तथा मूल्याङ्कन गर्ने कर्मचारीको नाम पद र कार्यालय</td></tr>
<tr><td colspan="5">अनुगमन तथा मूल्याङ्कन गरेको मिति तथा समय</td></tr>
<tr><td>सि.नं.</td><td>कार्यक्रमको नाम</td><td>सञ्चालन गरेको कार्यको विवरण</td><td>सुझाव</td><td>सुधार गर्नुपर्ने कुराहरु</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

### ७७. नदी उकास जग्गामा खनजोत गरी बिऊ छर्ने (मरिण, भिमान, दुधौली, कमलामाई, रासी, ईन्द्रावती, तामाकोशी, सुनकोशी, बागमती) ११.४.१७.२२७

डिभिजन वन कार्यालयहरुले आफ्नो क्षेत्रमा रहेका कार्यक्रममा तोकिएका विभिन्न नदी तथा खहरेहरुको किनार क्षेत्र/नदी उकास क्षेत्रहरुको पहिचान गर्नुपर्ने छ । पहिचान भएका नदी उकास

प्रदेश सचिव

क्षेत्रहरुमा आवश्यकता अनुसार प्रजातिको (खयर, ईमिली (Upepr Storey) र खसखस/भेटिभर (Lower Storey) बिऊ उपयुक्त समयमा छर्नुपर्दछ । सकभर छर्ने बिऊ स्थानीय स्तरमै वा सो स्थानसँग मिल्दा ठाउँबाट सङ्कलन भएको बिऊ छर्नु पर्दछ । यो शीर्षकको रकम बिऊ सङ्कलन, जमिन खनजोत तथा जमिन तयार गर्ने, झाडि सफाई गर्ने, तारवार गर्ने, विउ खरिद गर्ने, बिऊ छर्ने लगायतका कार्यमा लागत अनुमान स्वीकृत गराइ खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न पश्चात बिऊ छरिएको क्षेत्र, छरिएका प्रजाति, भएका क्रियाकलापको फोटो, खर्च विलभर्पाई सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

- जग्गा तथा क्षेत्र पहिचान
- नदी उकास जग्गा सकभर खोलाको पानीको बहाव ख्याल गरी पानी नपस्ने क्षेत्रमा गर्ने ।
- खनजोत गर्ने । जग्गाको तयारी गर्ने । झाडि भए हटाउने, जोत्ने वा खन्ने । Pit formation गर्ने ।
- जमिन सुहाउँदो प्रजातीको विउ संकलन गरी छर्ने ।
- यो कार्यक्रम टुक्रयाएर गर्न पाइने छैन ।

**७८. सब-डिभिजनमा विद्यार्थी ईको क्लब सञ्चालन (पुरानो ईको क्लब सञ्चालन समेत प्रति मा.वि. रु १० हजारको दरले) २.७.२५.८०**

सब-डिभिजन अन्तरगत पर्ने सामुदायिक विद्यालयहरुमा माध्यमिक/उच्च माध्यमिक स्तरमा अध्ययनरत विद्यार्थीहरुलाई वन, वातावरण सम्वन्धि सचेतनाको लागि नयाँ ईको क्लब गठन तथा सञ्चालन तथा पुराना ईको क्लबको सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो । विद्यालय छनौट गर्दा हरेक सब-डिभिजनमा पर्ने गरी सञ्चालन गर्नुपर्नेछ । यो शीर्षकको रकम इको क्लब गठन र संचलनको क्रममा हुने बैठक, वन वातावरण सम्वन्धि भित्ते पत्रिका प्रकाशन, हाजिरी जवाफ, वक्तित्वकला, न्याली, स्टेशनरी, व्यानर, दिवसको अवसरमा क्लववाट हुने वृक्षारोपण, कक्षा सञ्चालन लगायतका कृयाकलापहरुमा खर्च गर्न सकिने छ । खर्चको विवरण विद्यार्थीहरु माझ सार्वजनिक गर्नुपर्नेछ ।

**७९. डिभिजन वन कार्यालयको अघिल्लो आ.व.को वार्षिक प्रगती पुस्तिका प्रकाशन (समग्र वन क्षेत्रको वस्तुस्थिती झल्कने गरी) २.७.२५.२३५**

डिभिजन वन कार्यालयहरुले वार्षिक रुपमा सम्पादन गरेका विभिन्न कार्यक्रमहरु के कसरी सञ्चालन भए ? के कति प्रगति भयो ? कुन कुन कार्यक्रमहरु सम्पादन हुन सकेनन ? कार्य सम्पादनमा के कस्ता व्यवधानहरु आए ? के कुन कार्यक्रमहरुको सम्पादन राम्रो भयो ? के कति वनपैदावर उत्पादन भइ के कति राजश्व प्राप्त भयो ? लगायतका विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी रेकर्ड अभिलेखिकरण गर्ने र आवश्यक प्रचारप्रसारका लागि यो कार्यक्रम राखिएको हो । तथ्याङ्क सङ्कलन तथा व्यवस्थापनका लागि स्नातक तहसम्म अध्ययन गरेको वन प्राविधिकलाई प्रयोग गर्न सकिनेछ । यो शिर्षकमा विनियोजित रकम तथ्याङ्क संकलन, कम्पाईलेशन, प्रविष्ठी, तथ्याङ्क विश्लेषण, टाईपिङ र



प्रदेश सचिव

पुस्तिका प्रकाशनमा खर्च गर्न सकिने छ । यस कार्यक्रमलाई तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रकाशन गरी तीन चरणमा सम्पन्न गर्नु पर्नेछ । वार्षिक प्रगति पुस्तिकामा कम्तिमा देहायका विवरण समावेश गर्नु पर्नेछ ।

- जिल्लाको संक्षिप्त परिचय ।
- स्विकृत वार्षिक कार्यक्रम, बजेट र प्रगति।
- जिल्लाको प्राकृतिक स्रोतको विवरण ।
- बन अपराध, वन संरक्षण, वन अतिक्रमणको परिमाणमुलक उपलब्धि ।
- वन व्यवस्थापनको उत्पादनका विवरणहरु ।
- वन व्यवस्थापन पद्धति (सामुदायिक/धार्मिक/कबुलियती/निजी) तथ्याङ्क र प्रगति विवरण।
- सब-डिभिजन स्तरको वन तथा वातावरण क्षेत्रको तथ्याङ्क ।
- कार्यालयले सम्पादन गरेका नविन कार्यहरुको सूची ।
- अनुगमन तथा मूल्याङ्कनबाट देखिएका राय, प्रतिक्रिया र सुझावहरु ।
- कार्यरत कर्मचारीहरुको सम्पर्क नम्बर सहितको विवरण ।
- विविध

कार्यक्रम सम्पन्न पछि प्रतिवेदनमा निम्न बुँदाहरु समाबेश गर्नुपर्नेछ ।

- प्रकाशित सामग्रीको संख्या।
- प्रकाशित सामग्रीको डिपिटल कपि समेत

## ८०. बराण्डाभार संरक्षित वन व्यवस्थापन कार्यक्रम

यस कार्यक्रम अन्तरगत देहायबमोजिमको कार्यक्रम रहेको छ ।

**क) बरण्डाभार क्षेत्रभित्र ढलापढा, सुख्खडखडा काठ दाउरा सङ्कलन (जिल्ला दर रेट अनुसार - संकलन खर्च प्रदेश सरकारलाई सोध भर्ना हुने गरी) २.७.२५.२१७**

यो कार्यक्रम बरण्डाभार संरक्षित वनक्षेत्रबाट स्वीकृत कार्ययोजना अनुसार ढलापडा काठ एवं दाउरा कटान मुछान गरी व्यवस्थित गर्ने कार्यमा खर्च गर्ने अभिप्रायले राखिएको हो । बरण्डाभार संरक्षित वनक्षेत्रमा हावाहुरी वा अन्य कारणले ढलेका रुखहरु प्रचलित वन ऐन तथा नियमावली र सामुदायिक वनको काठ/दाउरा सङ्कलन तथा बिक्रीवितरण निर्देशिका २०७१, वन पैदावर सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ अनुसार गर्नुपर्नेछ ।यो शीर्षकमा विनियोजित रकम सूचना प्रकाशन, छपान, कटान मुछान, ढुवानी, लोड, अनलोड, पाईलिङ आदि कार्यमा प्रचलित नर्मस् एवं जिल्ला दररेट बमोजिम खर्च गर्नुपर्ने छ । डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरुका कर्मचारी, सरोकारवाला निकायहरु समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रमहरु सम्पन्न भएपछि कार्यसम्पन्न प्रतिवेदनको उत्पादन भएको काठ, दाउराको विवरण, फोटो सहितको बिल भर्पाई पेश गर्नुपर्नेछ।

प्रदेश सचिव

८१. सबै डिवकाबाट गत आ.व.मा भएको र यस आ.व. मा हुने प्लट वृक्षारोपणको चौमासिक अनुगमन, प्रतिवेदन तयारी र प्रकाशन, राय सहित मन्त्रालयमा पेश गर्ने २.७.२५.२३६

क) यस कार्यक्रम संचालन गर्दा निर्देशनालयले पहिलो चौमासिकमा गत आ.व. मा भएको सबै वृक्षारोपण क्षेत्रको Survival Percentage सहितको अनुगमन प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

ख) यो कार्यक्रममा दैनिक भ्रमण भत्ता तथा सामान्य स्टेसनरीमा खर्च गर्न सकिनेछ ।

ग) दोस्रो चौमासिकमा पहिचान भएका र चालु आ.व. मा वृक्षारोपण गरिने क्षेत्रहरुको Site Selection, Survey नक्साङ्कन सहितको विवरण सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ।

घ) तेस्रो चौमासिकमा चालु आ.व. मा वृक्षारोपण हुने र गत आ.व. मा वृक्षारोपण भएको क्षेत्रमा Casualty Replacement भएको विवरण सहितको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

८२. प्रविधियुक्त प्रदेशस्तरीय नर्सरीमा विरुवा उत्पादन (३० हजार विरुवा, सांस्कृतिक तथा आयूर्वेदिक बिरुवा अश्वगन्धा, गुर्जो, बेल, रुद्राक्ष, श्रीखण्ड आदी) ११.४.१७.५५४

निर्माण भएको प्रविधियुक्त नर्सरीमा रोग प्रतिरोधक बिरुवाहरु जस्तै अश्वगन्दा, गुर्जो, टिमुर, अमला, सर्पगन्धा जस्ता बिरुवा उत्पादन गर्नु पर्नेछ । गुणस्तरीय बिरुवा उत्पादन गर्न मलिलो वनको माटो लगायत सामाग्री तथा उपयुक्त प्रविधि प्रयोग गर्नु पर्दछ । बिरुवा उत्पादन तथा निजी क्षेत्रका नर्सरीबाट बिरुवा खरिद गर्ने कार्य वन तथा भू संरक्षण विभागको कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७१ र स्वीकृत नर्मस् अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

८३. प्रविधियुक्त प्रदेशस्तरीय नर्सरीमा नर्सरी नाईकेको पारिश्रमिक (वार्षिक रुपमा) २.५.७.२४

प्रविधियुक्त प्रदेश स्तरीय नर्सरीमा कम्तीमा ५ वर्ष नर्सरी सञ्चालनमा कार्य गरेको व्यक्तिलाई सार्वजानिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ तथा प्रचलित नर्म्सको पालना गरी करारमा नियुक्त गरी कामकाजमा लगाईने छ । भुक्तानीको लागि आर्थिक ऐन/नियम बमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतिवेदन, डोर हाजिरी लगायतका आवश्यक कागजात सहित तोकेको अधिकृतको सिफारिसमा भुक्तानीको व्यवस्था गर्नुपर्नेछ ।

८४. चुरे तथा मध्य पहाडमा हैसियत बिग्रेको जमिन पुनर्उत्थानको लागि अध्ययन तथा अनुसन्धान प्लट स्थापना (प्लटमा तारबार, बिरुवा खरिद तथा रोपण आदि) ११.४.१७.२३८

यस कार्यक्रममा चुरे तथा मध्य पहाडमा रहेका हैसियत बिग्रिएको एवं क्षतिग्रस्त, भू-क्षय भै problematic soil, अतिक्रमणको चपेटामा परी वनको रुप परिवर्तन हुन खोजेको वन क्षेत्र पहिचान गर्नुपर्दछ । पहिचान भएका क्षेत्रहरुमा पुनरुत्थानका क्रियाकलापहरु सञ्चालन गर्नु पुर्व त्यस क्षेत्रलाई पुर्णरुपले सुरक्षित हुने गरी तारबारको व्यवस्था गर्नुपर्दछ । पुनरुत्थानका कार्यक्रममा भू-संरक्षणका कार्यहरु सञ्चालन सँगै सो क्षेत्रलाई समय समय/वर्षेनी/वा निश्चित समयमा अनुगमन गरी आयमुलक तथा सुख्खा सहन सक्ने तथा चाडो हुर्कने रुख बिरुवाहरु लगाउनु पर्नेछ । सकेसम्म सो क्षेत्रको कार्यक्रम सञ्चालन पुर्व र पछि पनि फोटो लिन सकिने गरी एक निश्चित स्थानको छनौट गरी त्यसलाई रेकर्डमा राख्नुपर्दछ । यो शीर्षकको रकम प्लट स्थापनाको लागि क्षेत्र छनौट, सर्भे,

तारबार, रोपण गरिने विरुवा खरिद, ढुवानी, रोपण, होडिङ्ग बोर्ड निर्माण र स्थापना, अनुगमन लगायतका क्रियाकलापहरुमा लागत अनुमान स्वीकृत गराई खर्च गरिने छ । यो कार्यक्रम नदी उकास जग्गामा बिऊ छर्ने कार्यक्रम जस्ता क्षतिग्रस्त भूमि पुनरुत्थान गर्ने अन्य कार्यक्रम सञ्चालन भएको क्षेत्रमा मिलाएर गर्न सकिन्छ । कार्यसम्पन्न भएपछि तारबार भएको क्षेत्रको GPS नक्सा सहितको सञ्चालित क्रियाकलापहरुको फोटो कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने छ।

**८५. गत आ.व.मा निजि तथा सा.व.मा मोसो बाँसको अध्ययन तथा अनुसन्धानको लागि स्थापना भएको प्लट ११.४.१७.५४८**

गत आ.व.मा निर्माण गरिएको मोसो बाँसको स्थायी प्लटको व्यवस्थापनका लागि यो शीर्षकको रकम खर्च गरिनेछ । गत आ.व.मा निर्माण गरिएका स्थायी प्लटको विवरण र सो मा मापन गरिएको डाटा वन अनुसन्धान तथा तालिम केन्द्रले सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहमा/निजी वन धनी समेत दुरुस्त गरी व्यवस्थित तवरले राख्ने सुनिश्चितता मिलाउनु पर्दछ । यो कार्य वन अनुसन्धान तथा तालिम केन्द्र वा मातहतका वन प्राविधिक मार्फत सामुदायिक वन उपभोक्ताहरुको प्रत्यक्ष संलग्नतामा सम्पन्न गरिनेछ ।प्लट निर्माण गर्दाको बासको विरुवाको अवस्था के कस्तो रहेको छ? विरुवा मरेको खण्डमा उक्त विरुवाको स्थानमा अर्को विरुवा रोप्ने, प्लट स्थापना भएको क्षेत्रको सरसफाई गर्ने जस्ता व्यवस्थापनका कार्यक्रम संचालन गर्नु पर्दछ ।विरुवाको Growth rate, survival rate, plot मा भएको casualty के छ ? सो को तथ्याङ्क अध्यावधिक गरी सोही बमोजिमको व्यवस्थापनको कार्य पहिचान गरी व्यवस्थापन गर्नुपर्दछ । यो प्लटको विवरण दिगो रुपमा रजिष्टर खडा गरी अभिलेख राख्नु पर्नेछ । फछ्र्यौट गर्दा प्रतिवेदन साथ प्लट स्थापना भएको क्षेत्र/सा.व., प्लटको संख्या, साईज, स्थान, संलग्न व्यक्तिहरुको नामावली, जि.पि.एस. कोअर्डिनेट, रुख बिरुवा मापनको विवरण, विवरण भरिएको फारम, लागत अनुमान, फोटो लगायतका बिल भर्पाईहरु संलग्न गर्नु पर्नेछ ।

**८६. अतिक्रमण हुनसक्ने संवेदनशील वन क्षेत्रमा वनक्षेत्रको जग्गा छुट्याई फलफूल वृक्षारोपण हेज निर्माण प्रति कि.मि. कम्तिमा ५०० बिरुवा (ईमिली, हाईब्रिड अमला/बयर/जामुन/ओखर/ पिकानट/मेकाडानिया) ११.४.१७.२४७**

अतिक्रमण हटाई सकिएको स्थान वा अतिक्रमण हुनसक्ने संवेदनशील वन क्षेत्र त्यसै छाड्दा पुन अतिक्रमण हुनसक्ने अवस्था सृजना हुनसक्ने भएकोले त्यस्तो क्षेत्र अतिक्रमण हुन नदिन वृक्षारोपण गरी संरक्षण गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो । यस शीर्षकमा बिनियोजन भएको बजेट रकमबाट स्थान सुहाउँदो विभिन्न बिरुवा (ईमिली, हाईब्रिडअमला / बयर / कागती / ओखर / पिकानट / मेकाडानिया लगायतका) प्रजातिहरु, कम्तिमा पनि ५०० गोटा बिरुवा प्रति किलोमिटर/हेक्टर रोपण गर्नु पर्नेछ । कार्यसञ्चालनको लागि उपभोक्ता समिति बनाई गर्न सकिने छ । यो शीर्षकको रकम स्थान छनौट, सर्भे, नक्साङ्कन, छलफल/बैठकमा चिया-खाजा जग्गा तयारी, बिरुवा वा बिऊ खरिद, ढुवानी, रोपण, संरक्षण तारबार लागायतमा खर्च गर्न सकिनेछ ।कार्यक्रम



प्रदेश सचिव

सम्पन्न भएपछि प्रतिवेदनमा कार्यक्रम संचालन गरिएको स्थान/समूहको नाम र ठेगाना, क्षेत्रको विवरण, क्षेत्रफल, खरिद तथा रोपण प्रजाति, संख्या, फोटो, बिल भर्पाई लगायतका कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ ।

### ८७. चितवन र मनहरी क्षेत्रमा माइकेनिया झार व्यवस्थापन गरी वायो ब्रिकेट उत्पादनमा सहयोग कार्यक्रम ११.३.२२.१८

यो कार्यक्रम माइकेनिया झार, बनमारा लगायत अन्य मिचाहा प्रजातिहरु व्यवस्थापनका लागि प्रभावित क्षेत्रहरुमा सामुदायिक वन उपभोक्ता समूहहरुलाइ उपकरण सहयोग गर्न सकिनेछ । यसको लागि सो कार्यक्रम संचालन गर्न ईच्छुक समूहहरुवाट प्रस्ताव आव्हानको लागि राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी प्राप्त प्रस्तावको मुल्यांकनवाट उपयुक्त प्रस्ताव छनौट गरी सहयोग उपलव्ध गराईने छ ।

### ८८. केन्द्रिय नर्सरी स्थापना/ मर्मत (उत्पादन क्षमता कम्तिमा २५ हजार, तोकिएको मापदण्ड अनुसार) ११.४.१७.२७४

जिल्ला स्थित स्थायी प्रकृतिको सञ्चालनमा रहेका नर्सरीलाई स्तरोन्नति गर्न वा नयाँ स्थायी प्रकृतिको कम्तिमा २५ हजार बिरुवा उत्पादन क्षमताको केन्द्रिय नर्सरी निर्माण गर्न यो कार्यक्रम केन्द्रित रहेको छ । खर्च अनुमान गर्दा वन तथा वातावरण मन्त्रालयको प्रचलित स्वीकृत नर्मस तथा प्रचलित जिल्ला दररेट बमोजिम गर्नु पर्नेछ । नर्सरीमा सिंचाईको स्थायी व्यवस्था, नर्सरी सुरक्षाको लागि स्थायी तारबार वा पर्खाल, ओभरहेड वाटर टैंक, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रीन हाउस, हरेक बेडमा पाईप जडान गरी स्प्रिङ्कल सिंचाईको व्यवस्था, बत्तीको व्यवस्थाका कार्यहरु गर्न सकिनेछ । जडिबुटीका बिरुवा उत्पादन गर्दा पकेट क्षेत्रको लागि उत्पादन गर्नु पर्नेछ । नर्सरी निर्माण तथा सुधार गर्दा गरिएका कृयाकलापहरुको स्पष्ट देखिने गरी रजिष्टरको व्यवस्था गर्नु पर्दछ । नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी नामाकरण गरी Layout देखिने गरी होर्डिङ्ग बोर्ड राख्नुपर्दछ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा निम्न बुँदाहरु समावेश गर्नु पर्नेछ :

- नर्सरीको स्थापना तथा मर्मतको औचित्य,
- नर्सरी स्थापना गरिएको स्थान, Layout सहितको होर्डिङ्ग बोर्ड नक्शा,
- नर्सरीको बिरुवा उत्पादन क्षमता र स्थानको क्षेत्रफल,
- स्थापना गर्दा लागेको खर्च,
- नर्सरी स्थापना तथा मर्मत गरिएको स्थान, फोटो,
- नर्सरीको पहिलेको क्षमता र अभिवृद्धि गरिएको भए हालको क्षमता,
- मर्मत गर्दा लागेको खर्च,
- नर्सरी स्थापना हुनु अघि तथा पछिको फोटो ।

प्रदेश सचिव

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश ... नेपाल

## ८९. केन्द्रिय तथा हाईटेक नर्सरीमा गत आ.व.मा उत्पादन भएका बहुवर्षीय बिरुवाहरुको संरक्षण ११.४.१७.२७७

यस शीर्षकको रकम आ.व.२०७७।७८ मा केन्द्रिय तथा हाईटेक नर्सरीमा उत्पादन भएका बिरुवाहरुको हेरचाह, गोडमेल जस्ता कार्यको लागि प्रचलित नर्मसको परिधि भित्र रहि लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ ।

## ९०. केन्द्रिय तथा हाईटेक नर्सरी संचालनका लागि वार्षिक रुपमा तालिम प्राप्त नर्सरी नाईकेको पारिश्रमिक २.५.७.३३

यो शीर्षकमा विनियोजित रकम नर्सरी नाईकेको पारीश्रमिक वापत खर्च गरीनेछ । भुक्तानीको लागि आर्थिक ऐन/नियम वमोजिम राखुपर्ने मासिक कार्य सम्पन्न प्रतीवेदन, हाजिरी लगायतका आवश्यक कागजात सहित डि.ब.का.ले तोकेको नर्सरी अधिकृतको सिफरिशमा भुक्तानीको व्यवस्था गर्नुपर्नेछ । निजले नर्सरी अधिकृतको प्रत्यक्ष निर्देशन र अधिनमा रही काम गर्नु पर्नेछ ।

## ९१. नदि जलासयहरुमा जलचर संरक्षणका लागि पानीको गुणस्तर चेकचाँज २.७.२५.२०२

यो कार्यक्रम नदि तथा जलासायहरुमा पाईने जलचरको संरक्षण गरी जलीय पारिस्थितिकिय प्रणाली संरक्षण गर्ने उद्धेश्यले राखीएको हो ।जलासायको पानीको नियमित गुणस्तर मापन गरी उक्त जलासयको प्रदुषणको स्तर मापनको लागि यस कार्यक्रम अन्तरगत रहेको रकम खर्च गर्न सकिनेछ ।मासिक रुपमा पानीको नमुना संकलन गरी उक्त संकलित नमुलाई प्रयोगशालामा परिक्षण गराई पानीको गुणस्तरको अवस्थाको वियमा मन्त्रालयलाई समेत जानकारी उपलब्ध गराउन पर्नेछ ।

## ९२. चित्तल संरक्षणका लागि वन विज्ञान अध्ययन संस्थान हेटौडामा प्लाष्टिकजन्य फोहोर सरसफाई कार्यक्रम २.७.२५.२०३

यो कार्यक्रम वन विज्ञान अध्ययन संस्थानको सेरोफेरोमा रहेको चित्तलको समुहलाई संरक्षण गर्ने उद्देश्यले राखीएको हो । विगतको समयमा सो स्थानमा रहेको फोहोरको कारण वन्यजन्तुको बासस्थान र आहारमा पर्न गएको असर न्यूनीकरण गर्ने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको हो । यो कार्यक्रम संचालन गर्दा मन्त्रालयसंग समन्वय गरी त्यस वन विज्ञान अध्ययन संस्थान वा त्याहा रकेको बातावरणसंग सम्बन्धित समुह/क्लबसंगको सहकार्यमा सम्पन्न गर्न सकिनेछ । कार्यक्रममा विनियोजित रकम सरसफाईको समाग्री खरीद, खाना/खाजा ईत्यादीमा खर्च गर्न सकिनेछ । भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, फोटो, विल भरपाई पेश गर्नु पर्नेछ ।

## ९३. आगलागि नियन्त्रणको लागि वन दस्ता टोलि छनौट र नियुक्ति २.७.२५.२०५

यो कार्यक्रम वन डढेलो नियन्त्रणको कार्य प्रभावकारी वानउने उद्देश्यले राखिएको हो । सम्बन्धित डिभिजन वन कार्यालयले समन्वय गरी स्थानीय तहको सहकार्यमा वन दस्ता छनौट गर्न सक्नेछ । यस शिर्षकको रकम वन दस्ता टोलिलाई पारिश्रमिककोलागि खर्च गर्न सकिनेछ ।

प्रदेश सचिव

९४. वन दस्ता टोलिको लागि फिल्ड गियर (ज्याकेट, हेल्मेट, जुत्ता ज्याकेटमा प्रस्टसंग डि.ब.का.को नाम प्रिन्ट गर्ने) २.७.२५.२०६

वनमा हुने चोरी निकासी तथा अन्य वनजन्य अपराध नियन्त्रको निमिति वनमा खटीने कर्मचारीले दिन रात, वर्षाको तथा गर्मी कुनै पनि समयमा गस्तिमा जानुपर्ने हुन्छ । उक्त गस्ती संचलान गर्न वन दस्तालाई अत्यावश्यक समाग्री जस्तै वर्षाती, लाईट,जुत्ता, ज्याकेट, मास्क पंजा, हेलमेट को खरीद गर्नको निमित्त यो कार्यक्रम राखिएको हो । यस कार्यक्रम संचालन गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिमा रहि खरिद गर्नुपर्नेछ ।यस कार्यक्रममा खरीद हुने सामाग्रीको रंग वन्यजन्तु मैत्री छनौट गरी खरीद गर्नुपर्नेछ साथै ज्याकेटमा सम्बन्धित डि.ब.का. को नाम स्पस्ट देखिने गरी छपाई गर्नु पर्नेछ।

९५. वन दस्ता टोलिलाई आगलागी नियन्त्रण गर्न जाँदा खाजा र पानी खर्च १४५ जनालाई ३० दिन सम्मको २.७.२५.२०७

बन डढेलो नियन्त्रण कार्यलाई प्रभावकारी वनाउनको लागि दस्ता परिचालनमा सहजता प्रदान हुने हेतुले यो कार्यक्रम राखिएको हो । यस शिर्षकको रकम दस्तालाई खाजा, पानी लगायतको कार्यमा नियमानुसार खर्च गर्न सकिने छ ।

९६. आगलागि नियन्त्रणका लागि कार्यविधिमा लेखिएको सामाग्री सेट खरिद तथा डि.व.का.हरुलाइ हस्तान्तरण(भक्तपु र रसुवा रामेछापलाई एक सेट र बाकी डि.व.का.हरुलाई तिन सेट) २.७.२५.२०८

वन क्षेत्र संरक्षण तथा वन व्यवस्थापनको लागि वन क्षेत्रलाई बहिरी प्रभावहरुबाट जोगाउन आवश्यक देखिन्छ, जसमा वन डढेलो एक प्रमुख समस्या देखिन्छ । सो कारणले वन क्षेत्रलाई वन डढेलोबाट जोगाउनका निमित्त यो कार्यक्रम राखिएको हो । यस कार्यक्रम अन्तरगत डढेलो नियन्त्रणको लागि आवश्यक पर्ने सम्पुर्ण समाग्रीहरु खरिद गरी सम्पन्न गर्नुपर्नेछ । खरिद गरिएको सामाग्री डिभिजन वन कार्यालयहरुलाई हस्तान्तरण गर्नुपर्नेछ । यस कार्य संचालन गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीको अधिनमा रहि समाग्री खरिद गर्नुपर्नेछ ।

९७. वातावरण संरक्षण तथा सरसफाईका लागि यूवा विद्यार्थि, महिला समूह, आमा समूह, वन समूह लगायतलाई समावेश गरी स्वयम् सेवक परिचालन २.७.२५.२०९

डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यलयहहरुले आफ्नो कार्यक्षेत्र भित्र वातावरण र सरसफाईको सम्वन्धमा जनचेतना जगाउँदै वातावरण संरक्षण र सरसफाईमा अग्रसर वनाउने उद्धेश्यले यो कार्यक्रम राखिएको हो । कार्य संचालन गर्दा स्थानीय युवा क्लव तथा युवा विद्यार्थी, इको क्लव, एन्टिपोचिङ युनिट, महिला समूह, आमा समूह, वन समूह (सामुदायिक वन/कवुलियती वन/संरक्षित वन/निजी वन संजाल) आदिमा आवद्ध व्यक्तिहरुलाई स्वयंसेवकको रुपमा संलग्न गराई संचालन गरीनेछ । यो शीर्षकको रकम वातावरण संरक्षण तथा सरसफाई सम्वन्धमा जनचेतनामुलक कार्यक्रम संचालन, सरसफाई कार्यक्रम संचालन गर्दा कार्यक्रममा खटिने



सचिव

स्वयंसेवकको भत्ता, खाजा, पानी, व्यानर लगायतमा लागत अनुमान स्वीकृत गराई खर्च गरीनेछ । कार्यसम्पन्न भएपछि भए गरेको कार्यक्रमको विवरण संलग्न व्यक्तिहरुको नामावली, फोटो र आवश्यक विल भर्पाई सहितको प्रतीवेदन पेश गर्नुपर्ने छ ।

**९८. जैविक विविधता सुचना केन्द्र टिकौलीको हेरचाह तथा सुरक्षाको लागि चौकिदार (व्यक्ति परामर्श) २.५.७.३७**

यो शीर्षकमा विनियोजित रकम जैविक विविधता सुचना केन्द्रको हेरचाह तथा सुरक्षाको निमित्त खटाईएको हेरालुलाई पारीश्रमिक वापत खर्च गरीनेछ । भुक्तानीको लागि आर्थिक ऐन/नियम वमोजिम राखुपर्ने मासिक कार्य सम्पन्न प्रतीवेदन, हाजिरी लगायतका आवश्यक कागजात सहित सम्बन्धित कार्यालय/कर्मचारीको सिफरिशमा भुक्तानीको व्यवस्था गर्नुपर्नेछ । निजले नर्सरी अधिकृतको प्रत्यक्ष निर्देशन र अधिनमा रही काम गर्नु पर्नेछ ।

**९९. विद्यालयको जग्गामा वृक्षारोपणको लागि फलफूल बिरुवा खरिद गरी वृक्षारोपण प्रति विद्यालय कम्तीमा १०० गोटा हुने गरी ११.४.१७.२८३**

यस कार्यक्रमबाट विद्यालयको कम्पाउण्ड भित्र फलफूल बिरुवा खरिद गरी वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ । प्रचलित नर्मसको अधिनमा रही यस शीर्षकमा विनियोजन भएको रकम बिरुवा खरिद, ढुवानी तथा रोपण लगायतमा खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भएपछि सञ्चालित गतिविधिको फोटो, रोपिएका बिरुवा संख्या, जात, स्थान, रोपण भएको विद्यालय सहितको विवरण संलग्न राखि प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**१००. हेटौंडा उपमहानगरपालीका ८ र १५ को क्षतिग्रस्त भुमी पुनरोत्थान कार्यक्रम वन तथा वतावरण संरक्षण निर्माण ११.४.१७.५९३**

हेटौंडा उ.म.न.पा. वडा ८ र १५ को हैसियत बिग्रिएको एवं क्षतिग्रस्त जमिनहरुको (नदी तथा खहरेहरुको किनार क्षेत्र/नदी उकास क्षेत्रहरु आदि समेत) पहिचान गर्नुपर्दछ । पहिचान भएका क्षेत्रहरुमा पुनरुत्थानका क्रियाकलापहरु सञ्चालन गर्नुपूर्व त्यसक्षेत्रलाई पुर्णरुपले सुरक्षित हुने गरी तारबारको व्यवस्था गर्नुपर्दछ । लागत अनुमान स्वीकृत गराइ खर्च गरिने छ । यो कार्यक्रम नदी उकास जग्गामा बिऊ छर्ने, वृक्षारोपण गर्ने जस्ता क्षतिग्रस्त भूमि पुनरुत्थान गर्ने अन्य कार्यक्रम सञ्चालन भएको क्षेत्रमा मिलाएर गर्न सकिन्छ । कार्यसम्पन्न भएपछि तारबार भएको क्षेत्रको GPS नक्सा सहितको सञ्चालित क्रियाकलापहरुको फोटो कार्यसम्पन्न प्रतिवेदन र आवश्यक सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

१०१. नदि जलाशयहरुमा जलचर संरक्षणको लागि पानीको गुणस्तर चेकजाँच (अन्य)

२.७.२५.२०२

बागमती प्रदेश अन्तर्गत पर्ने रासी खोलामा जलचर संरक्षणको लागि पानीको गुणस्तर चेकजाँज गरी प्रतिवेदन तयार गर्न यो कार्यक्रम राखीएको हो ।प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलि अनुसार सेवा प्रदायक छनौट गरी सेवा प्रदायकबाट यो काम गर्न सकिने छ ।

१०२. आगलागी नियन्त्रणका लागि कार्यविधिमा लेखिएको सामग्री सेट खरिद तथा डि.व.का.हरुलाई हस्तान्तरण (भक्तपुर रसुवा रामेछापलाई एक सेट र बाँकी डि.व.का.हरु लाई ३ सेट)

२.७.२५.२०८

वन डढेलो नियन्त्रण गर्नका लागी आवश्यक पर्ने उपयोगी साधनहरु खरिद गरी वितरण गर्नका लागि यो कार्यक्रम राखिएको हो । वर्तमान अवस्थामा ह्याण्डिलींङ्ग गर्न सजिलो सामनहरुको खोजी गरी उपयुक्त र उपयोगी सामान खरिद गर्न यसमा राखीएको वजेटबाट रकम खर्न गर्न सकिन्छ। प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलि अनुसार सामग्री खरिद गर्न सकिने छ ।

१०३. निर्देशनालयबाट तारवार सहितको वृक्षारोपण मोडल (एकै स्थान वा एक भन्दा वढि स्थान) (वन तथा वातावरण संरक्षण निर्माण) ११.४.१७.५९४

विगतमा गरीएका वृक्षारोपणहरुमा वृक्षारोपण कार्य सफल भए पनि विरुवाको बाँच्ने र हुर्कने प्रतिशत कमि देखिएकोले यसमा व्यवस्था गरीएको वजेट वाट बागमती प्रदेश अन्तर्गत सामुदायिक वन राष्ट्रिय वन सार्वजनिक खाली क्षेत्र लगायतको स्थानमा क्षेत्र छनौट गर्ने र स्थानिय निकाय सा. व. उ. स. तथा सरोकारवाला संघ /संस्था संग समन्वय गरी सकेसम्म एकै स्थानमा र नभए /नपाएमा एक भन्दा वढि स्थानमा तारवार सहितको हेरालु राखेर कम्तिमा ५ वर्षको योजना वनाई वृक्षारोपण गर्न सकिने छ ।प्रचलित नर्मस/ निर्देशिका तथा सार्वजनिक खरिद ऐन /नियमावली लगायतका आधारमा रकम खर्च गरी काम सम्पन्न गर्नु पर्ने छ ।

१०४. जलवायू परिवर्तन सम्बन्धी विधार्थी सचेतना कार्यक्रम ११.४.१७.५९५

यो कार्यक्रम विधार्थी तहमा जलवायू परिवर्तन सम्बन्धी सचेतना प्रदान गरी जलवायू परिवर्तन न्यूनीकरणमा सम्पुर्ण क्षेत्रको सहभागीता गराउनु रहेको छ । कार्यक्रम संचालन गर्दा लगत अनुमान स्वीकृत गराई गर्नुपर्नेछ । कार्यक्रम संचालनमा विद्यार्थीको सहभागितामा संचलन गर्न पर्नेछ । यस शिर्षकमा विनियोजित रकम कार्यक्रम संचलनमा खाजा/खाना को लागि खर्च गर्न सकिनेछ ।

१०५. विद्यार्थीहरुको सहकार्यमा आर्वोरेटम व्यवस्थापन ११.४.१७.५९६

यो कार्यक्रम विधार्थीहरुमा आर्वोरेटम सम्बन्धि जानकारी तथा व्यवस्थापनको लागि तयार गरिएको हो । कार्यक्रम संचालन गर्दा लगत अनुमान स्वीकृत गराई गर्नुपर्नेछ । कार्यक्रम संचालनमा विद्यार्थीको

प्रदेश सचिव

सहभागितामा संचलन गर्न पर्नेछ । यस शिर्षकमा विनियोजित रकम कार्यक्रम संचलनमा खाजा/खाना को लागि खर्च गर्न सकिनेछ ।

## १०६. खहरेखोला नियन्त्रण बुढानिलकण्ठ-९ सिरडी कोलोनी ११.४.२२.२९८

खहरेखोला नियन्त्रण आर्थिक र सामाजिक सुरक्षा तथा पारीस्थिकीय प्रणाद्यी संरक्षणको दृष्टिकोणले संवेदनशील छ । वर्षाको समयमा आउने बाढीबाट खहरे खोला आसापसका खेतीयोग्य जमिन र घरुबस्तीको संरक्षण गर्नुका साथै सम्बन्धित नदीको जलाधार क्षेत्रको एकिकृत व्यवस्थापनबाट संरक्षण गर्नु नै यस कार्यक्रमको उद्देश्य रहेको छ । कार्यक्रम संचालन गर्दा प्रचलित खरिद ऐन तथा निमावलीको प्रयोग गरी संचालन गर्नु पर्नेछ ।

## १०७. पानी अभाव क्षेत्रमा rain water harvesting का लागि संरचना निर्माण ११.४.२२.५५३/११.४.२२.२९९

यो कार्यक्रम पानी अभाव रहेको सुख्खा क्षेत्रमा वर्षातको समयमा हुने पानि संकलन गरि हिउदमा आपुर्तिहुने हेतुले संचालन गरिएको हो । सुख्खा क्षेत्र तथा अति संवेदनशील क्षेत्रको पहिचालन गरी प्रभावकारी हुने किसिमले कार्यक्रम संचालन गर्नु पर्नेछ । कार्यक्रम संचालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही कार्य संचालन गर्नु पर्नेछ ।यस कार्यक्रम अन्तरगत निम्न कार्यहरु संचालन गर्नु पर्नेछ ।

क. पानी अभाव क्षेत्रमा rain water harvesting का लागि संरचना निर्माण(स्थानीय तहसंगको समन्वयमा रामेछाप-५ सिन्धुली-३ काभ्रे-३ ललितपुर-२ सिन्धुपाल्चोक ठोकर्पा-२ नुवाकोट २ र मकवानपुर-२) ११.४.२२.२९९

ख. पानी अभाव क्षेत्रमा Rain water harvesting का लागि संरचना निर्माण ११.४.२२.५५३

## १०८. काठमाणंडौ उपत्यकाको धुवा चेकजाँचका लागि मेशिन खरिद ११.३.२२.४१

काठमाण्डौ उपत्यकाको वायूमण्डलमा रहेको धुवाँले वातावरणीय क्षेत्रमा उल्लेखनीय प्रभाव पर्ने हुँदा कति मात्रामा धुँवा बायुमण्डलमा रहेको छ भन्ने जानकारी प्राप्त गर्न गरी उक्त प्रदुषणलाई नियन्त्रण गर्न गर्नका लागि आवश्यक पर्नर् उपकरण खरीद गर्ने उद्देश्यले यो कार्यकर्म राखीएको हो । मेसिन खरीद गर्दा मेसीनको गुणस्तर हेरी उच्च गुणस्तरको मेसीन संघ वा प्रदेशको प्रचलित सार्वजनिक खरीद ऐन नियमावली प्रयोग गरी गर्नुपर्दछ ।

## १०९. नेपाल वन प्राविधिक संघको सहकार्यमा Fire vulnarable area Identification र Map preparation ११.५.४०.१३७

बागमती प्रदेश वन डढेलोको हिसाबमा संवेदनशील रहेको छ । जसका कारण हरेक वर्ष हजारौ हेक्टर वन क्षेत्र यसको चपेटामा परी विनस हुने गरेको पाईन्छ । यसै कारण कुन क्षेत्रमा डढेलोको प्रभाव रहन्छ भन्ने जानकारी प्राप्त गर्नाका लगि यो कार्यक्रम तयार गरिएको हो । कार्यक्रम संचालन

गर्दा नेपाल वन प्राविधिक संघ र बागमती प्रदेश सरकारविच सम्झौता गरी प्रचलित खरिद ऐन र नियमावलीको अधिनमा रही संचालन गर्नु पर्नेछ ।

**११०. महाभारत र सो भन्दा उत्तरी क्षेत्र/उपल्लो चुरेको खहरे तथा खोला किनारमा एकै स्थानमा) वास बिरुवा खरिद गरी रोपण(२ वर्षे कटिङ्ग)**

यस अन्तरगत तोकिएको स्थानमा (महाभारत र सो भन्दा उत्तरी क्षेत्र/उपल्लो चुरेको खहरे तथा खोला किनारमा) निम्न कार्यक्रमहरु नजिकका सामुदायिक वन समूह, कबुलियती वन समूह र आवश्यकता अनुसार स्थानीय युवा क्लब तथा स्थानीय तहका वडा कार्यालयहरु सँगको समन्वय र सहकार्यमा कम्तिमा २ वर्ष पुगेको बाँसको बिरुवा खरिद गरी रोपण गरिने छ। यस शीर्षकमा विनियोजन भएको रकम बाँसको बिरुवा खरिद, ढुवानी, रोपणमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ। कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनमा खरिद भएका बाँसको बिरुवाको संख्या, रोपिएको स्थान र सोको नक्सा, संलग्न व्यक्ति तथा संस्थाको नामावली, फोटो, बिल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ । यस अन्तरगत निम्न कार्यक्रमहरु सञ्चालन हुनेछन ।

क) महाभारत र सो भन्दा उत्तरी क्षेत्रमा खोल्सी खोला खहरे किनारामा( एकै स्थानमा) वास बिरुवा खरिद गरी रोपण(२ वर्षे कटिङ्ग) ११.४.१७.३०५

ख) उपल्लो चुरेको खहरे तथा खोला किनारमा (एकै स्थानमा)बाँसको बिरुवा खरिद गरी रोपण(२ वर्षे कटिङ्ग) ११.४.१७.६१

**१११. सडक किनारा हरीयाली कार्यक्रम (सडक स्वामित्व भएको निकायको सहकार्यमा ) (५ फीट भन्दा अग्लो बहुवर्षीय बिरुवा खरिद, ढुवानी र रोपण सहित) ११.४.१७.५२१**

सडक किनारामा गरिने वृक्षरोपण र कायम गरिने हरियाली कार्यक्रमको मुख्य उद्देश्य वर्षादको समयमा सडकमा परेको पानीलाई जमीनमा शोषण गराई भू-क्षय हुनबाट जोगाउने, यात्रुहरुलाई शितलता प्रदान गर्ने, ध्वनी तथा वायु प्रदूषण कम गर्ने र वरिपरिको वातावरणलाई स्वच्छ राखी हरियाली प्रवर्द्धन गर्नु हो। यस कार्यक्रम अन्तरगत बिरुवा खरिद तथा ढुवानी गर्दा ५ फिट भन्दा अग्ला बिरुवाहरु खरिद गरी रोपण गर्नुपर्नेछ । यस कार्यक्रम सञ्चालन गर्दा सडक स्वामित्व भएको निकायको सहकार्यमा सम्पन्न गर्न पर्नेछ । यस अन्तर्गत निम्न प्रक्रियाहरु अवलम्वन गर्न सकिने छन् ।

- सरोकारवालाहरुसँग छलफल, अन्तरक्रिया, संभाव्यता अध्ययन ।
- बहुवर्षे बिरुवा उत्पादन वा खरिद, वितरण तथा रोपण ।
- Tree guard construction ।
- प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन ।
- कार्यान्वयन प्रक्रिया

प्रदेश सचिव

- स्थल छनौट, आधारभूत तथ्याङ्क सङ्कलन ।
- बस्तु स्थितीको विश्लेषण, अध्ययन, अनुसन्धान, अन्तरक्रिया ।
- कार्यान्वयन चरणः उपभोक्ता समिति गठन, सर्भे, डिजाईन तथा ल.ई. तयार, उपभोक्ता समितिसँग कार्य सम्झौता, स्रोत साधन बाँडफाँट, जनसहभागिता परिचालन, समूह सहजीकरण तथा सम्पन्न योजना समुदायलाई हस्तान्तरण ।
- अनुगमन तथा मूल्याङ्कन (कार्यक्रम कार्यान्वयनको हरेक चरणमा तथा आवश्यकता अनुसार) गरिनेछ ।
- उपभोक्ता समिति मार्फत कार्य सञ्चालन लाई प्राथमिकतामा राख्ने तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नु पर्दछ ।

**११२. स्थानीय तहको सहकार्यमा नदी उकास जग्गामा वृक्षारोपण ११.४.१७.५२७**

यो शीर्षकको रकम खहरे, खोल्सा को अनियन्त्रित वहावको कारणबाट कटान भएको वा deposition भएको क्षेत्रको पहिचान नक्साङ्कन गरी सम्वेदनशिलताका आधारमा स्थानीय तहको समेत सहकार्यमा प्राथमिकता निर्धारण गरिएको नदी उकास जग्गामा वृक्षारोपणको लागि क्षेत्र छनौट, सर्भे, नक्साङ्कन, बिरुवा खरिद, ढुवानी, खाडल खन्ने, रोपण गर्ने, संरक्षणको व्यवस्था गर्ने, अनुगमन गर्ने लगायतका क्रियाकलापहरुमा लागत अनुमान स्वीकृत गराइ खर्च गरिने छ । यो कार्य सम्बन्धित लाभग्राही संस्था वा समुदायबाट सञ्चालन गर्न सकिनेछ।सञ्चालन र समन्वयको लागि कार्यालयका कर्मचारीहरु परिचालन हुनेछन । कार्यसम्पन्न भएपछि वृक्षारोपण भएको क्षेत्र, त्यसको स्वामित्व, रोपिएका बिरुवाको प्रजाति, बिरुवा संख्या, सम्पन्न मिति, संलग्न व्यक्तिहरुको नामावली सहितको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

**११३. स्थानीय तह र प्रदेश सरकारको ५० / ५० प्रतिशत लागत साझेदारी तथा सम्बन्धित सब डिभिजनको प्राबिधिक सहयोगमा एक स्थानिय तह एक नर्सरी संचालन तथा विरुवा उत्पादन(नयाँ नर्सरी निर्माण, नर्सरी नाइके, विरुवा उत्पादनका लागि चाहिने सामाग्री)(स्थानिय तहको इच्छाएको र वन प्राविधिको सिफारिस बमोजिमको प्रजाति मात्र)(२०००० गोटा) ११.४.१७.५२८**

स्थानिय तहहरु संग समेत वन-वातावरण शिर्षकमा रकमहरु रहेको हुन्छ ।कतिपय स्थानिय तहहरुमा सो शिर्षकको रकम अन्यत्रै खर्च गर्ने वा खर्चै नहुने गरेको वुझिन्छ । स्थानिय तहहरु विरुवा उत्पादन गर्ने नर्सरी स्थापना गरी विरुवा उत्पादन गर्ने कार्यक्रम संचालन गर्न ईच्छुक समेत देखिन्छन । यो कार्यक्रम मार्फत स्थानिय निकायहरु संग समन्वय गरी विरुवा उत्पादन नर्सरी स्थापना गरी स्थानिय स्तरमा रुचाईएका र माग भएका विरुवाहरु उत्पादन गरी तिनको वितरण र

रोपण गर्न सके हरियाली प्रवर्द्धन गर्न सकिन्छ र संयुक्त कार्यक्रमवाट समन्वय र हरियाली प्रवर्द्धनको कार्य समेत प्रभावकारी वन्दछ भन्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो । डिभिजन/सव डिभिजन वन कार्यालयले नर्सरी संचालन गर्ने स्थानको छनौट गरी स्थानिय तह वार्ड कार्यालय वा पालिका कार्यालयमा समन्वय गरी संयुक्त रुपमा संचालन गर्ने गरी निक्यौंल गर्नु पर्दछ । नर्सरीको स्थान छनौट गर्दा नर्सरी नभएको, विरुवा ढुवानीमा समस्या हुने, भौगोलिक विकठता भएको स्थानलाई प्राथमिकतामा राखी छनौट गर्नुपर्नेछ । नर्सरी संचालन र विरुवा उत्पादनको सम्वन्धमा संयुक्त धारणा वनाई स्थानिय तह संग ५०-५०% रकम वेहोर्ने गरी कार्यक्रम संचालन गर्नु पर्दछ । यो शिर्षकको रकम समन्वय वैठक, नर्सरी स्थापना, विरुवा उत्पादन, नर्सरी नाईके ज्याला, नर्सरीका लागि चाहिने सामाग्री खरिद, नर्सरी तारवार लागयतमा खर्च गर्न सकिने छ ।फछ्यौंट गर्दा भए गरेका कृयाकलापहरु, स्थानिय निकाय संग भएको समझदारी पत्र, वैठक निर्णय, स्थापना भएको स्थान, क्षेत्र, नर्सरी निर्माण र विरुवा उत्पादन भएको विवरण, फोटो सहितको विल भर्पाई पेश गर्नु पर्ने छ ।

## ११४. पानी मुहान संरक्षण ११.४.१७.५२९

यो कार्यक्रम पुराना तथा नया पानीका श्रोतहरु संरक्षण तथा सम्वर्दन गर्ने हेतुले तयार गरिएको हो ।यस कार्यक्रम अन्तरगत कार्य संचालन गर्दा पुराना भए गरेको पानीको श्रीत पर्याप्त रहेका श्रोतहरुको पहिचान गरी कार्य संचालन गर्नु पर्दछ । कार्य संचालन गर्दा प्रचलित सार्वजनिक खरीद ऐन तथा नियमावली को अधिनमा रही संचालन गर्नु पर्नेछ ।

## ११५. केन्द्रिय तथा हाईटेक नर्सरीमा बहुवर्षीय विरुवा उत्पादन, (२०० गेजको कम्तिमा ४*७ इन्ज साइजको पोली थैलामा अर्नामेन्टल र फलफूल प्रजाति ) ११.४.१७.५२२

खाली रहेको वनक्षेत्रमा बृक्षारोपण गर्न, निजी जग्गामा बिरुवा रोपी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न र बहुवर्षीय बिरुवा उत्पादन गरी (अर्नामेन्टल, फलफूल) वितरण गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। बिरुवा उत्पादन गर्दा माग भएका, गुणस्तरयुक्त र स्थानीय स्तरमा सफल भएका रुख बिरुवाका बिऊलाई प्राथमिकता दिई छनौट गर्नुपर्नेछ। उत्पादन भएका बिरुवा वनको खाली तथा झाडिदार क्षेत्र, सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्न र विभिन्न महोत्सवहरु र निजी जग्गामा बृक्षारोपणका लागि वितरण गरिनेछ। बिरुवा उत्पादन कार्यको नर्सरी रजिष्टर अनिवार्य रुपमा राखी प्रत्येक क्रियाकलापको रेकर्ड राखु पर्नेछ। यस शीर्षकको रकम प्रचलित नर्म्स र दररेटको अधिनमा रही लागत अनुमान तयार गरी स्वीकृत गराई अमानतमा पनि गर्न गराउन सकिने छ । कार्यक्रम सम्पन्न पछि प्रतिवेदनमा उत्पादित बिरुवाहरुको जात, संख्या, वितरणको लगत, रोपण गरिने ठाउँको विवरण, फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन र बिल भर्पाई पेश गर्नु पर्नेछ।

प्रदेश सचिव

११६. हाईटेक नर्सरी निर्माण/स्थापना (मकवानपुर र काठमाडौं) ११.४.१७.५२३

स्थानीय उपभोक्ताबाट बढी माग भएका, उच्च मूल्यका प्रजातिहरु, बिऊ सजिलै उपलब्ध हुन नसक्ने, धार्मिक तथा साँकृतीक महत्व वोकेका, बिऊबाट वेर्ना उमार्न कठिन हुने, बिऊको बाच्न सक्ने क्षमता र अंकुरण प्रतिशत कम भएका प्रजातिहरु समेतलाई उच्च प्रविधि प्रयोग गरी ठूलो परिमाणमा स्थायी नर्सरीमा बिरुवा उत्पादन गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो । मन्त्रालयले आ.व. २०७६।७७ मा तयार गरेको DPR प्रतिवेदन बमोजिमको Design अनुसार सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम सार्वजानिक सूचना प्रकाशित गरी ठेक्का द्वारा सेवा खरिद गरी हेटौंडाको भूटनदेवी सा.व.को क्षेत्रमा तथा काठमाडौंको चाल्नाखेलमा निर्माण गर्नुपर्दछ। यस किसिमको नर्सरीमा स्थायी नर्सरी बेड, घेरबार, सामान्य वातानुकूलीत सुविधा सहितको ग्रीनहाउस, सेड हाउस, भण्डारण कोठा, पानीको स्थायी व्यवस्था, पानी वितरण ट्याङ्की, नर्सरी बेडहरुमा पानी दिने धारा लगायत आधुनिक वन नर्सरीमा हुनुपर्ने न्यूनतम सुविधाहरु समावेश गरी निर्माण गर्नुपर्ने छ ।

कार्यक्रम सम्पन्न भएपछि जाँचपास कार्यसम्पन्न प्रतिवेदन लगायत खरिद भई जडान गरिएका उच्च प्रविधि सम्बन्धी मेसिन तथा उपकरणको विवरण संलग्न गर्नुपर्ने छ । बिरुवा उत्पादनको कार्य परिस्थिती अनुसार कार्यालय स्वयंले वा परामर्श सेवा खरिद गरी सञ्चालन गरिने छ

११७. हाईटेक नर्सरी सञ्चालनको लागि विगत आ.व.मा मन्त्रालयबाट छनौट गरिएको वन प्राविधिक (निरन्तर) २.५.७.४५

गत आ.व.मा कार्य सम्पादन गर्दै आईरहकेको मन्त्रालयबाट छनौट गरिएको वन प्राविधिकलाई पारिश्रमिक प्रदान गर्न र नर्सरीलाई उचित व्यवस्थापनमा सहयोग हुने हेतुले यस कार्यक्रम संचालन गरिएको हो । यो शीर्षकमा विनियोजित रकम हाईटेक नर्सरीको वन प्राविधिको पारीश्रमिक वापत खर्च गरीनेछ । भुक्तानीको लागि आर्थिक ऐन/नियम वमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतीवेदन, हाजिरी लगायतका आवश्यक कागजात सहित डि.ब.का.ले तोकेको नर्सरी अधिकृतको सिफरिशमा भुक्तानीको व्यवस्था गर्नुपर्नेछ । निजले नर्सरी अधिकृतको प्रत्यक्ष निर्देशन र अधिनमा रही काम गर्नु पर्नेछ ।

११८. गत आ.व.मा तयार भएको महत्वपूर्ण प्रजाति(अर्नामेन्टल र फलफूल) का बहुबर्षिय विरुवा ६ ईन्च *८ ईन्च देखि ८ ईन्च *१० ईन्च साइज तथा १०० गेजको थैलामा सार्ने र हुर्काउने कार्य (पोलि थिन थैला वा बोरामा ठूलो विरुवाका लागि चाहिने आवश्यक माटो मिश्रण/मेडिया अनिवार्य रुपमा तयार गरी ) ११.४.१७.५१९

विभिन्न नर्सरीहरुमा गत आ.व.मा उत्पादन भएका वहुवर्षिय विरुवाहरु नर्सरीमै वृद्धि भई ठुलो हुँदै जाने हुँदा अघिल्लो आ.व.मा साना थैलामा उत्पादन गरेको विरुवाहरुलाई यस आ.व.मा ठूलो थैलामा सार्नु पर्ने हुन्छ । जसवाट विरुवालाई चाहिने पोषकतत्व र दुरी/स्पेश पुर्ण भई विरुवा चाहे अनुसारको साईज र फर्ममा उत्पादन गर्ने सकिन्छ ।सोहि कुरालाई मध्यनजर गर्दै गत आ.व.मा

प्रदेश सचिव

उत्पादन भएका वहुवर्षिय विरुवालाई यस आ.व.मा ठुलो साईजको पोलिथिन थैला/वोरामा सार्ने कार्यक्रम राखिएको हो ।यस शिर्षकमा विनियोजित रकम पोलिथिन थैला/वोरा खरिद, जंगलको माटो, वालुवा, मल खरिद, ढुवानी, माटो चाल्ने थैला भर्ने वेड वनाउने, सानो थैलावाट विरुवा ठुलो थैलामा सार्ने, पानी र छहारीको व्यवस्था गर्ने लगायतमा प्रचलित नर्म्स र दररेटको अधिनमा रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भएपछि ठुलो थैलामा सारिएको विरुवा जात, संख्या, खर्च बिल भर्पाई, फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ।

## ११९. जलवायू परिवर्तनको असर न्यूनीकरण र अनुकुलनको लागि रामेछाप जिल्लाको सुख्खा क्षेत्रमा तारबार सहितको वृक्षारोपण ११.४.१७.२६७

सुख्खा क्षेत्रमा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्नका निमित्त उक्त क्षेत्रलाई हरियाली बनाउनु आवश्यक हुन्छ । अत सुख्खा क्षेत्र पहिचान गरी उक्त क्षेत्रमा वृक्षारोपण गरी उक्त क्षेत्रलाई उचित स्याहार तथा सम्भार गर्ने उद्देश्यले यस कार्यक्रम राखिएको हो । यस शीर्षकमा विनियोजन भएको बजेट तारबार लगाउने, वृक्षारोपणमा खर्च गर्न सकिनेछ । कार्यसम्पन्न पश्चात सो क्षेत्रको क्षेत्रफल, नक्शा, फोटो र भए गरेका उपलब्धिहरुको विवरण सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## १२०. जलवायू परिवर्तनको असर न्यूनीकरण र अनुकुलनको लागि रामेछाप जिल्लाको सुख्खा क्षेत्रमा तारबार सहितको वृक्षारोपण क्षेत्रमा हेरालु २.५.७.३१

सुख्खा क्षेत्रमा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्नका निमित्त उक्त क्षेत्रलाई हरियाली बनाउनु आवश्यक हुन्छ । अत सुख्खा क्षेत्र पहिचान गरी उक्त क्षेत्रमा वृक्षारोपण गरी उक्त क्षेत्रलाई उचित स्याहार तथा सम्भार गर्ने उद्देश्यले यस कार्यक्रम राखिएको हो । यस शीर्षकमा विनियोजन भएको बजेट वृक्षारोपण क्षेत्रमा राखिने हेरालुको परिश्रमिकको रुपमा खर्च गर्न सकिनेछ । रकम खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीको अधिनमा रही खर्च गर्नसकिनेछ ।

## १२१. शहरी वृक्षारोपण संरक्षणको लागि हेरालु २.५.७.३२

शहरी क्षेत्रमा हरीयाली कायम गरी उक्त क्षेत्रको सौन्दर्यता बढाउनका साथै प्रदुषण नियन्त्रण गर्ने उद्धेश्यले वृक्षारोपण गरिएको क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्नका निमित्त आवश्यक जनशक्ति स्वरुप हेरालुको लागि यो कार्यक्रम संचालन गरिएको हो । यस शीर्षकमा विनियोजन भएको बजेट वृक्षारोपण क्षेत्रमा राखिने हेरालुको परिश्रमिकको रुपमा खर्च गर्न सकिनेछ । रकम खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीको अधिनमा रही खर्च गर्नसकिनेछ ।

## १२२. जलवायू परिवर्तन अनुकुलनको लागि क्षतिग्रस्त भूमि पूर्नउत्थान कार्यक्रम ११.४.१७.२७३

चुरे तथा मध्य पहाडमा रहेका हैसियत बिग्रिएको एवं क्षतिग्रस्त, भू-क्षय भै problematic soil भएको क्षेत्र जमिनहरुको, अतिक्रमणको चपेटामा परी वनको रुप परिवर्तन हुन खोजेको वन क्षेत्र पहिचान गर्नुपर्दछ । पहिचान भएका क्षेत्रहरुमा पुनरुत्थानका क्रियाकलापहरु सञ्चालन गर्नुपुर्व त्यस क्षेत्रलाई

प्रदेश सचिव

पुर्णरुपले सुरक्षित हुने गरी तारबारको व्यवस्था गर्नुपर्दछ । पुनरुत्थानका कार्यक्रममा भू-संरक्षणका कार्यहरु सहित सञ्चालन संगै सो क्षेत्रलाई समय समय/वर्षेनी/वा निश्चित समयमा अनुगमन गरी आयमुलक तथा सुख्खा सहने र चाडो हुर्कने रुख बिरुवाहरु लगाउनु पर्नेछ । साथै सकेसम्म सो क्षेत्रको कार्यक्रम सञ्चालन पुर्व र पछि पनि फोटो लिन सकिने गरी एक निश्चित स्थानको छनौट गरी त्यसलाई रेकर्डमा राख्नुपर्दछ । यो शीर्षकको रकम प्लट स्थापनाको लागि सर्भे, तारबार, बोर्ड निर्माण र स्थापना, अनुगमन लगायतका क्रियाकलापहरुमा लागत अनुमान स्वीकृत गराइ खर्च गरिने छ । यो कार्यक्रम नदी उकास जग्गामा बिऊ छर्ने कार्यक्रम जस्ता क्षतिग्रस्त भूमि पुनरुत्थान गर्ने अन्य कार्यक्रम सञ्चालन भएको क्षेत्रमा गर्न सकिन्छ । कार्यसम्पन्न भएपछि तारबार भएको क्षेत्रको GPS नक्सा सहितको सञ्चालित क्रियाकलापहरुको फोटो सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने छ ।

**१२३. ग्रामिण सडक किनारा हरीयाली कार्यक्रम (स्थानीय तहको सहकार्यमा)११.४.१७.२६९**

ग्रामिण क्षेत्रको सडक किनार संरक्षण गर्नका लागि यो कार्यक्रम राखिएको हो । यस कार्यक्रम अन्तरगत ग्रामिण क्षेत्रमा हुने वातावरणीय दृष्टिकोणले प्रभाव परेको संवेदनशील क्षेत्रको छनौट गरी कार्यक्रम सञ्चालन गर्न पर्नेछ । भिरालो जमिन, ग्रामिण सडक जस्ता भू-क्षय हुने स्थानहरुमा भू-तथा जलाधार संरक्षणका लागि बहुउपयोगी घाँस, अमृसो तथा बाँसको बिरुवा, राइजोम रोपण गर्नुपर्नेछ । यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिने छ ।

- स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरुसँग अन्तक्रिया ।
- संरक्षण समूह पहिचान र सशक्तिकरण ।
- फलफूल बिरुवा खरिद, ढुवानी, वितरण तथा रोपण ।
- अलैची बिरुवा खरिद, ढुवानी, वितरण तथा रोपण ।
- घाँस तथा अम्रिसो बिरुवा खरिद, ढुवानी, वितरण तथा रोपण ।
- बाँसको राइजोम खरिद, ढुवानी, वितरण तथा रोपण ।

कार्यान्वयन प्रक्रिया

- स्थल छनौट ।
- बस्तु स्थितीको विश्लेषणः अध्ययन अनुसन्धान, अन्तरक्रिया ।
- सर्भे डिजाईन तथा ल.ई.
- कार्यान्वयन चरणः उपभोक्ता समिति गठन, कार्यक्रम सञ्चालन तथा कार्यक्रम हस्तान्तरण ।
- उपभोक्ता समिति मार्फत कार्य सञ्चालन लाई प्राथमिकतामा राख्ने तर सहभागिताको सुनिश्चित नभएको र कार्यक्रम सञ्चालन गर्नै पर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नु पर्दछ ।

प्रदेश सचिव

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

१२४. आगलागि नियन्त्रणका लागि वाटर पम्प र ट्याङ्की सहितको Pyro gun खरिद तथा काठमाण्डौ मकवानपुर सिन्धुली चितवन काभ्रेपलान्चोक डि.व.का.हरुलाई हस्तान्तरण ११.३.२२.४२

वन डढेलो नियन्त्रणका लागी सहयोग पुग्ने किसिमले यो कार्यक्रम राखीएको हो । पानी अभाव क्षेत्रमा लागेको डढेलो नियन्त्रण गर्न वाटर पम्प ट्याङ्की सहितको Pyro gun खरिद गरी सम्पन्न गर्नुपर्नेछ । यस कार्य सञ्चालन गर्दा सार्वजानिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४, प्रदेश सार्वजनिक खरिद नियमावली,२०७६ को अधिनमा रहि समाग्री खरिद गर्नुपर्नेछ ।

१२५. बि.पि. संग्रहालयको गार्डेनिङ्ग तथा हरियाली प्रबर्द्धन ११.४.१७.५३३

वि.पि. संग्राहालयमा गत वर्षको निरन्तरताको लागि गार्डेनिङ गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । संग्राहालय परिसरमा आर्किटेक्चरल ईन्जिनियर समेतको सहयोग लिई गार्डेनिङको डिजाईन, लागत अनुमान र सोको कार्यान्वयन समेत गर्न यो शीर्षकमा बजेट विनियोजन गरिएको हो ।सो कार्य सजावट तथा गार्डेनिङको कार्य गर्न सक्ने क्षमता र अनुभव भएको कर्मचारी खटाएर प्रचलित ऐन नियमको परिधि भित्र रही उपयुक्त सेवा प्रदायक छनौट गरी सञ्चालन गर्न सकिनेछ । कार्य सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुभन्दा पहिले र पछिको फोटो र बिल भर्पाईहरु सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१२६. संवेदनशील जलाधार क्षेत्रको निजी जग्गाको भू उत्पादकत्व बढाउन फलफूल बिरुवा खरिद र वितरण (कार्यविधिमा तोकिएको प्रजाति मात्र) ११.४.१७.२७२

यस अन्तरगत संवेदनशील जलाधार क्षेत्रवरपर रहेको निजी जग्गा जमिनमा फलफूलको बिरुवाहरु रोपण गरिने छ। स्थान छनौट गर्दा चुरे तथा माहाभारत क्षेत्रको संवेदनशील जलाधार क्षेत्र छनौट गरी वृक्षारोपण गरी कार्यक्रम सञ्चालन गरिनेछ । यस शीर्षकमा विनियोजन भएको रकम जिल्ला दररेटको आधारमा फलफूल खरिद तथा वितरण गरी रोपणमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनमा खरिद भएका फलफूल बिरुवाको नर्सरी सर्टिफिकेट, संख्या, रोपिएको स्थान र सोको नक्सा, संलग्न व्यक्ति तथा संस्थाको नामावली, फोटो, बिल भर्पाईहरु लगायतका आवश्यक कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ । यो कार्यक्रम सञ्चालन गर्दा एक जलाधार क्षेत्रमा एक प्रजातीको मात्र फलफूल रोपण गर्नुपर्नेछ । यस कार्यक्रम अन्तर्गत निम्न प्रजातिका फलफूल विरुवा तोकिएको छः-

भित्रि मधेशको लागि- कागती, लिचि, अमला, आँप, ईमिल, कटहर तथा माग भएकोमा मात्र अन्य
पहाडी तथा उच्च पहाडी क्षेत्रको लागि- कागती, ओखर, ईमिलि, एभोकाडो तथा माग भएकोमा मात्र अन्य ।

प्रदेश सचिव

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश सरकार बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

## १२७. सवारी साधनको आक्समिक चेक जाँचका लागि मेशिन खरिद ११.३.२२.४०

सवारी साधनबाट निश्कने धुवाँले वातावरणीय क्षेत्रमा उल्लेखनीय प्रभाव पर्ने हुँदा उक्ता प्रदुषणलाई नियन्त्रण गर्न सवारी साधनको जाँचको आवश्यक छ सो कारणले उक्त प्रदुषण जाँचको लागि आवश्यक पर्नर् उपकरण खरीद गर्ने उद्देश्यले यो कार्यकर्म राखीएको हो । मेसिन खरीद गर्दा मेसीनको गुणस्तर हेरी उच्च गुणस्तरको मेसीन संघ वा प्रदेशको प्रचलित सार्वजनिक खरीद ऐन नियमावली प्रयोग गरी गर्नुपर्दछ ।

## १२८. सवारी साधनको आकस्मिक चेकजाँच २.७.२१.२४

सवारी साधनबाट निश्कने धुवाँले वातावरणीय क्षेत्रमा उल्लेखनीय प्रभाव पर्ने हुँदा उक्ता प्रदुषणलाई नियन्त्रण गर्न सवारी साधनको जाँचको आवश्यक छ सो कारणले उक्त प्रदुषण जाँचको गरि वातावरणलाई प्रादुषणरहित वनाउने उद्देश्यले यो कार्यकर्म राखीएको हो । कार्यालयले खरिद गरेको प्रदुषण चेकजाँचको मेसिनको प्रयोग गरी सावरी चेकजाँच गर्न सकिनेछ ।यस शिर्षकको रकम चेकजाँचमा खटीएको कर्मचारी, विशेषज्ञको लागि भत्ता, खाजा को लागि खर्च गर्न सकिनेछ ।

## १२९. स्थानीय तहको सहकार्यमा वनको पत्कर लगायतका फोहोर प्रशोधन प्लाण्ट स्थापना र सञ्चालन ११.३.२२.१४

वातावरण संरक्षण तथा सरसफाईको लागि दैनिक जिवनयापनको क्रममा निष्कासन हुने फोहोर तथा वन क्षेत्रमा त्यसै खेर गैरहेको पतकरहरुलाई उचित तवरले व्यवस्थापन गर्न आवश्यक देखिन्छ । त्यस्ता पदार्थहरुको व्यवस्थापन गर्न प्रशोधन गरी मल वनाउने प्लाण्ट स्थापना र सञ्चालन गरी वातावरण संरक्षण गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो ।तसर्थ मल वनाउनको लागि आवश्यक वस्तु संकलन तथा संरचना/प्लान्ट निर्माण गर्न तथा त्यस्तो कार्य संचालन गर्न ईच्छुक वन उपभोक्ता समूह/सहकारी/वातावरण क्लव/आमा समूह लगायतका समूहहरु संग समन्वय गरी कार्यक्रम संचालन गर्न रकम वा सामगी तथा मेसनरि अ उपलव्ध गराउन सकिनेछ । कार्यक्रम संचालन गर्नु अघि सम्वन्धित स्थानिय तह संग समन्वय गरिने छ । मल वनाउने संरचना/प्लान्ट निर्माण तथा स्थापनाको लागि सार्वजानिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ तथा प्रचलित नर्मसमा भएको व्यवस्था अनुसार गरिने छ । यस शिर्षकको रकम त्यस्तो प्लान्ट/संरचनाको निर्माण, सामाग्री संकलन, समन्वयको लागि खाजा खर्च र दैनिक भ्रमण भत्ता लगायतमा खर्च गर्न सकिने छ ।

## १३०. वन क्षेत्रभित्र पर्ने विद्युतिय हाईटेन्सन लाईन मुनीको खाली जग्गामा फलफूल रोपण कार्यक्रम निर्माण प्रति कि.मि. कम्तिमा ५०० बिरुवा (ईमिली, हाईब्रिड अमला /बयर / कागती /ओखर /पिकानट /मेकाडानिया) ११.४.१७.२४८

वनक्षेत्र भएर जाने बिद्युत् हाईटेन्सन लाईन मुनिको क्षेत्रमा रुख बिरुवाहरु अग्लो हुनु हुँदैन । बढी उचाइ नहुने तथा नहुने गरी व्यवस्थापन गर्न सकिने आयमुलक फलफुलका बिरुवाहरु लगाई त्यस्तो

प्रदेश सचिव

जमिनको भरपुर उपयोग गर्न सकिन्छ । त्यस्ता क्षेत्रहरुमा रहेको खाली जमिनमा गरिब विपन्न वर्गहरुलाई सँगठित गरी वनमा आधारित आयमुलक कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ । यस कार्यक्रम अन्तरगत वनक्षेत्रमा कृषि वन प्रणालीको सिद्धान्त बमोजिम विद्युत् हाईटेन्सन लाईन मुनि स्थान सुहाउँदो प्रजातिहरु, कम्तिमा पनि ५०० गोटा बिरुवा रोपण र खेती विस्तार गर्नु पर्नेछ । कार्यसञ्चालनको लागि सामुदायिक/कबुलियती वन समूह/वन समूहहरु नभएको स्थानमा स्थानीय गरिब विपन्न समूह पहिचान गरी, समूह गठन गरी कार्यक्रम सञ्चालन गरिनेछ । यो शीर्षकको रकम जग्गा पहिचान, नक्साङ्कन, झाडी सफाई, जग्गा तयारी, बिरुवा वा बिऊ खरिद, ढुवानी, रोपण लगायतमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा समूहको नाम र ठेगाना, क्षेत्रको विवरण, क्षेत्रफल, खरिद तथा रोपण गरिएका प्रजाति, तिनको संख्या तथा भए गरेको कार्यको फोटो लगायतका खर्च बिल भर्पाई पेश गर्नुपर्नेछ ।

**१३१. डिभिजन वन कार्यालयको कार्यक्षेत्रको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना तयारी तथा स्वीकृति (वातावरणीय अध्ययन समेत) ११.५.४०.८५**

वन ऐन,२०७६ तथा वन नियमावली,२०५१ मा उल्लेख भए बमोजिम वन विकास, सदुपयोग तथा संरक्षण कार्यक्रम सञ्चालन गर्दा वन कार्ययोजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही प्रावधान अनुरुप डिभिजन वन कार्यालयहरुले पाँच वर्षका लागि मूलतः सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन कार्ययोजना तयार गर्न वा पुनरावलोकन गरी नविकरण गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो । व्यवस्थापन योजना तयार गर्न विद्यमान वातावरण ऐन, नियमावली अनुसार डिभिजन वन कार्यालयले वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गराउनु पर्ने छ । यो शीर्षकको बजेट वातावरणीय अध्ययन प्रतिवेदन ,कार्ययोजना तयारी र स्वीकृतीको लागि आवश्यक क्रियाकलापहरुमा खर्च गर्न सकिने छ । यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम सेवाप्रदायक मार्फत तयारी गर्न सकिनेछ ।

**१३२. स्थानीय तहको सहकार्यमा चेपाङ्ग समूदायबाट उत्पादित चिउरीको बियाँ प्रशोधन गर्ने मेसिन सहयोग ११.३.२२.१०**

वन स्रोतमा आधारित उद्योग स्थापना तथा सञ्चालन गरी गरिब तथा विपन्न चेपाङ्ग घरधुरीहरुको आयआर्जनमा समेत टेवा पुर्याउन यो कार्यक्रमको प्रस्ताव भएको हो । यस शीर्षकमा विनियोजित रकमबाट सामुदायिक वन उपभोक्ता समूह वा कबुलियती वन समूहले आफै वा दुई वा दुई भन्दा बढी वन समूहद्वारा वा समूह, लक्षित समुहको सहकारी र निजी साझेदारीमा चिउरीको बियाँ प्रशोधन गर्ने मेसिन स्थापना तथा सञ्चालन गर्न रकम आवश्यक भएमा सो कार्यको लागि आवश्यक उपकरण प्रशोधनगर्ने मेसिनखरिद तथा ब्यवस्थापन खर्चका लागि अनुदान सहयोग उपलब्ध गराईने छ । यो कार्यक्रम उपभोक्तासमूह सग वा समूह -निजीक्षेत्र सग प्रस्तावना / निवेदन लिई दुई पक्षीय वा त्रिपक्षीय सम्झौता गरी गर्न सकिनेछ । यो क्रियाकलाप सञ्चालन गर्दा सकेसम्म सम्बन्धित स्थानीय

प्रदेश सचिव

वडा कार्यालयलाइ समेत संलग्न गराउनु पर्नेछ । यस शीर्षकमा विनियोजित रकम मेसिनरी सामग्रीहरु खरिद, ढुवानीमा खर्च गर्नुपर्ने छ ।

### १३३. तालिम **Data Base** सम्बन्धी **Software** अपडेट ११.६.३.४

यस कार्यक्रम वन अनुसन्धान तथा तालिम केन्द्रमा रहेको तालिम database को निर्माण भई तयार रहेको Software लाई पुन Update गर्न आवश्यक रहेकोले राखिएको हो । यस कार्यक्रमको सञ्चालन सेवा प्रदायक संस्था मार्फत गराउन सकिनेछ ।यस कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम सञ्चालन गर्ने निकायले सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को अधिनमा रहि सञ्चालन गर्नु पर्नेछ ।

### १३४. सब-डिभिजन वन कार्यालयको सहकार्यमा विगतमा TISC बाट सञ्चालित seed stand र BSO को व्यवस्थापनगरी बिऊ सङ्कलन (माने डाँडा सा.व. काभ्रेओखर, कुमरोज १ र ९ चितवन सिमल, रासी हेटौंडा मकवानपुर सिसौ, स्याउले ९ सिन्धुपाल्चोक लप्सी, चतुर्मुखी सा.व. खयर, ठिंगन मकवानपुर चिउरी, चित्लाङ्ग ८-मार्खु ७ ओखर, जुटपानी ९ चितवन सतिसाल, कुम्पुर ३ मझिमटार टाँकी) ११.४.१७.२३९

विगतमा साविक वन सम्वर्द्धन महाशाखा अन्तर्गत रहेको वृक्ष सुधार तथा वन सम्वर्द्धन ईकाइबाट यस प्रदेशका विभिन्न जिल्लाहरुमा **Seed Stand/BSO** हरु स्थापना भएका थिए । नेपालमा मुख्य गरी वनजन्य रुख एवं बहुउपयोगी प्रजातिको गुणस्तरयुक्त बिऊ उत्पादन गर्न र त्यस्ता बिऊको स्रोतको संरक्षण गर्न स्थापना गरिएका **Seed Stand/BSO** हरुको संरक्षण एवं सुधार गर्न जरुरी देखिन्छ । यो कार्यको अनुगमन सब-डिभिजन वन कार्यालयको अधिकृत वा डि.ब.अ.ले गर्नुपर्नेछ । तसर्थ यस शीर्षक अन्तर्गत विनियोजित रकम माउ रुख छनौट र त्यसको नक्साङ्कन गरी बिऊ सङ्कलन गर्नुपर्ने, फेमिली अनुसार अलग अलग बिरुवा उत्पादन,झाडी सफाई, डिजाइन, लेआउट, फेन्सिङ्ग, टयागिङ्ग, वृक्षारोपण, हेरचाह, अनुगमन, होर्डिङ्ग बोर्ड निर्माण र स्थापना आदि) क्रियाकलापमा खर्च गरिने छ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा सञ्चालन भएको कार्यक्रमहरुको फोटो, लागत अनुमान र खर्चको बिल भर्पाई, **GIS** नक्शा सहितको **Seed Stand** व्यवस्थापनको विस्तृत प्रतिवेदन पेश गर्नुपर्नेछ । यो कार्य डिभिजन वन कार्यालयको प्राविधिक कर्मचारीको सहयोग र सहजीकरणमा सम्पन्न गरिनेछ ।कार्यक्रम सञ्चालन भएको स्थानमा सो सम्बन्धी सम्पूर्ण विवरण सहितको होर्डिङ्ग बोर्ड निर्माण गरी राख्नु पर्नेछ ।

प्रदेश सचिव

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश हेटौंडा

**Seed Stand को रिपोर्टिङ्ग Format**

| सि.न | (जिल्ला) | Seed Stand रहेको स्थान/सामुदायिक वनको नाम/ठेगाना/GPS Location | माउ रुख संख्या | प्रजाति | संकलित बिऊको परिमाण | बिक्री परिमाण | रकम रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## १३५. नियमावली, निर्देशिका तथा कार्यविधि तयारी

वन तथा वन व्यवस्थापनका लागि विद्यमान नियमावली, निर्देशिका, कार्यविधि आदिलाई समयसापेक्ष बनाउन यो कार्यक्रम राखिएको छ । यस शीर्षकमा विनियोजन भएको बजेट रकमबाट विद्यमान वन व्यवस्थापन सम्बन्धी आवश्यक पर्ने थप नियमावली, निर्देशिका, कार्यविधि तयार गर्नुपर्नेछ ।

तथ्याङ्क सङ्कलन, सरोकारवाला निकायहरु/व्यक्तिहरुको राय सल्लाह सङ्कलन, गोष्ठीको आयोजना, विभिन्न विषयवस्तु माथि मस्यौदा समिति वा कार्यदलको बैठक तथा छलफल, मसलन्द, विषय विज्ञहरुको परामर्श सेवा खरिद, तथ्याङ्क र सुझावहरु विश्लेषण, मस्यौदा लेखन, छपाई तथा प्रकाशन आदि आवश्यक क्रियाकलापहरुको लागि यस शीर्षकमा खर्च गर्न सकिनेछ ।

## १३६. क्यालेन्डर छपाई २.७.२५.९८

आगामि वर्ष २०७९ सालको क्यालेन्डर छपाई गरी वितरण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यो कार्यक्रम अमानतबाट पेश्की दिइ वा सूचीकृत सेवा प्रदायक संस्थाहरुबाट सञ्चालन गर्न सकिने छ । क्यालेन्डर यस आ.ब.मा संचालीत सफल कार्यक्रम तथा सन्देशमुलक फोटोहरु र तीनको विवरण सहितको क्याप्सन समेत लेखि तयार गरेको हुनु पर्नेछ । कार्यक्रम सम्पन्न पश्चात निर्मित क्यालेन्डर सहितको बिलभर्पाईहरु पेश गर्नुपर्नेछ। क्यालेन्डर नियमानुसार स्टोर दाखिला गरी यहि आर्थिक वर्ष भित्रै वितरण गर्नुपर्ने छ ।

प्रदेश सचिव

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

१३७. फिल्डमा कार्य सञ्चालनको क्रममा हुन सक्ने तत्काल उद्धार र प्राथमिक उपचार कार्यक्रम २.९.७.५

वन गस्ती तथा अनुगमनको क्रममा कामकाज गर्ने कर्मचारीको सुरक्षा र उपचारको निमित्त यो कार्यक्रम सञ्चालन गरिएको हो । कुनैबखत वन गस्ती तथा फिल्डमा कार्यरत कर्मचारी कार्यरत रहेको अवस्थामा विरामी वा घाईते भएको अवस्थामा यस कार्यक्रम अन्तरगत रहेको रकम खर्च गर्न सकिनेछ । विरामीलाई तत्काल आवश्यक पर्ने यातायात तथा प्राथमिक उपचारका लागि यो कार्यक्रमबाट खर्च गर्न सकिनेछ ।

**१३८. सामुदायिक वन उपभोक्ता महासंघ र नेपाल वन प्राविधिक संघ को सहकार्यमा सामुदायिक वन दिवस को अवसरमा प्रदेशस्तरिय प्रथम कार्यशाला गोष्ठि २.६.६.५७**

यस कार्यक्रम अन्तरगत सामुदायिक वन उपभोक्ता महासंघ संग सहकार्य गरी वृक्षारोपण, अन्तरकृया गोष्ठी, छलफल लगायतका विभिन्न सचेतनामुलक कार्यक्रम गर्न सकिनेछ । कार्यक्रम संचालन गर्दा हुने खर्चको लागि यस शिर्षकको रकम खर्च गर्न सकिनेछ । विरुवा खरीद/रोपण, तथा कार्यक्रममा उपस्थित सहभागीहरुलाई खाना/खाजाको लागि यस शिर्षकको रकम खर्च गर्न सकिनेछ ।

**१३९. FECOFUN Nepal को सहकार्यमा वागमति प्रदेशमा सामुदायिक वन उपभोक्ता समुहमा सुशासन अभिवृद्धिको लागि सार्वजनिक सुनुवाइ  कार्यक्रम (आर्थिक कारोवार, काठदाउरा विक्रि वितरण तथा लाभांस बाँडफाँड र सामाजिक समावेशिकरणमा केन्द्रित रहि) २.६.६.५८**

यस कार्यक्रम सामुदायिक वन क्षेत्रमा सुसासनको लागि जनचेतना प्रदान गरी विभिन्न सामुदायिक वन उपभोक्ता समुहलाई सवल र सुदृढीकरण गर्नका लागि संचालन गर्न लागिएको हो । यस कार्यक्रम संचालन गर्दा सामुदायिक उपभोक्ता महासंघ संग सहकार्यमा संचालन गर्नु पर्नेछ । यस शिर्षकको रकम कार्यक्रम संचालन गर्दा हुने खाजा/खाना खर्च, सहभागी भत्ता तथा आवत जावतकालागि हुने गाडी भाडाको लागि खर्च सकिनेछ । कार्यक्रम संचालन पछि भुक्तानिको लागि कार्यक्रमको प्रतिवेदन, विल भर्पाई, फोटो सहित पेश गर्नु पर्नेछ ।

**१४०. प्रदेशस्तरीय उत्कृष्ट सामुदायिक वन पुरस्कार वितरण (उत्कृष्ट १ समूहलाई मात्र) २.७.२५.२१६**

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ को अनुसूचीमा उल्लेखित सामुदायिक वन अनुगमनका सूचकका आधारमा प्रदेशभित्र रहेका सम्पुर्ण डिभिजन वन कार्यालय अन्तरगतका सम्पूर्ण सामुदायिक वनको मूल्याङ्कन गरी पुरस्कृत गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र रहेको उत्कृष्ट सामुदायिक वनको मुल्याङ्कन गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ । पुर्व निर्धारित मूल्याङ्कन र सूचकको आधारमा मन्त्रालयले मूल्याङ्कन समिति गठन गरी मूल्याङ्कन गरिने छ । यसमा मूल्याङ्कनबाट छानिएका उत्कृष्ट एक सामुदायिक वन उपभोक्ता समूहलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिने छ । कार्यक्रम सम्पन्न पछि प्रतिवेदनमा पुरस्कार प्रदान गरिएको सामुदायिक वन उपभोक्ता समूहको नाम र ठेगाना, पुरस्कृत हुनाको कारण (समूहको



प्रदेश सचिव

विशेषता), मूल्याङ्कन समितिको निर्णय सहितको प्रतिवेदन पेश गर्नुपर्दछ । यस शीर्षकको बजेट नगद पुरस्कार राशीमा मात्र खर्च गर्नुपर्नेछ। पुरस्कार रकम बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ ।

## १४१. उद्योग तथा अस्पताल वरीपरी फोहोर जलाउने बारे सुचना दिनेलाई पुरस्कार २.७.२१.२५

यो कार्यक्रम उद्योग तथा अस्पताल वरीपरी फोहोर जलाउने कार्यलाई नियन्त्रण गरी प्रदुषण नियन्त्रण गर्ने अभिप्रायले यस कार्यक्रम राखिएको हो ।यस शीर्षकको बजेट जथाभावी फोहोर गरेको विषयमा जानकारी दिने व्यक्तिलाई नगद पुरस्कार राशीमा मात्र खर्च गर्नुपर्नेछ। पुरस्कार रकम बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ ।

## १४२. सव डिभिजन स्तरमा थिनिङ गर्नुपर्ने सामुदायिक वन पहिचान,mapping Inventory तथा थिनिङ scheme तयारी ११.४.१७.५३४

सामुदायिक वन हस्तान्तरण भए देखि प्रभावकारी संरक्षणका कारण हाल पोल अवस्थाको वनमा परिणत भएका छन । ति वनहरु हाल वन सम्वर्द्धनको कार्य थिनिङ्ग गर्नु पर्ने अवस्थामा पुगेका छन । अत त्यस्ता सामुदायिक वनहरु पहिचान गरी ति वन क्षेत्रको पुन: म्यापिङ गरी थिनिङ स्किम तयार गरी थिनिङ कार्य संचालन गर्ने अभिप्रायले यो कार्यक्रम राखिएको हो ।निर्मित थिनिङ योजना सामुदायिक वनको कार्ययोजनामा समावेश गरी कार्यान्वयन गरिने छ । यो शीर्षकमा विनियोजित क्षेत्र छनौट, छलफल, नक्सांकन, श्रोत सर्वेक्षण, योजना तयारी, खाजा/पानी/खाना र ईन्धन/यातायात, स्टेशनरी तथा खटिने कर्मचारीको दैनिक भत्ता लगायतमा खर्च गर्न सकिने छ । कार्य सम्पन्न भए पछि सहभागीको नामवली क्षेत्रको नक्सा, थिनिङ योजना, भए गरेका कृयाकलापको फोटो, खर्च विल भर्पाई सहितको प्रतिवेदन पेश गर्नु पर्ने छ ।

## १४३. थिनिङ scheme तयार भएको सामुदायिक वनमा कार्ययोजना संशोधन सहित थिनिङ प्रवर्द्धन कार्यक्रम ११.४.१७.५३९

डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरुका कर्मचारी, सरोकारवाला निकायहरु समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिने छ । तयार भएको थिनिङ्ग Scheme को अधिनमा रही यो कार्यक्रम संचालन गर्नु पर्नेछ । यस शिर्षकको रकम थिनिङ्ग, खाजा खर्च र थिनिङ्ग बाट प्राप्त भएको काठ दाउराको व्यवस्थापनमा खर्च गर्न सकिनेछ ।सम्पन्न भएपछि कार्यसम्पन्न प्रतिवेदनमा उत्पादन भएको काठ, दाउराको विवरण सहितको बिल भर्पाई पेश गर्नुपर्नेछ साथै काठ दाउरा बिक्री पश्चात समूहबाट सोधभर्ना हुनुपर्छ ।

## १४४. सम्बन्धित सडक आयोजनाको साझेदारीमा हुमाने देखि दक्षिणका लिसम्मको सडकको किनाराको आसपासमा रहेको वनक्षेत्रमा फूल,नासपाती र ग्राफ्टेड लप्सी रोपण ११.४.१७.५५५

यस कार्यक्रम सडक किनारा हरियाली प्रवर्द्धन, भु-क्षय नियन्त्रण गर्ने उद्देश्यले संचालन गर्न लागिएको हो । यो कार्यक्रम संचालन गर्दा सम्बन्धित सडक आयोजनाको साझेदारीमा हुमाने देखी दक्षिणकालि



प्रदेश सचिव

सम्मको सडकको किनाराबाट सडक विस्तार हुदाँ क्षति नहुने गरी कम्तिमा ५ मिटरको दुरीमा फूल,नासपाती र ग्राफ्टेड लप्सी रोपण गर्नुपर्नेछ । वृक्षारोण गर्ने विरुवा प्रजाति बहुवर्षिय हुनुपर्ने र कम्तिमा ३ फिटको हुन पर्नेछ । विरुवा खरीद गर्दा संघ वा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन, नियमावलीको प्रयोग गरी गर्नुपर्नेछ ।

**१४५. विगतमा वृक्षारोपण भएको सामुदायिक तथा अन्य वनमा थिनीङ्ग तथा सुधार कटान/ रोटेसनल फेलिङ्ग कार्यक्रम (समुह तथा सरकारको संयुक्त योगदान) TS बनाएर सा.व.मा Thinning Guideline अनुसार कार्ययोजना बनाएर (संकलन खर्च काठदाउरा बिक्री पछि सोधभर्ना हुने) ११.४.१७.५५६**

यो कार्यक्रम समूह बाहिर काठदाउरा बिक्री वितरण गर्ने सामुदायिक वन बाट स्वीकृत कार्ययोजना अनुसार काठ एवं दाउरा कटान मुछान गरी व्यवस्थित गर्ने कार्यमा खर्च गर्ने अभिप्रायले राखिएको हो । यो कार्य प्रचलित वन ऐन तथा नियमावली, सामुदायिक वनको काठ/दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका,२०७१ र वन पैदावर सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३, अनुसार गर्नुपर्नेछ । यो शीर्षकमा विनियोजित रकम सूचना प्रकाशन, छपान, कटान मुछान, ढुवानी, लोड, अनलोड, पाईलिङ आदि कार्यमा प्रचलित नर्मस् एवं जिल्ला दररेट बमोजिम खर्च गर्नुपर्ने छ । डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरुका कर्मचारी,सरोकारवाला निकायहरु समेतको सहयोग र सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिने छ । यो कार्यक्रमहरु सम्पन्न भएपछि कार्यसम्पन्न प्रतिवेदनमा उत्पादन भएको काठ, दाउराको विवरण सहितको बिल भर्पाई पेश गर्नुपर्नेछ साथै काठ दाउरा बिक्री पश्चात समूहबाट सोधभर्ना हुनुपर्छ ।

**१४६. वन भित्रको कमसल झाडी, बुट्यान लाई उत्पादनमुखी वनमा रुपान्तर गर्न तथा मानव वन्यजन्तु द्वन्द न्यूनीकरणको लागि सामुदायिक वनमा वनजन्य फलफुल विरुवा खरिद तथा तारवार सहित रोपण (उपसमूह बनाई कबुलियतनामा गरी-कम्तिमा ५ हेक्टर एउटै सा.व. मा) ११.४.१७.५५६**

यो कार्य सामुदायिक वन क्षेत्रको छत्र घनत्व २० प्रतिशत भन्दा कम भएको क्षेत्र वा सो भन्दा बढी भएको क्षेत्रको हकमा मौजुदा रुखहरुलाई हानी नपुऱ्याउने गरी संचालन गर्नु पर्नेछ । यो कार्यक्रम वन क्षेत्र संग जोडिएको वस्ती तथा खेती गरीएको स्थानमा वन्यजन्तुका कारणले सृजना हुने मानव वन्यजन्तु द्वन्द न्यूनिकरण गर्न वन्यजन्तुलाई वन क्षेत्र भित्रै आहारा व्यवस्थापनका लागि यो कार्यक्रम राखिएको हो । रोपण गरिने क्षेत्रको पहिचान गरी स्थानीय तह संगको सहकार्य/समन्वयमा कार्यक्रम संचालन गर्नु पर्नेछ । सामुदायिक वन क्षेत्र भित्र वन्यजन्तुका लागि उपसमुह बनाई कबुलियतनामा गरी सामुदायिक वनभित्र उपयुक्त प्रजातिका विरुवाहरु रोपण गर्नु पर्नेछ । वृक्षारोपण क्षेत्रको संरक्षणको लागि तारवार गर्न आवश्यक देखिएमा सो समेत गरी वृक्षारोपणको संरक्षण सुनिश्चित गर्नु पर्ने छ । रोपिएको विरुवाको संरक्षण तथा संवर्द्धनको जिम्मेवारी सम्बन्धित

प्रदेश सचिव

समुह/उपसमूहको हुनेछ । यस शिर्षकमा विनियोजित रकम स्थान पहिचान छलफल नक्साङ्कन योजना निर्माण विरुवा खरिद ढुवानी रोपण तारवार र संरक्षणको कार्यमा खर्च गर्न सकिने छ । कार्य सम्पन्न भए पछि रोपण भएको क्षेत्रको विवरण, रोपण भएको विरुवाको जात, संख्या, उपस्थित व्यक्ति, भए गरेका कृयाकलापहरुको विवरण, फोटो सहित खर्च विल भर्पाई पेश गर्नु पर्ने छ ।

**१४७. अतिक्रमण हुन सक्ने संवेदनशील वन क्षेत्रमा वन क्षेत्रको जग्गा छुट्याई फलफूल वृक्षारोपण हेज निर्माण (प्रति कि.मि. कम्तिमा ५०० विरुवा ईमिली, हाईब्रिड अमला/बयर/जामुन/ओखर/पिकानट/मेकाडानिया)**

अतिक्रमण हटाई सकिएको स्थान वा अतिक्रमण हुनसक्ने संवेदनशील वन क्षेत्र त्यसै छाड्दा पुन अतिक्रमण हुनसक्ने अवस्था सृजना हुनसक्ने भएकोले त्यस्तो क्षेत्रमा वृक्षारोपण गरी त्यसको संरक्षणका कार्यक्रम संचालन गर्ने उद्धेश्यले यो कार्यक्रम ल्याईएको हो । यस शीर्षकमा बिनियोजित बजेटवाट स्थान सुहाउँदो खालका फलफूलका प्रजातिहरु खरिद गरि रोपण गरिने छ । कार्यक्रम संचालन गर्दा वन उपभोक्ता समूह मार्फत वा सो नभएको स्थानमा समिति गठन गरी गर्न सकिने छ । यो शीर्षकको रकम स्थान छनौट, नक्साङ्कन, जग्गा तयारी, बिरुवा वा बिऊ खरिद, ढुवानी, रोपण, संरक्षण तारबार तथा सो कार्यमा खटिने कर्मचारीको लागि खाजा/खाना/भत्तामा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा रोपण क्षेत्रको विवरण, क्षेत्रफल, खरिद तथा रोपण गरिएका प्रजाति, तीनको संख्या, तथा भए गरेको कार्यको फोटो लगायतका खर्च बिल भर्पाई संलग्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**१४८. वन क्षेत्रभित्र पर्ने विद्युतिय हाईटेन्सन लाईन मुनीको खाली जग्गामा फलफूल रोपण कार्यक्रम निर्माण प्रति कि.मि. कम्तिमा ५०० विरुवा (ईमिली, हाईब्रिड अमला /बयर /कागती /ओखर /पिकानट /मेकाडानिया-प्रजातीको विरुवा उपलब्ध हुने जिल्लाको दर रेट अनुसार, उल्लिखित प्रजाती मध्ये एकल जातको विरुवा/कटिङ्ग खुलाउने)**

वनक्षेत्र भएर जाने बिद्युत् हाईटेन्सन लाईन मुनिको क्षेत्रमा रुख बिरुवाहरु अग्लो हुनु हुँदैन । बढी उचाइ नहुने तथा नहुने गरी व्यवस्थापन गर्न सकिने आयमुलक वनजन्य बिरुवाहरु लगाई त्यस्तो जमिनको भरपुर उपयोग गर्न सकिन्छ । त्यस्ता क्षेत्रहरुमा रहेको खाली जमिनमा गरिब विपन्न वर्गहरुलाई सँगठित गरी वनमा आधारित आयमुलक कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ । यस कार्यक्रम अन्तरगत वनक्षेत्रमा कृषि वन प्रणालीको सिद्धान्त बमोजिम बिद्युत् हाईटेन्सन लाईन मुनि स्थान सुहाउँदो प्रजातिहरु, कम्तिमा पनि ५०० गोटा बिरुवा प्रति किलोमिटर रोपण र खेती विस्तार गर्नु पर्नेछ । कार्यसञ्चालनको लागि सामुदायिक वा कबुलियती वन समूह भए सोही समूहका गरिब विपन्न वर्गहरुको उपसमूह बनाई कार्यक्रम सञ्चालन गरिने छ । वन समूहहरु नभएको स्थानमा स्थानीय गरिब विपन्न समूह पहिचान गरी, समूह गठन गरी कार्यक्रम सञ्चालन गरिनेछ । यो शीर्षकको रकम जग्गा पहिचान, नक्साङ्कन, झाडी सफाई, जग्गा तयारी, बिरुवा वा बिऊ खरिद, ढुवानी, रोपण लगायतमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा समूहको नाम र ठेगाना,

प्रदेश सचिव

क्षेत्रको विवरण, क्षेत्रफल, खरिद तथा रोपण गरिएका प्रजाति, तिनको संख्या तथा भए गरेको कार्यको फोटो लगायतका खर्च बिल भर्पाई संलग्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**१४९. सामुदायिक वनमा फलफुल विरुवा खरिद र रोपण (२ हेक्टर एकै स्थानमा फलफुलको बिरुवा वृक्षारोपण तारबार सहित ) ११.४.१७.५६४**

सामुदायिक वन क्षेत्र भित्र कम्तिमा २ हेक्टर क्षेत्रफल भएको एकै स्थानमा वृक्षारोपण/ सम्वृद्धी वृक्षारोपणको रुपमा विभिन्न प्राजातिका फलफुलको बिरुवा वृक्षारोपण गरी तारबार सहित खाली क्षेत्रलाई सदुपयोग गरी हरीयाली प्रवर्द्धन तथा आयआर्जनका लागि यो क्रियाकलाप सञ्चालन गरिनेछ । सम्वृद्धी वृक्षारोपणको हकमा प्रचलित नर्मस बमोजिम प्रति हेक्टरमा कायम गर्नुपर्ने विरुवा संख्या रोपण भएको हुन पर्नेछ । कार्यक्रम सञ्चालन भएको ठाऊँमा यी विवरणहरु सहितको एउटा होर्डिङ्ग बोर्ड समेत राख्नुपर्नेछ ।कार्यक्रम सम्पन्न पछि प्रतिवेदनमा क्रियाकलाप सञ्चालन भएको नाम, ठेगाना, क्षेत्रफल, फलफुलको प्रजाति, संख्या, लागत उल्लेख गर्नुपर्नेछ । वृक्षारोपण गरिएको क्षेत्रको संरक्षण तथा व्यवस्थापनको जिम्मेवारी सम्बन्धित समुहको हुनेछ । वृक्षारोपण पश्चात मर्न गएको विरुवाको स्थानमा नयाँ विरुवा रोपण गरी हरेक वर्ष वृक्षारोपणको प्रतिवेदन सम्बन्धित डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । यो शिर्षकको रकम विरुवा खरीद तथा ढुवानी, वृक्षारोपण, तारबार, खाजामा खर्च गर्न सकिनेछ ।

**१५०. सामुदायिक वनमा फलफुल विरुवा खरिद र रोपण/बितरण ११.४.१७.५६५**

सामुदायिक वन क्षेत्र भित्र एकै स्थानमा स्थान सुहाउँदो र समुहले रुचाएका विभिन्न प्राजातिका फलफुलको बिरुवा वृक्षारोपण गरी तारबार सहित खाली क्षेत्रलाई सदुपयोग गरी हरीयाली प्रवर्द्धन/ आयआर्जन को उद्धेश्य राखेर यो क्रियाकलाप सञ्चालन गरिनेछ ।यस शिर्षको रकम समूह संग छलफल स्थान छनौट प्रजाती निक्यौंल फलफुलका विरुवा खरिद ढुवानी रोपण संरक्षण व्यवस्था होडिङवार्ड निर्माण र स्थापना सो कार्यमा खटिने कर्मचारीको लागि खाजा/खाना खर्च र यातायात/ईन्धन लगायतमा खर्च गर्न सकिने छ । कार्यक्रम सञ्चालन भएको ठाऊँमा कार्यक्रमको संक्षिप्त विवरण सहितको एउटा होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ । कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा कार्यक्रम संचालन भएको स्थानको विवरण, क्षेत्रफल, फलफुलको प्रजाति, संख्या, खर्च विल भर्पाई र संचालित कृयाकलापहरुको फोटो समेत पेश गर्नु पर्नेछ । वृक्षारोपण क्षेत्रको संरक्षण तथा व्यवस्थापनको जिम्मा सम्बन्धित समुहको हुनेछ । वृक्षारोपण पश्चात मर्न गएको विरुवाको स्थानमा नयाँ विरुवा रोपण गरी डिभिजन वन कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर नेपाल

## १५१. पुराना वैज्ञानिक वन लागू भएका सामुदायिक वनमा समूहद्धारा गरिने थिनिङ्ग/इम्प्रुभमेन्ट फेलिङ्ग योजना कार्यान्वयनको सब-डिभजन मार्फत अनुगमन तथा प्राविधिक सहयोग (समूहको संयुक्त योगदान)

वैज्ञानिक वन व्यवस्थापन लागू भएका सामुदायिक वनहरुको स्वीकृत वन व्यवस्थापन योजनामा उल्लेख भएको परिमाणमा थिनिङ्ग/ईम्प्रुभ्मेन्ट फेलिङ/पुनरोत्पादन व्यवस्थापन लगायतका कार्य गर्न (समूह र सरकारको संयुक्त योगदानमा) यो शीर्षकको रकम खर्च गरिनेछ । सामुदायिक वनको स्वीकृत कार्ययोजनमा भएको व्यवस्था बमोजिम को लागि कुन कुन समूहले थिनिङ/ईम्प्रुभमेन्ट फेलिङ्ग लगायतका कार्य गर्ने हो र सो को विवरण, समूहको निर्णय र आवश्यक कागजात सहित संलग्न गरी डिभिजन वन कार्यालयमा निवेदन पेश गर्नुपर्ने छ । प्राप्त माग निवेदनहरु मध्ये वैज्ञानिक वन व्यवस्थापन लागू भएको वर्ष र सब-डिभिजन वन कार्यालयको सिफारिस समेतको आधारमा डिभिजन वन कार्यालयले काम गर्ने समूहको छनौट गरिने छ। कार्य सञ्चालन गर्नु पूर्व लागत अनुमान स्वीकृत गराइ समूहबाट समेत खर्च गर्नुपर्ने रकम तोकी सम्झौता गरी कार्य सञ्चालन गर्नुपर्ने छ । यसको लागि खर्च वेहोर्दा वैज्ञानिक वन व्यवस्थापन लागू भएको २ वर्ष पुगी सकेका समूहले ६० प्रतिशत र सो भन्दा कम अवधि भएका समूहले ४० प्रतिशत बेहोर्नु पर्नेछ । यस शीर्षकमा विनियोजन भएको रकम फिल्डमा खटिने कर्मचारीहरुलाई भ्रमण भत्ता, स्टेशनरी, प्लटको झाडि सफाई, रुख बिरुवा मापन गर्ने, प्रतिवेदन लेखन, डाटा ईन्ट्री लगायतमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात समूहको निर्णय, कार्य सञ्चालन सम्झौता, थिनिङ/ईम्प्रुभ्मेन्ट फेलिङ भएको क्षेत्रको विवरण, उत्पादन भएको वनपैदावरको परिमाण, खर्च बिल भर्पाई, कार्यक्रम स्थलमा कार्य सञ्चालन गर्नु अघि, कार्य सञ्चालन हुँदै गर्दा तथा कार्य सम्पन्न पश्चातका फोटोहरु संलग्न गरी प्रतिवेदन पेश गर्नुपर्ने छ।

## १५२. निजी, कबुलियती वन, खोरिया फडानी र भू-संरक्षणका दृष्टिले संवेदनशील क्षेत्रलाई कृषि वनमा रुपान्तरणको लागि अमृसो रोपण (एकै स्थानमा) ११.४.१७.२५०

निजी, कबुलियती वन, खोरिया फडानी र भू-संरक्षणका दृष्टिले संवेदनशील क्षेत्रलाई कृषि वन मा रुपान्तरणका लागि आयआर्जन गर्नका लागि एकै स्थानमा अम्रिसो रोपण गर्न यो क्रियाकलाप सञ्चालन गरिनेछ । कार्यक्रम सञ्चालन भएको ठाऊँमा यी विवरणहरु सहितको एउटा होर्डिङ्ग बोर्ड समेत राख्नुपर्नेछ ।कार्यक्रम सम्पन्न पछि प्रतिवेदनमा क्रियाकलाप सञ्चालन भएको वनको नाम, ठेगाना, क्षेत्रफल, लाभान्वित घरधुरी, लागत, खेती विस्तार गरिएको अम्रिसोको स्लिप संख्या र प्राप्ति स्रोत, लागत तथा कार्यक्रम सञ्चालन गर्दा देखापरेका समस्याहरु उल्लेख गर्नुपर्नेछ ।

## १५३. जिल्ला स्तरीय उत्कृष्ट सामुदायिक वन पुरस्कार वितरण (उत्कृष्ट १ समूहलाई मात्र) २.७.२५.२१५

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१ को अनुसूचीमा उल्लेखित सामुदायिक वन अनुगमनका सूचकका आधारमा डिभिजन वन कार्यालय अन्तरगतका सम्पूर्ण सामुदायिक वनको मूल्याङ्कन गरी पुरस्कृत गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । पुर्व निर्धारित मूल्याङ्कन र

सूचकको आधारमा डिभिजनल वन अधिकृतको संयोजकत्वमा ३ सदस्यीय (वन उपभोक्ता महासंघको प्रतिनिधि-१, योजना शाखाको प्राविधिक-१ समेत) मूल्याङ्कन समिति गठन गरी मूल्याङ्कन गरिने छ । यसमा मूल्याङ्कनबाट छानिएका उत्कृष्ट एक सामुदायिक वन उपभोक्ता समूहलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिने छ । कार्यक्रम सम्पन्न पछि प्रतिवेदनमा पुरस्कार प्रदान गरिएको सामुदायिक वन उपभोक्ता समूहको नाम र ठेगाना, पुरस्कृत हुनाको कारण (समूहको विशेषता), मूल्याङ्कन समितिको निर्णय सहितको प्रतिवेदन पेश गर्नुपर्दछ । यस शीर्षकको बजेट प्रमाण-पत्र छपाई, फ्रेम खरिद, वैठक भत्ता, खाजा र नगद पुरस्कार राशीमा खर्च गर्न सकिनेछ । पुरस्कार रकम नियमानुसारको कर कटाई समूहको बैंक खाता उपलब्ध गराईने छ ।

**१५४. चेपाङ्ग समुदायका लागि चिउरीको बीँया संकलन गरी कम्तिमा ३ हेक्टर क्षेत्रफलमा तारबार सहित रोपण कार्यक्रम ११.४.१७.५५७**

यो कार्यक्रम चेपाङ्ग समुदायका लागि चिउरीको बियाँ सङ्कलन गरी तारबार सहित रोपण कार्यक्रम राखिएको हो। समुदायसँग छलफल गरी बिऊ सङ्कलन गरी तोकिएको स्थानमा रोपण गर्ने कार्यमा खर्च गरिने छ। प्रचलित नर्म्स अनुसार प्राविधिकबाट लागत अनुमान तयार गरी डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई स्वीकृत ल.ई बमोजिम खर्च गरी कार्यक्रम सम्पन्न गर्नुपर्ने छ । वृक्षारोपण क्षेत्रको छनौट, लागत अनुमान तयार गर्ने, वृक्षारोपणको तयारी वृक्षारोपण गर्ने लगायतका कार्यमा आवश्यक प्राविधिक सहयोग डिभिजन/सब-डिभिजन वन कार्यालयबाट उपलब्ध गराईने छ ।कार्यक्रम सम्पन्न पश्चात वृक्षारोपण गरिएको क्षेत्रको विवरण, प्रजाति, संख्या, रोपण गरिएको क्षेत्रको नक्सा, फोटो, बिल भर्पाई लगायतका आवश्यक कागजातहरु संलग्न गरी कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ । रोपण गरिएको ठाउँमा सम्पूर्ण विवरण सहितको होर्डिङ्ग बोर्ड राख्नु पर्ने छ ।

**१५५. कृषि वन व्यवस्थापन पद्धतीको कार्ययोजनाले सिफारिस गरेको स्थान र मोडलमा आधारित भई कार्यक्रम कार्यान्वयन ११.४.१७.५५९**

आ.व. २०७७/०७८ मा स्वीकृत भएको कृषि वन व्यवस्थापन पद्धतीको कार्ययोजनाले सिफारिस गरेको स्थान र मोडलमा आधारीत भई संचालन गरिने क्रियाकलापमा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावलीको अधिनमा रही विनियोजित रकम खर्च गर्नुपर्नेछ ।

**१५६. कृषि वन व्यवस्थापन पद्धतीको कार्ययोजना कार्यान्वयन को लागि वन प्राविधिक ११.४.१७.५६०**

आ.व. २०७७/०७८ मा स्वीकृत भएको कृषि वन व्यवस्थापन पद्धतीको कार्ययोजनाले सिफारिस गरेको स्थान र मोडलमा आधारीत भई संचालन गरिने क्रियाकलाप प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रचलित सार्वजनिक खरिद ऐन, नियमावलीको अधिनमा वन प्राविधिकको तलब/भत्तामा खर्च गर्न सकिनेछ । वन प्राविधिकले सो कार्ययोजना बमोजिम कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन मासिक रुपमा सम्बन्धित डिभिजन वन कार्यालयमा बुझएपछी मात्रा तलब/भत्ता भुक्तानी गर्नु पर्नेछ ।

प्रदेश सचिव

### १५७. विरुवा उत्पादन/जडिबुटी खेती विकासको लागि वन प्राविधिक २.५.२.२२

डिभिजन वन कार्यालयमा नयाँ बिरुवा उत्पादन, जडिबुटी खेतीको लागि समन्वय, सहजीकरण, प्राविधिक सहयोग लगायत डिभिजन वन कार्यालयको कार्यक्रम सञ्चालनमा थप सहयोग पुर्याउन वन विज्ञानमा कम्तिमा स्नातक तह वा सो सरहको योग्यता पुगेको प्राबिधिक सेवा करारमा लिन यस शीर्षकमा विनियोजित रकम खर्च गरिनेछ । यसको लागि गत आ.व.मा मन्त्रालय/डि.व.का.हरुमा कार्यरत जडिबुटी प्राविधिक, सहजकर्ताहरुलाई प्राथमिकता दिईनेछ । निजले डिभिजनल वन अधिकृत वा तोकिएको अधिकृत कर्मचारीको सुपरिवेक्षणमा काम गर्नु पर्नेछ । साथै मासिक प्रतिवेदनको आधारमा मात्र मासिक पारिश्रमिकको निकासा गरिनेछ।

### १५८. जडिबुटी संरक्षणको लागि विद्यालय शिक्षा पुस्तिका प्रकाशन २.७.२५.१४७

जडिबुटी सम्वन्धि विषयमा विद्यालयका विद्यार्थीहरुलाई सचेतना तथा अध्ययन गराउने उद्देश्यले विद्यालय शिक्षा पुस्तिका प्रकाशन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ ।

जडिबुटीको तथ्याङ्क सङ्कलन, गोष्ठीको आयोजना, लेख रचना सङ्कलन, लेखकको पारिश्रमिक, विभिन्न विषयवस्तु माथि मस्यौदा समितिको बैठक तथा छलफल, सम्पादन, विषय विज्ञहरुको परामर्श सेवा खरिद गरी पुस्तिका छपाई तथा प्रकाशन गर्ने कार्यहरुमा यस शीर्षकको रकम खर्च गर्न सकिनेछ।

### १५९. संभाव्यता अध्ययन /अनुसन्धान

क. अध्ययन गरिने क्रियाकलापहरुका लागि सम्बन्धित विषय विशेषज्ञहरुको सहयोगमा कार्य क्षेत्रगत शर्त ( Terms of Reference) र लागत अनुमान तयार गरी स्वीकृत गर्ने ।

ख. अध्ययन गर्नका लागि सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ मा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गर्ने ।

ग. छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसँग स्वीकृत कार्य सूची बमोजिम कार्य गर्ने गरी सम्झौता गर्ने ।

घ. सम्झौता पश्चात परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले मस्यौदा प्रतिवेदन तयार गरी प्रस्तुतीकरण गर्ने र प्रस्तुतीकरणका समयमा वा अन्य माध्यमबाट प्राप्त पृष्ठपोषण समावेश गरी अन्तिम प्रतिवेदन तयार गर्ने

प्रदेश सचिव

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश मकवानपुर नेपाल

<u>आर्थिक वर्ष २०७८।७९ मा देहाय बमोजिमको क्रियाकलापहरुको संभाव्यता अध्ययन तथा कार्ययोजना निर्माण गरिने छ</u>

क. दोलखा जिल्लाको सिंगटी,कालिंचोक क्षेत्रमा पाईने जडिवुडीको pharmaceutical र microbial अध्ययन ११.५.३०.३१

ख. बागमती प्रदेशको मुख्य नदी प्रणालीहरुको पानीको प्रदुषण तथा गुणस्तरको अध्ययन तथा कार्ययोजना निर्माण ११.५.४०.१५६

### १६०. वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत बैठक भत्ता

यो कार्यक्रम अन्तरगत रहेको रकम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि रहेको समितिको बैठक बस्दा बैटक भत्ता बापत खर्च गर्न सकिनेछ । प्रचलित नियम तथा कानुको परीधिमा रहि यस शिर्षको बजेट खर्च गर्न सकिनेछ । यस अन्तरगत निम्न कार्य संचालन गर्न सकिनेछ ।

क. बातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत बैठक भत्ता (महिनामा कम्तिमा २ पटक) १.२.४.८

ख. वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत बैठक भत्ता (EIA समेत) १.२.४.९

### १६१. वन दस्ता टोलीलाई आगलागि नियन्त्रण गर्न जाँदा ईन्धन खर्च २.२.२७

यो कार्यक्रम वन डढेलो नियन्त्रणलाई छिटो तथा पारदर्शी वनाउनको लागि व्यवस्था गरिएको हो । वन डढेलो नियन्त्रणमा जाँदा लाग्ने ईन्धन खरीदको लागि यस शिर्षकको रकम खर्च गर्न सकिनेछ । रकम खर्च गर्दा वन डढेलो लागेको क्षेत्रको दुरीको हिसाबमा रकम खर्च गर्नुपर्नेछ ।

### १६२. वन दस्ता टोलीलाई पारिश्रमिक(फागुन १५ देखी जेष्ठ १५ सम्म) २.५.३.५

यो कार्यक्रम वन डढेलो नियन्त्रणलाई छिटो तथा पारदर्शी वनाउनको लागि व्यवस्था गरिएको हो । डिभिजन वन प्रमुखले वन दस्ता तयार गरी उक्त दस्तालाई डढेलो नियन्त्रणमा प्रयोग गर्न सक्नेछ । तयार गरिएको वन दस्तालाई आगलागी नियन्त्रणका लागि फागुन १५ देखी जेष्ठ १५ सम्मको लागि पारिश्रमिकको रुपमा यस शिर्षकको रकम खर्च गर्न सकिनेछ ।

### १६३. वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतका लागि प्राप्त EIA अध्ययन गरी राय सुझाव लिन (विज्ञको पारिश्रमिक र यातायात खर्च समेत) २.५.२.५

यस शिर्षकको रकम प्रचलित नियम तथा कानुनको परिधिमा रही वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतीको क्रममा लिईने विज्ञ सेवाको पारिश्रमिकमा खर्च गर्नु पर्नेछ । साथै विज्ञलाई नियमानुसार प्रदान गर्न सकिने यातायात खर्चमा समेत यस शिर्षकको रकम खर्च गर्न सकिनेछ ।

प्रदेश सचिव



प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश नेपाल

## १६४. समृद्धिका लागि जडिबुटी खेती सञ्चालन कार्यक्रम

### पृष्ठभूमि

बागमती प्रदेशमा वनको उपजको उत्पादन वृद्धि गर्न, व्यावसायिक उत्पादन गरी वन उद्यमको विकास तथा रोजगारी श्रृजना गर्नका लागि जडिबुटी खेती सञ्चालन कार्यक्रम ल्याइएको हो । बाँझो जग्गाको उपयोग, सामुदायिक वनको जग्गाको वन उपज उत्पादनका लागि बहुआयामिक प्रयोग गरी समृद्धिको आधार तयार गर्न व्यावासायिक जडिबुटी खेती कार्यक्रम प्रदेश सरकारले तय गरेको छ । निजी जग्गा तथा सामुदायिक वन क्षेत्रमा जडिबुटी खेती सञ्चालन गर्दा ध्यान दिने मुख्य विषयहरु उपयुक्त तोकेको क्षेत्रफल जग्गाको उपलब्धता/पहिचान, समूह/किसानको पहिचान हो । जग्गा एकै स्थानमा उपलब्ध हुन नसकेमा नीजी जग्गा एकिकृत गरी जडिबुटी सञ्चालन गर्न सकिनेछ । यो कार्यक्रममा जडिबुटी खेती सञ्चालन कार्य निजी वा समुदाय वा सहकारी वा सामुदायिक वन उपभोक्ता समूहले छनौट गरेका निश्चित घरधुरीसँग सरकारको तर्फबाट डिभिजन वन कार्यालयले निजी किसान/समूह/समुदाय/सहकारी/कम्पनीसँग सहकार्य गरी एकल वा साझेदारी वा संयुक्त रुपमा सञ्चालन गर्न सकिने गरी तय गरेको कार्यक्रम हो । यो कार्यविधि प्रयोग गरी देहायका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

- सामुदायिक वन भित्र उप समूह बनाई कबुलियतनामा गरी एकै स्थानको १०० रोपनी भन्दा बढी क्षेत्रफलमा जडिबुटी खेतीको लागि प्लट वृक्षारोपणको लागि विरुवा खरीद र वितरण टिमुर, लौंठ सल्ला, अमला, सतुवा, चिराईतो ११.४.१७.५६३
- चिराईतो एकै स्थानको १०० रोपनी भन्दा बढी क्षेत्रफलको निजी जग्गामा जडिबुटी खेतीको लागि प्लट वृक्षारोपणको लागि विरुवा खरीद र वितरण (निजी जग्गालाई क्लष्टरीङ्ग गर्न सकिने) (कार्यविधिमा उल्लिखित लागत ईष्टिमेट बमोजिम) ११.४.१७.५६२
- सतुवाको एकै स्थानको ४० रोपनी भन्दा बढी क्षेत्रफलको निजी जग्गामा जडिबुटी खेतीको लागि प्लट वृक्षारोपणको लागि विरुवा खरीद र वितरण (निजी जग्गालाई क्लष्टरीङ्ग गर्न सकिने) (कार्यविधिमा उल्लिखित लागत ईष्टिमेट बमोजिम) ११.४.१७.२६४
- तिते पातीको ब्यवसायिक खेति नागार्जुन-3 र तारकेश्वर-3 काठमाण्डौं ११.४.१७.६११
- अगरउडको बिरुवा खरिद गरी रोपण(सा.व./क.व./राष्ट्रिय वन क्षेत्र/ निजि जग्गा ) ११.४.१७.४६१
- सार्वजनिक जग्गामा अगरउड विरुवा खरिद तथा रोपण(घेराबार सहित) ११.४.१७.६१०
- लौंठ सल्लाको एकै स्थानको १०० रोपनी भन्दा बढी क्षेत्रफलको निजी जग्गामा जडिबुटी खेतीको लागि प्लट वृक्षारोपणको लागि विरुवा खरीद र वितरण (निजी जग्गालाई क्लष्टरीङ्ग गर्न सकिने) (कार्यविधिमा उल्लिखित लागत ईष्टिमेट बमोजिम) ११.४.१७.२६२
- टिमुर/अमलाको एकै स्थानको १०० रोपनी भन्दा बढी क्षेत्रफलको निजी जग्गामा जडिबुटी खेतीको लागि प्लट वृक्षारोपणको लागि विरुवा खरीद र वितरण (निजी जग्गालाई क्लष्टरीङ्ग गर्न सकिने) (कार्यविधिमा उल्लिखित लागत ईष्टिमेट बमोजिम) ११.४.१७.३७५

उद्धेश्य

- व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनी/समुदाय मार्फत निजी जग्गा र सामुदायिक वन क्षेत्रमा व्यावसायिक एकल जातको जडिबुटी खेती गर्ने ।

<u>पहिलो चौमासिकमा सञ्चालन गरिने कृयाकलापहरु</u>

- देहाय अनुसारको जडिबुटी तथा गैरकाष्ठ वन पैदावार सेल NTFPs सेल गठन गरिनेछ ।
  - डि.ब.अ. ले तोकेको वन अधिकृत(उपलब्ध भए सम्म स्नातक गरेको)- संयोजक
  - खेती हुने सब डिभिजनको अधिकृत/रेञ्जर- सदस्य
  - (जग्गा छनौट नहुदा सम्म DFO ले अधिकृत/रेञ्जर प्रतिनिधि तोक्न सक्ने )
  - डि.ब.का.ले करारमा नियुक्त गरेको वन प्राविधिक(वन विज्ञान विषयमा स्नातक तह उतीर्ण गरेको डि.ब.का.ले करार/सेवापरामर्शमा राखिएको पाँचौस्तरको कर्मचारी ) – सदस्य (करार नियुक्त नभएकोमा डि.ब.अ. ले तोकेको प्राविधिक कर्मचारी रहनेछ)

- जडिबुटी तथा गैरकाष्ठ वन पैदावार सेलले सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्य, जि.स.स., स्थानिय तहका पदाधिकारीहरु सहित सरोकारवालाहरुको सहभागितामा अन्तरकृया तथा अभिमुखीकरण गोष्ठी सञ्चालन गर्नेछ ।
- कार्तिक महिना भित्रमा व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनी इच्छुकलाइ देहायको विवरण सहित कार्यक्रममा तोकेको जातको खेती गर्न निवेदन आव्हानको १५ दिने सूचना प्रकाशन गरिनेछ ।
  - व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीको दर्ताका कागजातहरु- व्यक्तिको हकमा नागरिकता ।
  - जग्गाको विवरण लालपुर्जा र तिरो तिरेको रसिद
  - निवेदन

<u>दोश्रो चौमासिकमा सञ्चालन गरिने कृयाकलापहरु</u>

- सेलले प्राप्त हुन आएका निवेदन अनुसारको व्यवसायिक खेती गर्ने जग्गाको अवलोकन तथा निरीक्षण गर्नेछ ।
- सेलले प्रस्तावित जग्गाको सिंचाई/भिरालोपना/मोहडा/ प्रजाती समेतका आधारमा प्राथामिकीकरण गरी सिफारिश सहितको प्रतिवेदन डि.ब.का. मा पेश गर्नेछ ।
- सेलको सिफारिशका आधारमा डि.ब.का.ले व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनी छनौट गर्नेछ ।यसरी छनौट गर्दा लागत साझेदारी खुल्ने गरी साथै डि.ब.का.ले बिरुवा रोपण क्षेत्रको संरक्षणका वापत एकमुष्टरुपमा १० हजार रुपैया उपलब्ध गराउने गरी छनौट भएको व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीसँग सम्झौता गरिनेछ ।

प्रदेश सचिव

- सेलले छनौट भएको जग्गामा व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीको सहकार्य/समन्वयमा निशुल्क रुपमा जग्गाको सर्भे नक्साङ्कन, व्यावसायिक योजना, खेती क्यालेण्डर, लागत अनुमान तयार गर्नेछ ।
- डि.ब.का.ले बिरुवाको गुणस्तर निर्धारणका मापदण्ड तयार गर्नेछ । त्यसरी मापदण्ड तयार गर्दा टिमुर र लौठसल्लाको हकमा बिउबाट उत्पादन भएको र कम्तीमा २ वर्ष पुरानो बिरुवा एवं मोरिङ्गा र सतुवाको हकमा कम्तीमा १ वर्ष पुरानो बिरुवा हुनुपर्नेछ ।
- संघ वा प्रदेशको सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिदको प्रकृया पुरा गरी बिरुवा खरिद गरिनेछ । यसरी खरिद गर्दा प्रतिस्थापन रोपण (Causality Replacement) प्रयोजनका लागि थप दश प्रतिशत बिरुवा समेत खरिद गर्न सकिनेछ । प्रतिस्थापन रोपण (Causality Replacement) गर्ने बिरुवा डि.ब.का.को नर्सरीमा स्टक राखी आवश्यकता अनुसार पुनःरोपण गरिनेछ ।
- बिरुवा खरिद सम्बन्धित जिल्लाको दररेट अनुसार हुनेछ। जिल्ला दर रेटमा नखुलेको प्रजाति र साइज/उमेरको बिरुवाको हकमा संघ वा प्रदेशको सार्वजनिक खरिद ऐन तथा नियमावलि अनुसार कोटेशन माग गरी प्राप्त दररेट अनुसार खरिद गर्न सकिनेछ ।

<u>तेश्रो चौमासिकमा गरिने कृयाकलापहरु</u>

- सेलले चैत्र महिनामा वृक्षारोपणको संरक्षण तथा खेती प्रविधिका विषयमा अभिमुखीकरण तालिम/गोष्ठी गर्नेछ ।
- सेलको प्राविधिक सहयोग/सहजीकरणमा वैशाख महिना सम्ममा व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीले जग्गाको तयारी झाडी सफाइ, कम्पोष्ट मल, जग्गा सम्याउने, खनजोत, खाडल वा तारबार लगाउने, ड्याङ्ग बनाउने, सिंचाइ व्यवस्था मिलाउने लगायतका कामहरु गर्नुपर्नेछ ।
- जेष्ठ/आषाढ महिना सम्ममा डि.ब.का.ले बिरुवा उपलब्ध गराइ सेलको प्राविधिक सहयोग/सहजीकरणमा वृक्षारोपण कार्य सम्पन्न गरिनेछ ।

<u>विविध</u>

- डि.ब.का.ले वृक्षारोपणको प्रमाणपत्र उपलब्ध गराउने । वृक्षारोपण अभिलेखीकरण डिभिजन वन कार्यालयमा राखी खेती गरिएको स्थानीय तहलाई जानकारी गराईनेछ ।
- खेतीको मूल्याङ्कनको स्थलगत अध्ययन गरी योजनाको अधिकृतले अन्तिम प्रतिवेदन डि.ब.का. मा पेश गर्ने । यसरी प्राप्त प्रतिवेदन मन्त्रालय र निर्देशनालयमा पेश गर्नुपर्नेछ ।
- यो कार्यक्रममा खटिने सब-डिभिजन वन कार्यालयका कर्मचारीहरुलाई नियमानुसार भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ ।

प्रदेश सचिव

- पत्रकार, सरोकारवाला, वडाका जनप्रतिनिधिको रोहवरमा खर्चको सार्वजिनक सुनुवाइ गरी भुक्तानीका बखत सो सुनुवाइको प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- लागत अनुमान/खर्च/लागत साझेदारी/बिरुवा संख्या/रोपण क्षेत्रफल/जात खुल्ने गरी होडिङ्गबोर्ड राख्नुपर्नेछ ।
- वन निर्देशनलाय र डि.ब.का.ले अनुगमन गर्न सक्नेछन ।
- यो कार्यक्रम एकै स्थानमा १०० रोपनी क्षेत्रफल भन्दा कम हुने गरी टुक्रा गरी सञ्चालन गर्न पाइने छैन ।

**१६५. सामुदायिक वनको क्षेत्रमा कबुलियतनामा गरी जडिबुटी खेती संचलन गर्ने कार्यक्रम कार्यान्वयन कार्यविधि**

<u>पहिलो चौमासिमा सञ्चालन गरिने कृयाकलापहरु</u>

- देहाय अनुसारको जडिबुटी तथा गैरकाष्ठ वन पैदावार सेल NTFPs सेल गठन गरिनेछ ।
  - डि.ब.अ. ले तोकेको वन अधिकृत(उपलब्ध भए सम्म स्नातक गरेको)- संयोजक
  - खेती हुने सब डिभिजनको अधिकृत/रेञ्जर- सदस्य
  - (जग्गा छनौट नहुदा सम्म DFO ले अधिकृत/रेञ्जर प्रतिनिधि तोक्न सक्ने )
  - डि.ब.का.ले करारमा नियुक्त गरेको वन प्राविधिक - सदस्य
  - (करार नियुक्त नभएकोमा डि.ब.अ. ले तोकेको प्राविधिक कर्मचारी रहनेछ)
- जडिबुटी तथा गैरकाष्ठ वन पैदावार सेलले सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्य, जि.स.स., स्थानिय तहका पदाधिकारीहरु, सामुदायिक वन उपभोक्ता महासंघ सहित सरोकारवालाहरुको सहभागितामा अन्तरकृया तथा अभिमुखीकरण गोष्ठी सञ्चालन गर्नेछ । सा.ब.उ.स.सँग मिलेर खेती गर्न इच्छुक सहकारी/फर्म/समूह/कम्पनीलाइ आव्हान गर्ने सा.ब.उ.स. लाइ सब-डिभिजन वन कार्यालय वा विभिन्न सूचनाका माध्यमबाट अनुरोध गर्ने ।
  - कार्तिक महिना भित्रमा सहकारी/फर्म/समूह/कम्पनी र सा.ब.उ.स. वीच सहकार्य गर्ने गरी जडिबुटी खेती गर्न इच्छुक सहकारी/फर्म/समूह/कम्पनीहरुका लागि देहायको विवरण सहित निवेदन पेश गर्न डि.ब.का.ले १५ दिने सूचना प्रकाशन गर्नुपर्नेछ ।
  - सहकारी/फर्म/समूह/कम्पनीको दर्ताका कागजातहरु
  - सा.ब.को जडिबुटी खेती गरिने क्षेत्रको विवरण
  - सा.ब.उ.स. र जडिबुटी खेती गर्न ईच्छुक समूह/फर्म/सहकारीको कबुलियतनामा
  - सा.ब.को कार्ययोजनामा भएको व्यवस्था
  - सामुदायिक वन उपभोक्ता समूहको सहमती पत्र

<u>दोश्रो चौमासिकमा सञ्चालन गरिने कृयाकलापहरु</u>

- सेलले प्राप्त हुन आएका निवेदन अनुसारको व्यवसायिक खेती गर्ने जग्गाको अवलोकन तथा निरीक्षण गर्नेछ ।

- सेलले प्रस्तावित जग्गाको सिंचाइ/भिरालोपना/मोहडा/ प्रजाती समेतका आधारमा प्राथमिकीकरण गरी सिफारिश सहितको प्रतिवेदन डि.ब.का. मा पेश गर्नेछ । जडिबुटी खेती गर्ने जग्गाको विशेषता देहाय अनुसार भएको हुनुपर्नेछ ।

  - सा.ब. को नाङ्गो, अतिक्रमण बाट फिर्ता भएको वा अतिक्रमणको जोखिममा रहेको ।
  - १० प्रतिशत सम्म क्राउन कभर भएको फाट्टफूट्ट रुख बिरुवा भएको ।
  - सकभर रुख नभएको झाडि व्यवस्थापन गरी जडिबुटी खेती सञ्चालन गर्न सकिने

- सेलको सिफारिसका आधारमा डि.ब.का.ले सामुदायिक वनको सहमतीमा सहकारी/फर्म/समूह/कम्पनी छनौट गर्नेछ । यसरी छनौट गर्दा लागत साझेदारी खुल्ने गरी साथै डि.ब.का.ले बिरुवा रोपण क्षेत्रको संरक्षणका वापत एकमुष्टरुपमा १० हजार रुपैया उपलब्ध गराउने गरी सा.ब.उ.स.को रोहवर/साक्षी रहने गरी छनौट भएको सहकारी/फर्म/समूह/कम्पनीसँग सम्झौता गरिनेछ ।
- सा.ब.उ.स. तथा सम्बन्धित सहकारी/फर्म/समूह/कम्पनीसँग लाभांश बाँडफाँट सहितको कबुलियतनामा कानून बमोजिम आपसी समझदारीमा तय गरेको हुनुपर्नेछ । भू स्वामित्व नेपाल सरकारका नाममा रहेकोले सा.ब.उ.स.ले जग्गा भाडा दस्तुर लिन पाइने छैन ।
- सेलले छनौट भएको सा.बन क्षेत्रमा सहकारी/फर्म/समूह/कम्पनीको सहकार्य/समन्वयमा निशुल्क रुपमा जग्गाको सर्भे नक्साङ्कन, व्यावसायिक योजना, खेती क्यालेण्डर, लागत अनुमान तयार गर्नेछ ।
- डि.ब.का.ले बिरुवाको गुणस्तर निर्धारणका मापदण्ड तयार गर्नेछ । त्यसरी मापदण्ड तयार गर्दा टिमुर र लौठसल्लाको हकमा विउबाट उत्पादन भएको र कम्तीमा २ वर्ष पुरानो बिरुवा एवं मोरिङ्गा र सतुवाको हकमा कम्तीमा १ वर्ष पुरानो बिरुवा हुनुपर्नेछ ।
- संघ वा प्रदेशको सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार अनुसार खरिदको प्रकृया पुरा गरी बिरुवा खरिद गरिनेछ । यसरी खरिद गर्दा प्रतिस्थापन रोपण(Causality Replacement) प्रयोजनका लागि थप दश प्रतिशत बिरुवा समेत खरिद गर्न सकिनेछ । प्रतिस्थापन रोपण(Causality Replacement) गर्ने बिरुवा डि.ब.का.को नर्सरीमा स्टक राखी आवश्यकता अनुसार पुनःरोपण गरिनेछ ।
- बिरुवा खरिद सम्बन्धित जिल्लाको दररेट अनुसार हुनेछ। जिल्ला दर रेटमा नखुलेको प्रजाति र साइज/उमेरको बिरुवाको हकमा संघ वा प्रदेशको सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कोटेशन माग गरी प्राप्त दररेट अनुसार खरिद गर्न सकिनेछ ।

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## तेश्रो चौमासिकमा गरिने कृयाकलापहरु

- सेलले चैत्र महिनामा वृक्षारोपणको संरक्षण तथा खेती प्रविधिका विषयमा अभिमुखीकरण तालिम/गोष्ठी गर्नेछ ।
- सेलको प्राविधिक सहयोग/सहजीकरणमा वैशाख महिना सम्ममा व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीले जग्गाको तयारी झाडी सफाइ, कम्पोष्ट मल, जग्गा सम्याउने, खनजोत, खाडल वा तारबार लगाउने, ड्याङ्ग बनाउने, सिंचाइ व्यवस्था मिलाउने लगायतका कामहरु गर्नुपर्नेछ ।
- जेष्ठ/आषाढ महिना सम्ममा डि.ब.का.ले बिरुवा उपलब्ध गराइ सेलको प्राविधिक सहयोग/सहजीकरणमा वृक्षारोपण कार्य सम्पन्न गरिनेछ ।

## विविध

- डि.ब.का.ले वृक्षारोपणको प्रमाणपत्र उपलब्ध गराउने । वृक्षारोपण अभिलेखीकरण डिभिजन वन कार्यालयमा राखी खेती गरिएको स्थानीय तहलाई जानकारी गराइनेछ ।
- खेतीको मूल्याङ्कनको स्थलगत अध्ययन गरी योजनाको अधिकृतले अन्तिम प्रतिवेदन डि.ब.का. मा पेश गर्ने । यसरी प्राप्त प्रतिवेदन मन्त्रालय र निर्देशनालयमा पेश गर्नुपर्नेछ ।
- यो कार्यक्रममा खटिने सब-डिभिजन वन कार्यालयका कर्मचारीहरुलाइ नियमानुसार भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ ।
- पत्रकार, सरोकारवाला, वडाका जनप्रतिनिधिको रोहवरमा खर्चको सवजनिक सुनुवाइ गरी भुक्तानीका बखत सो सुनुवाइको प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- लागत अनुमान/खर्च/लागत साझेदारी/बिरुवा संख्या/रोपण क्षेत्रफल/जात खुल्ने गरी होडिङ्गबोर्ड राख्नुपर्नेछ ।
- वन निर्देशनलाय र डि.ब.का.ले अनुगमन गर्न सक्नेछन ।
- यो कार्यक्रम एकै स्थानमा १०० रोपनी क्षेत्रफल भन्दा कम हुने गरी टुक्रा गरी सञ्चालन गर्न पाइने छैन र निजी जग्गाको सतुवाको हकमा एकै स्थानमा ४० रोपनी क्षेत्रफल भन्दा कम हुने गरी टुक्रा गरी सञ्चालन गर्न पाइने छैन ।

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल

## १६६. समुह, नीजी क्षेत्र तथा सरकारको सहकार्यमा जडिबुटी विकास फार्म संचालन गरी जडीवुटी खेती (दोलाखा, रामेछाप,सिन्धुपाल्चोक क्लष्टर-नुवाकोट, धादिङ्ग क्लष्टर ) ११.४.१७.२५२

बागमती प्रदेशमा वनको उपजको उत्पादन वृद्धि गर्न, व्यावसायिक उत्पादन गरी वन उद्यमको विकास तथा रोजगारी श्रृजना गर्नका लागि जडिबुटी फार्म सञ्चालन कार्यक्रम ल्याइएको हो । यो कार्यक्रममा ध्यान दिने मुख्य विषयहरु उपयुक्त तोकेको क्षेत्रफल जग्गाको उपलब्धता/पहिचान, समूह/किसानको पहिचान हो ।जग्गा एकै स्थानमा उपलब्ध हुन नसकेमा नीजी जग्गा एकिकृत गरी फार्म सञ्चालन गर्न सकिनेछ । यो कार्यक्रममा जडिबुटी फार्म सञ्चालन कार्य निजी वा समुदाय वा सहकारी वा सामुदायिक वन उपभोक्ता समूहले छनौट गरेका निश्चित घरधुरीसँग सरकारको तर्फबाट डिभिजन वन कार्यालयले निजी किसान/समूह/समुदाय/सहकारी/कम्पनीसँग सहकार्य गरी एकल वा साझेदारी वा संयुक्तरुपमा सञ्चालन गर्न सकिने गरी तय गरेको कार्यक्रम हो ।

**कार्यक्रम कार्यान्वयन तथा सञ्चालन विधि : प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक ऐन तथा नियमावलीको परिधिभित्र रही देहायको प्रकृया अनुसार कार्यसञ्चालन गर्नुपर्नेछ ।**

१. जडिबुटी फार्मका विशेषता देहाय अनुसार हुनुपर्नेछ ।

- जग्गाको क्षेत्रफल : २०० रोपनी भन्दा बढी भएको ।
- व्यावसायिक जडिबुटी खेती तथा बिरुवा उत्पादन नर्सरी सञ्चालन भएको हुनुपर्ने।
- जग्गाको किसिम वा प्रकृतिः एकै स्थान वा कम्तिमा ३०० मि.को दुरीमा १०० रोपनी सम्मको तिन वटा प्लट ।
- एक वा एक भन्दा बढी व्यक्ति/समूह/सहकारी/समुदायको संलग्नता रहेको
- ३ वटा भन्दा वढी प्रजाती खेती गर्न नपाइने । तर Vertical storey वा तले व्यवस्थापन गर्ने भएमा ३ प्रजाती भन्दा धेरै खेती सञ्चालन गर्न सकिने ।

<u>जडिबुटी फार्ममा गरिने मुख्य मुख्य कृयाकलापहरु</u>

- जग्गा पहिचान, फर्म दर्ता, सञ्चालन समिति गठन, व्यवस्थापक छनौट, खेती गर्ने प्रजातिको छनौट, नर्सरी तथा बिरुवा उत्पादन Fencing, जग्गा तयारी, बिरुवा खरिद तथा रोपण, नाइके/हेरालु तथा ज्यामीको व्यवस्था, खेती प्रविधि तथा प्रविधि हस्तान्तरण ।

<u>पहिलो चौमासिमा सञ्चालन गरिने कृयाकलापहरु</u>

- देहाय अनुसारको जडिबुटी तथा गैरकाष्ठ वन पैदावार सेल NTFPs सेल गठन गरिनेछ ।
- डि.ब.अ. ले तोकेको वन अधिकृत (उपलब्ध भए सम्म स्नातक गरेको)- संयोजक
- खेती हुने सब डिभिजनको अधिकृत/रेञ्जर- सदस्य
- (जग्गा छनौट नहुदा सम्म DFO ले अधिकृत/रेञ्जर प्रतिनिधि तोक्न सक्ने )
- डि.ब.का.ले करारमा नियुक्त गरेको वन प्राविधिक - सदस्य

(करार नियुक्त नभएकोमा डि.ब.अ. ले तोकेको प्राविधिक कर्मचारी रहनेछ)

- जडिबुटी तथा गैरकाष्ठ वन पैदावार सेलले सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्य, जि.स.स., स्थानिय तहका पदाधिकारीहरु सहित सरोकारवालाहरुको सहभागितामा अन्तरकृया तथा अभिमुखीकरण गोष्ठी सञ्चालन गर्नेछ।
- कार्तिक महिना भित्रमा व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनी इच्छुकलाइ देहायको विवरण सहित जडिबुटी फार्म सञ्चालन गरी खेती गर्न १५ दिने सूचना प्रकाशन गरिनेछ ।

<u>निजी जग्गा एकिकृत गरी जडिबुटी फार्म सञ्चालन गर्ने भएमा</u>

- व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीको दर्ताका कागजातहरु- व्यक्ति/समूहको हकमा नीजहरुको नागरिकता ।( निवेदन पेश गर्दाका बखत फर्म दर्ता नभए पनि हुने र पछि पनि दर्ता गर्नुपर्ने)
- जग्गाको विवरण लालपुर्जा र तिरो तिरेको रसिद
- निवेदन

<u>सामुदायिक वन क्षेत्रमा जडिबुटी फार्म सञ्चालन गर्ने भएमा</u>

- सा.ब.को जडिबुटी खेती गरिने क्षेत्रको विवरण
- सा.व.उ.स. र जडिबुटी खेती गर्न ईच्छुक समूह/फर्म/सहकारीको कबुलियतनामा
- सा.ब.को कार्ययोजनामा भएको व्यवस्था
- सामुदायिक वन उपभोक्ता समूहको सहमती पत्र
- संलग्न रहने घरधुरीको विवरण तथा नागरिकता
- निवेदन

<u>दोश्रो चौमासिकमा सञ्चालन गरिने कृयाकलापहरु</u>

- सेलले प्राप्त हुन आएका निवेदन अनुसारको जडिबुटी फार्म सञ्चालन गरी खेती गर्ने जग्गाको अवलोकन तथा निरीक्षण गर्नेछ ।
- सेलले प्रस्तावित जग्गाको सिंचाइ/भिरालोपना/मोहडा/ प्रजाती समेतका आधारमा प्राथामिकीकरण गरी सिफारिश सहितको प्रतिवेदन डि.ब.का. मा पेश गर्नेछ ।
- सेलको सिफारिशका आधारमा डि.ब.का.ले व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनी छनौट गर्नेछ । यसरी छनौट गर्दा लागत साझेदारी खुल्ने गरी साथै डि.ब.का.ले बिरुवा रोपण क्षेत्रको संरक्षणका वापत एकमुष्टरुपमा १० हजार रुपैया उपलब्ध गराउने गरी छनौट भएको व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीसँग सम्झौता गरिनेछ । यदि फर्म दर्ता नभएको रहेछ भने निजी वा समुदाय वा सहकारी वा सामुदायिक वन उपभोक्ता समूहले छनौट गरेका निश्चित घरधुरीको संलग्नता रहने गरी एउटा फर्म/उद्योग दर्ता गर्नुपर्नेछ । दर्ताका लागि डि.ब.का. तथा घरेलु तथा साना उद्योग कार्यालयले आवश्यक सहजीकरण गर्नुपर्नेछ ।

प्रदेश सचिव

- सेलले छनौट भएको जग्गामा व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीको सहकार्य/समन्वयमा निशुल्क रुपमा जग्गाको सर्भे नक्साङ्कन, व्यावसायिक योजना, खेती क्यालेण्डर, लागत अनुमान तयार गर्नेछ ।
- डि.ब.का.ले बिरुवाको गुणस्तर निर्धारणका मापदण्ड तयार गर्नेछ । त्यसरी मापदण्ड तयार गर्दा टिमुर र लौठसल्लाको हकमा विउबाट उत्पादन भएको र कम्तीमा २ वर्ष पुरानो बिरुवा एवं मोरिङ्गा र सतुवाको हकमा कम्तीमा १ वर्ष पुरानो बिरुवा हुनुपर्नेछ ।
- संघ वा प्रदेशको सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिदको प्रकृया पुरा गरी बिरुवा खरिद गरिनेछ । यसरी खरिद गर्दा प्रतिस्थापन रोपण (Causality Replacement) प्रयोजनका लागि थप दश प्रतिशत बिरुवा समेत खरिद गर्न सकिनेछ । प्रतिस्थापन रोपण (Causality Replacement) गर्ने बिरुवा डि.ब.का.को नर्सरीमा स्टक राखी आवश्यकता अनुसार पुनःरोपण गरिनेछ ।
- बिरुवा खरिद सम्बन्धित जिल्लाको दररेट अनुसार हुनेछ। जिल्ला दर रेटमा नखुलेको प्रजाति र साइज/उमेरको बिरुवाको हकमा संघ वा प्रदेशको सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कोटेशन माग गरी प्राप्त दररेट अनुसार खरिद गर्न सकिनेछ ।

**<u>तेश्रो चौमासिकमा गरिने कृयाकलापहरु</u>**

- सेलले चैत्र महिनामा वृक्षारोपणको संरक्षण तथा खेती प्रविधिका विषयमा अभिमुखीकरण तालिम/गोष्ठी गर्नेछ।
- सेलको प्राविधिक सहयोग/सहजीकरणमा वैशाख महिना सम्ममा व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीले जग्गाको तयारी झाडी सफाइ, कम्पोष्ट मल, जग्गा सम्याउने, खनजोत, खाडल वा तारबार लगाउने, ड्याङ्ग बनाउने, सिंचाइ व्यवस्था मिलाउने लगायतका कामहरु गर्नुपर्नेछ ।
- जेष्ठ/आषाढ महिना सम्ममा डि.व.का.ले बिरुवा उपलब्ध गराइ सेलको प्राविधिक सहयोग/सहजीकरणमा वृक्षारोपण कार्य सम्पन्न गरिनेछ ।

**<u>विविध</u>**

- डि.ब.का.ले वृक्षारोपणको प्रमाणपत्र उपलब्ध गराउने । GPS location सहित को विवरण भएको वृक्षारोपण अभिलेखीकरण डिभिजन वन कार्यालयमा राखी खेती गरिएको स्थानीय तहलाई जानकारी गराइनेछ ।
- खेतीको मूल्याङ्कनको स्थलगत अध्ययन गरी योजनाको अधिकृतले अन्तिम प्रतिवेदन डि.ब.का. मा पेश गर्ने। यसरी प्राप्त प्रतिवेदन मन्त्रालय र निर्देशनालयमा पेश गर्नुपर्नेछ ।
- यो कार्यक्रममा खटिने सब-डिभिजन वन कार्यालयका कर्मचारीहरुलाइ नियमानुसार भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ ।

प्रदेश सचिव

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश ... नेपाल

- पत्रकार, सरोकारवाला, वडाका जनप्रतिनिधिको रोहवरमा खर्चको सवजनिक सुनुवाइ गरी भुक्तानीका बखत सो सुनुवाइको प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- नाफा तथा घाटाको वितरण फर्मको प्रवन्धपत्र वा नियमावली वा सम्झौतापत्रमा उल्लेख भए बमोजिम हुनेछ।
- लागत अनुमान/खर्च/लागत साझेदारी/बिरुवा संख्या/रोपण क्षेत्रफल/जात खुल्ने गरी होडिङ्गबोर्ड राख्नुपर्नेछ।
- वन निर्देशनलाय र डि.ब.का.ले अनुगमन गर्न सक्नेछन ।
- यो कार्यक्रम एकै स्थानमा तोकिएको क्षेत्रफल भन्दा कम हुने गरी टुक्रा गरी सञ्चालन गर्न पाइने छैन ।

### १६७. प्राकृतिकरुपमा पाइने चिउरी को संरक्षण तथा प्राकृतिक पुनरुत्पादन व्यवस्थापन ११.४.१७.५६१

यस कार्यक्रम संचलान गर्दा चिउरी पाईने क्षेत्रको श्रोत सर्वेक्षण र नक्सांकन गरी पकेट क्षेत्रको निर्धारण गरी सो क्षेत्रमा रहेका स्वस्थ्य चिउरीको रुख तथा पुनरुत्पादनको संरक्षण तथा व्यवस्थापन कृयाकलाप गर्न यो शिर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ । यो कार्यक्रम कार्यान्वयन गर्दा प्राकृतिक रुपमा रहेका चिउरीका रुखहरु सम्बन्धित समुदायिक वन तथा कबुलियती वन संग समन्वय तथा सहकार्यमा पकेट क्षेत्रमा बसोबास गर्ने सिमान्तकृत वर्गका चेपाङ्ग समुहसंग कबुलियतनामा गरी संरक्षण र व्यवस्थापनका लागि जिम्मेवारी प्रदान गर्नु पर्नेछ ।

### १६८. वनक्षेत्रभित्रको खहरे खोल्सामा बाँस राइजोम वृक्षारोपण (खरिद तथा रोपण, एउटा खहरेमा कम्तीमा २०० विरुवा) ११.४.१७.२४६

बागमती प्रदेशमा चुरे, महाभारत तथा हिमाली क्षेत्र पर्दछ पर्ने भएकाले खोला नाला तथा खहरेको संख्या अधिक छ । बायोइन्जीनियरीङ्गका हिसाबले बाँस महत्वपुर्ण प्रजाती हो । अझ सदुपयोगका हिसाबले गरीबको काठ भनेर चिनिने बाँसको व्यावसायिक खेती गर्ने र पकेट क्षेत्र बनाउने कार्यक्रम हो । यो प्रदेशमा बाँस प्राय सबै जिल्लामा पाइन्छ । मूलत: सिन्धुली, मकवानपुर, धादिङ्ग नुवाकोट बाँस धेरै पाउने जिल्ला हुन । अझ बसाइसराइ तथा रोजगारका लागि विदेश जाने कारण निजी जग्गा गाँउघरमा बाँझो/पर्ती/छाडिएको जग्गाको रुपमा विकास भएका छन । ती जग्गालाइ एकिकृत गरी बाँसको खेती गरेमा स्थायी पूँजी निर्माण गर्न सकिने र वातावरण सन्तुलनमा समेत दिगो टेवा पुग्ने देखिन्छ । साथै मानव वन्यजन्तुद्वन्द न्यूनीकरणमा समेत यो कार्यक्रमले टेवा पुग्ने देखिन्छ । अत: बाँझो/पर्ती/छाडिएको जग्गा र नीजी जग्गालाई एकिकृत गरी वन विकास गर्नका लागि यो कार्यक्रम अगाडी ल्याइएको छ । यो कार्यविधि अन्तरगत देहायका कार्यक्रम सम्पादन गरिनेछ ।

- वनक्षेत्रभित्रको खहरे खोल्सामा बाँस राइजोम वृक्षारोपण (खरिद तथा रोपण, एउटा खहरेमा कम्तीमा २०० बिरुवा) ११.४.१७.२४६

प्रदेश सचिव

- बाँसको पकेट क्षेत्रमा हेरालु ।
- वृक्षारोपण गरी बाँसको पकेट क्षेत्र स्थापना कम्तीमा २००० बिरुवा एकै स्थानमा ११.४.१७.५४५

कार्यक्रम कार्यान्वयन कार्यविधि

पहिलो चौमासिकमा सञ्चालन गरिने कृयाकलापहरु

जडिबुटी खेती सञ्चालन कार्यक्रममा मा व्यवस्था भए अनुसारको सेललाई नै बाँस वृक्षारोपण सहजीकरण सेल मानेर यो कार्यक्रम सञ्चालनका लागि प्रयोग गरिनेछ ।

१. डि.ब.अ. ले तोकेको वन अधिकृत(उपलब्ध भए सम्म स्नातक गरेको)- संयोजक

२. खेती हुने सब डिभिजनको अधिकृत/रेञ्जर- सदस्य (जग्गा छनौट नहुदा सम्म DFO ले अधिकृत/रेञ्जर प्रतिनिधि तोक्न सक्ने )

३. डि.ब.का.ले करारमा नियुक्त गरेको वन प्राविधिक (वन विज्ञान विषयमा स्नातक तह उतीर्ण गरेको डि.ब.का.ले करार/सेवा परामर्शमा राखिएको पाँचौस्तरको कर्मचारी)- सदस्य

(करार नियुक्त नभएकोमा डि.ब.अ. ले तोकेको प्राविधिक कर्मचारी)

बाँस वृक्षारोपण सहजीकरण सेलले सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्य, जि.स.स., स्थानिय तहका पदाधिकारीहरु सहित सरोकारवालाहरुको सहभागितामा अन्तरकृया तथा अभिमुखीकरण गोष्ठी सञ्चालन गर्नेछ ।

कार्तिक महिना भित्रमा व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनी इच्छुकलाइ देहायको विवरण सहित कार्यक्रममा तोकेको जातको खेती गर्न निवेदन आव्हानको १५ दिने सूचना प्रकाशन गरिनेछ ।

- व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीको दर्ताका कागजातहरु- व्यक्तिको हकमा नागरिकता ।
- जग्गाको विवरण लालपुर्जा र तिरो तिरेको रसिद
- निवेदन

दोश्रो चौमासिकमा सञ्चालन गरिने कृयाकलापहरु

- सेलले प्राप्त हुन आएका निवेदन अनुसारको व्यवसायिक खेती गर्ने जग्गाको अवलोकन तथा निरीक्षण गर्नेछ ।
- सेलले प्रस्तावित जग्गाको सिंचाइ/भिरालोपना/मोहडा/ प्रजाती समेतका आधारमा प्राथमिकीकरण गरी सिफारिश सहितको प्रतिवेदन डि.ब.का. मा पेश गर्नेछ ।
- सेलको सिफारिशका आधारमा डि.ब.का.ले व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनी छनौट गर्नेछ ।यसरी छनौट गर्दा लागत साझेदारी खुल्ने गरी साथै डि.ब.का.ले बिरुवा रोपण क्षेत्रको संरक्षणका वापत एकमुष्टरुपमा १० हजार रुपैया उपलब्ध गराउने गरी छनौट भएको व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीसँग सम्झौता गरिनेछ ।

- सेलले छनौट भएको जग्गामा व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीको सहकार्य/समन्वयमा निशुल्क रुपमा जग्गाको सर्भे नक्साङ्कन, व्यावसायिक योजना, खेती क्यालेण्डर, लागत अनुमान तयार गर्नेछ ।
- बिरुवाको व्यवस्थापनका लागि व्यावसायिक वृक्षारोपण सहजीकरण सेलले कम्तीमा ३ वर्ष पुरानो बिरुवा वा ठूलो गाँज भएको राइजोम उपलब्ध गराउने गरी अन्य गुणस्तर निर्धारणका मापदण्ड तयार गर्ने ।
- सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावलि,२०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली,२०७६ अनुसार खरिदको प्रकृया पुरा गरी बिरुवा खरिद गरिनेछ । यसरी खरिद गर्दा प्रतिस्थापन रोपण(Causality Replacement) प्रयोजनका लागि थप दश प्रतिशत बिरुवा समेत खरिद गर्न सकिनेछ । प्रतिस्थापन रोपण(Causality Replacement) गर्ने बिरुवा डि.ब.का.को नर्सरीमा स्टक राखी आवश्यकता अनुसार पुन:रोपण गरिनेछ ।
- बिरुवा खरिद सम्बन्धित जिल्लाको दररेट अनुसार हुनेछ। जिल्ला दर रेटमा नखुलेको प्रजाति र साइज/उमेरको बिरुवाको हकमा सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ र प्रदेश सार्वजनिक खरिद नियमावली,२०७६अनुसार कोटेशन माग गरी प्राप्त दररेट अनुसार खरिद गर्न सकिनेछ ।

तेश्रो चौमासिकमा गरिने कृयाकलापहरु

- सेलले चैत्र महिनामा वृक्षारोपणको संरक्षण तथा खेती प्रविधिका विषयमा अभिमुखीकरण तालिम/गोष्ठी गर्नेछ ।
- सेलको प्राविधिक सहयोग/सहजीकरणमा वैशाख महिना सम्ममा व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीले जग्गाको तयारी झाडी सफाइ, कम्पोष्ट मल, जग्गा सम्याउने, खनजोत, खाडल वा तारबार लगाउने, डयाङ्ग बनाउने, सिंचाइ व्यवस्था मिलाउने लगायतका कामहरु गर्नुपर्नेछ ।
- जेष्ठ/आषाढ महिना सम्ममा डि.ब.का.ले बिरुवा उपलब्ध गराइ सेलको प्राविधिक सहयोग/सहजीकरणमा वृक्षारोपण कार्य सम्पन्न गरिनेछ ।

विविध

- डि.ब.का.ले वृक्षारोपणको प्रमाणपत्र उपलब्ध गराउने । वृक्षारोपण अभिलेखीकरण डिभिजन वन कार्यालयमा राखी खेती गरिएको स्थानीय तहलाई जानकारी गराइनेछ ।
- खेतीको मूल्याङ्कनको स्थलगत अध्ययन गरी योजनाको अधिकृतले अन्तिम प्रतिवेदन डि.ब.का. मा पेश गर्ने । यसरी प्राप्त प्रतिवेदन मन्त्रालय र निर्देशनालयमा पेश गर्नुपर्नेछ ।
- यो कार्यक्रममा खटिने सब-डिभिजन वन कार्यालयका कर्मचारीहरुलाइ नियमानुसार भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ ।

प्रदेश सचिव

मन्त्रालय

- पत्रकार, सरोकारवाला, वडाका जनप्रतिनिधिको रोहवरमा खर्चको सवजनिक सुनुवाइ गरी भुक्तानीका बखत सो सुनुवाइको प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- लागत अनुमान/खर्च/लागत साझेदारी/बिरुवा संख्या/रोपण क्षेत्रफल/जात खुल्ने गरी होडिङ्गबोर्ड राख्नुपर्नेछ ।
- वन निर्देशनलाय र डि.ब.का.ले अनुगमन गर्न सक्नेछन ।

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल